
# हाम्रो जलजला

## स्थानीय पाठ्यक्रम २०८१

## (कक्षा १-८)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## जलजला गाउँपालिका , पर्वत

## गण्डकी प्रदेश, नेपाल

प्रकाशक : जलजला गाउँपालिका
शिक्षा यूवा तथा खेलकुद शाखा
स्थानीय पाठ्यक्रम निर्माण समिति
पर्वत
(जलजला गाउँपालिका, गाउँकार्यपालिका को मिति २०८१/११/०६ को निर्णय अनुसार स्वीकृत)
प्रथम परिमार्जन संस्करण : वि.स. २०८१

## स्थानीय पाठ्यक्रम परिमार्जन तथा पाठ्यपुस्तक लेखन निर्देशन समिति

श्री राजु प्रसाद आचार्य (गाउँपालिका अध्यक्ष) -अध्यक्ष
श्री दिपक प्रसाद आचार्य(गाउँपालिका उपाध्यक्ष) -सदस्य
श्री प्रदिप पौडेल (प्रमुख प्रशासकीय अधिकृत) -सदस्य
श्री एकिन्द्र खत्री ( सामाजिक विकास समिति संयोजक) -सदस्य
श्री थल बहादुर घर्ति क्षेत्री ( स्थानीय वुद्दिजिबी) -सदस्य
श्री हरी नारायण रेग्मी ( नेपाल शिक्षक संघ जलजला अध्यक्ष) -सदस्य
श्री नारायण मल्ल ( नेपाल राष्ट्रिय शिक्षक संगठन अध्यक्ष) -सदस्य
श्री नारायणदत्त रेग्मी (एकिकृत अखिल नेपाल शिक्षक संगठन अध्यक्ष) -सदस्य
श्री यज्ञ प्रसाद लामिछाने (शिक्ष अधिकृत) -सदस्य सचिव

## स्थानीय पाठ्यक्रम परिमार्जन तथा पाठ्यपुस्तक लेखन कार्यदल

श्री यज्ञ प्रसाद लामिछाने (शिक्ष अधिकृत) -संयोजक
श्री रधुनाथ आचार्य -सदस्य
श्री कृष्ण प्रसाद रेग्मी -सदस्य
श्री हिरा बहादुर वरुवाल -सदस्य
श्री देवेन्द्र प्रसाद आचार्य -सदस्य
श्री मेख बहादुर भण्डारी -सदस्य
श्री लेठ बहादुर जि सी -सदस्य
श्री भवानी शंकर पौडेल -सदस्य
श्री आकृती सुवेदी -सदस्य
श्री रधुनाथ सुवेदी -सदस्य
श्री अमृत सापकोटा -सदस्य
श्री डम्बर घर्ति क्षेत्री -सदस्य
श्री यमुना शर्मा -सदस्य
श्री टम बहादुर पुर्जा -सदस्य
श्री मेख बहादुर खत्री -सदस्य
श्री चन्द्र कुमारी गुरुङ -सदस्य
श्री बाल कृष्ण ज्ञावली -सदस्य
श्री एक बहादुर फकामी-सदस्य
श्री देवी रिजाल सदस्य -सचिव

# प्राक्कथन

विद्यालय तहको शिक्षालाई गुणस्तरीय, समय सान्दर्भिक तथा आवश्यकतामा आधारित वनाउने प्रयास निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षाले व्यक्तिगत र सामाजिक जीवनमा रुपान्तरण गर्ने र राष्ट्रिय विकासको आधार तय गर्ने लक्ष्य राखेको हुन्छ । यसै लक्ष्यलाई पूरा गर्न राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले व्यवस्था गरेअनुरुप स्थानीय पाठ्यक्रम निर्माण र विकासको प्रयास स्वरुप जलजला गाउँपालिकाद्धारा यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । आधारभूत तहको शिक्षालाई वढी उदेश्यमूलक, संस्कारयुक्त, सभ्य, शिपयुक्त, समसामयिक एवं सान्दर्भिक वनाउने साथै पहिलो प्रायासमा नसमेटिएका विषयवस्तु लाई समेट्ने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य गरिएको हो । शिक्षा व्यवसायिकताको मर्म र समाज रुपान्तरणको महत्वपूर्ण आधार हो भन्ने सत्तसंकल्पका साथ अपनत्व सहितको हाम्रो जलजला नामक (स्थानीय पाठ्यक्रम २०७९) पहिलो परिमार्जन स्थानीय पाठ्यक्रम (२०८१) को मुखपत्रमा सम्पूर्ण शिक्षा सम्वद्ध महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौ । जलजला वासी शिक्षाप्रेमी व्यक्तिहरुले दिएको जिम्मेवारीलाई आत्मसात गरि शिक्षाको माध्यमवाट वालवालिकाहरुको व्यवहार परिर्वतन गर्न र अनुशासित देशभक्त नागरिक उत्पादनलाई आधारशिला मानि स्थानीय परिवेश, आवश्यकता र मागको आधारमा स्थानीय पाठ्यकम २०८१ मा १३ ओटा क्षेत्रहरु समावेश गरि तयार पारिएको दस्तावेज हो । जसमा निम्नानुसारका विषयवस्तु समेटिएको छ ।

१) जलजला गाउँपालिकाको परिचय

२) स्थानीय पर्यटन : धार्मिक तथा ऐतिहासिक स्थलहरु

३) स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम

४) स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण

५) स्थानीय जातजाती कला, संस्कृति , मेला र चाडपर्व

६) खानपान, रहनसहन, सकारात्मक व्यवहार र सरसफाई

७) स्थानीय सेवामूलक संघ संस्था तथा विशिष्ट व्यक्तित्वहरु

८) दुर्घटना, प्राकृतिक प्रकोप र विपत्

९) प्राकृतिक चिकित्सा र योग

१०) सूचना तथा प्रविधि

११) सामान्य ज्ञान

१२) जीवनोपयोगी सिप

१३) धार्मिक तथा नैतिक मूल्य मान्यता

विषय क्षेत्रका क्रम अनुसारका उपलव्धी साथै सक्षमताहरु राखिएको छ । स्थानीय पाठ्यक्रम निर्माणमा सम्वन्धित व्यक्तिहरुको राय सुझाव अन्य स्रोत सामग्रीहरुको अध्ययन, भ्रमण तथा पाठ्क्रम निर्माणमा संलग्न व्यक्तिहरुको घनिभूत छलफल, अध्ययन र विचारविमर्शवाट यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रम निर्माण समितिले यसको अन्तिम रुप दिइएको छ । संम्वन्धित शिक्षकले पाठ्यक्रमको आधारमा खोज, सोध, गहन अध्ययन र स्वसंकलित स्रोत सामग्री संकलन तथा विद्यार्थीहरुलाई उपलव्ध गराई शिक्षण सहजीकरणको अपेक्षा गरिएको छ । यस पाठ्यक्रम निर्माणमा समृद्ध जलजलाको सपना देख्नुहुने गाउँपालिकाका अध्यक्ष श्री राजुप्रसाद आचार्यप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छौँ । उहाँको दृढ इच्छा शक्ति स्थानीय पाठ्यक्रम निर्माणको पहल हो । यसै क्रममा जलजला गाउँकार्यपालिका तथा गाउँ शिक्षा समिति प्रति विशेष अनुग्राही छौ । हाम्रो जलजला नामक स्थानीय पाठ्यक्रम २०८१ निर्माणमा प्रत्यक्ष परोक्ष सहयोग गर्ने सम्पूणलाई धन्यवाद दिन चाहन्छौँ । स्थानिय पाठ्यक्रम सुधारमा रचनात्मक सुझावको सदैव अपेक्षा गर्दछौँ ।

स्थानीय पाठ्यक्रम (परिमार्जन) निर्माण समिति
जलजला गाउँपालिका
पर्वत

## शुभकामना

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त देश हो । विश्वका विभिन्न देश र स्थान विशेषका यस्ता विविधताहरु स्थानीय ज्ञान, सीप, भाषा, परम्परा र संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध हुन्छन् । यी ज्ञान, सीप, परम्परा र संस्कृति एक दिनमा प्राप्त भएका अवश्य होइनन् । मानव सभ्यताको विकासका क्रममा हाँसिल गरेका ज्ञान र सीप कुनै एक देश विशेषका मात्र नभई सम्पूर्ण मानव जातिकै सम्पत्ति मानिन्छन । तर पश्चिमा मुलुकहरुबाट ल्याटिन अमेरिका, एशिया र अफ्रिकी देशहरुलाई उपनिवेश बनाउने क्रम थालिएसँगै स्थानीय ज्ञान, सीप र संस्कृति मास्ने काम पनि शुरु भयो । भुमण्डलीकरणको प्रभाव आधुनिकीकरण र शहरीकरणले स्थानीय ज्ञान र सीप थप ओझेलमा पर्न गयो । तर आज विश्वका विभिन्न विद्धत वर्गले यस्ता स्थानीय ज्ञान र सीपको बारेमा खोज अनुसन्धान गरी यसको संरक्षण र प्रवर्धनको बारेमा वहस चलाउन थालेका छन । आज यस्ता स्थानीय ज्ञान, सीप, परम्परा र संस्कृतिलाई कुनै देश विशेषको भन्दा पनि विश्व सम्पदाको रुपमा अंगिकार र संरक्षण गर्न थालिएको छ । विशेष गरी नयाँ पुस्तालाई स्थानीय ज्ञान र सीप हस्तान्तरण गर्न स्थानीय प्रदेश र संघ तिनै तहका राज्यको समेत दायित्व हुन आएको छ । यसै पृष्टभूमिमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार तयार भएको देखिन्छ । शैक्षिक विकेन्द्रिकरणको अवधारणा अनुरुप केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले ज्ञान सीप विशेषता र आवश्यकतालाई समेत प्रतिनिधित्व र सम्बोधन गर्न नसकेकाले स्थानीय पाठ्यक्रम निर्माण गर्ने व्यवस्था गरेको छ । यसले समाजको समुचित र संतुलित विकासको लागि स्थानीय आवश्यकता र रुचिको उचित सम्बोधन गर्न सक्छ । स्थानीय आवश्यकता र चाहानालाई समेटेर स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । यस पाठ्यक्रमले स्थानीय मुद्दा र चुनौतीलाई समाधान गर्ने उद्देश्यका साथ स्थानीय सरोकारवालाहरु बुद्धिजीवी, शिक्षक, शिक्षाविद्, समाजसेवी, अभिभावक आदिको प्रत्यक्ष सम्लग्नतामा निर्माण गरी लागु गरिन्छ । स्थानीय निकाय संचालन ऐन २०७४ ले माध्यमिक शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिए अनुसार जलजला गाउँपालिकाको आवश्यकतालाई ध्यानमा राखेर स्थानीय पाठ्यक्रमको निर्माण गरि हाल परिमार्जनका लागि जलजला गाउँपालिकाले विषयविज्ञ **कृष्ण प्रसाद रग्मी**को **संयोजकत्वमा मेख वहादुर भण्डारी, हिरा वहादुर बरुवाल, रघुनाथ सुबेदी, आकृति सुवेदी रेग्मी, अमृत प्रसाद सापकोटा र लेठ वहादुर जि.सी.**सम्मिलित कार्यदल गठन गरी कक्षा १-८ को लागि स्थानीय पाठ्यक्रम परिमार्जन गरि बुझाउने जिम्मेवारी सुम्पियो । कार्यदलले आफ्नो जिम्मेवारीलाई सजग र सचेत भई काम अगाडि बढाइयो । कार्यदलको चरणबद्ध र घनिभुत छलफल अनुसार पाठ्यक्रमका मस्यौदा तयार पारी पेश गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयन पक्ष अझ महत्वपूर्ण रहेको छ । यसका लागि सबै पक्षको सामूहिक प्रयास र प्रतिबद्धताको जति आवश्यक हुन्छ त्यतिनै अपनत्वको ग्रहण पनि उत्तिकै खाँचो छ । अर्को संस्करणका लागि सम्पूर्ण सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ । कार्यदलले जलजला गाउँपालिकाको परिचय, पर्यटन, स्थानीय, धार्मिक तथा ऐतिहासिक स्थालहरु, स्थानीय पेशा व्यवसाय प्राकृतिक श्रोत र वातावारण संरक्षण, कला, संस्कृति, मेला र चार्डपर्व, खानपान, रहनसहन सकारात्मक व्यवहार सरसफाई, स्थानीय सेवा मूलक संघ संस्था तथा समाजसेवी व्यक्तिहरु, दुर्घटना प्राकृति प्रकोप र विपत, प्राकृतिक चिकिस्सा र योग, सूचना तथा प्राविधि, सामान्य ज्ञान, जीवनोपयोगी सिप धार्मिक तथा नैतिक मूल्य र मान्यता गरी १३ वटा तहगत सक्षमता विषयमा केन्द्रित

भई तयार गरेको पाठ्यक्रम अत्यन्त उपयोगी हुने हाम्रो विश्वास छ । सो स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८२ देखि जलजला गाउँपालिका भित्रका  सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागु गरिनेछ । जलजलालाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले गाउँपालिकाले शैक्षिक क्षेत्रमा विभिन्न गतिविधिहरु गर्दै आएको छ । तत्काल पाठ्यपुस्तक बनाई वितरण गर्ने कार्य अगाडी वढीरहेको छ । पाठ्यक्रमको पहिलो निर्माणमा समयानुकुल परिमार्जन गरि निकालिएको छ । यसमा भएका कमी कमजोरीहरुलाई सच्चाएर आगामी दिनहरुमा अगाडि बढने विश्वास दिलाउन चाहान्छौ  धन्यवाद ।

राजु प्रसाद आचार्य

अध्यक्ष

जलजला गाउँपालिका

# १. परिचय

नेपालमा परम्परागत शिक्षा प्रणालीको पुरानो इतिहास छ । आधुनिक शिक्षाको शुरुवात भने राणा प्रधानमन्त्री जंगबहादुर राणाको बेलायत यात्रा पश्चात शिक्षाको आवश्यकता महशुस गरी शासक वर्गका बालबालिकालाई अंग्रेजी शिक्षा दिने अभ्यास पश्चात दरबार स्कूलको स्थापना पछि शुरुवात भएको हो । शिक्षाले व्यक्तिको जीवनलाई उन्नत बनाउन तथा व्यक्तिको व्यक्तित्व विकासका कारणले समग्र देशलाई नै उन्नति तर्फ डोर्याउन सक्दछ भन्ने मान्यताबाट नै व्यक्ति, परिवार, समुदाय र राज्यस्तरबाट नै शिक्षाका लागि विभिन्न प्रयत्नहरु भएका छन् । धार्मिक, साँस्कृतिक, भाषिक, भौगोलिक आदि विभिन्न आधारमा विविधतायुक्त विशेषता भएता पनि जनताले शिक्षाको आवश्यकता महशुस गरे । तर त्यसबाट सबैले समान रुपमा लाभान्वित हुन सकेनन् । संयुक्त राष्ट्रसंघको विश्वव्यापी मानवअधिकार घोषणा पत्रमा शिक्षा पाउने अधिकारलाई स्पष्टसँग व्याख्या गरे पछि शिक्षालाई अधिकारको रुपमा हेर्न थालिएको छ ।

शिक्षा सेवा हरेक कुना काप्चामा सबैले समान रुपमा पाउनु पर्छ भनी नेपालमा वि.सं. २०२८ पछि देशैभर एकै खालको शिक्षा प्रणाली लागू भयो । तर केन्द्रमा बनाएको शिक्षा प्रणाली वा पाठ्यक्रमले देशका सबै क्षेत्रका फरक आवश्यकतालाई समेट्न नसकेको आभास हुन थाल्यो । फरक समुदाय र विविध विशेषताको भौगोलिक क्षेत्रले भरिपूर्ण यस मुलुकमा फरक फरक ठाउँमा फरक फरक सम्भावना र विशेषताहरु रहेका छन् । यही कारणले शिक्षामा विकेन्द्रीकरणको आवश्यकता महसुस गरिएको छ । फलस्वरुप शैक्षिक विकेन्द्रीकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रमको अवधारणा विकास हुन थाल्यो । यही आधारमा हाल स्थानीय तहबाट स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रावधान रहेको छ ।

नेपालमा  औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने ब्यवस्था गरेको भए पनि उक्त ब्यवस्था ब्यवस्थित रुपमा कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) ले सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषय समावेश गर्ने व्यवस्था गऱ्यो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठयभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम पारुप, २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरेको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घण्टा कायम गरेको छ । नेपाल सरकार, शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय, पाठयक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेस गरी निर्माण र कार्यान्वयन हुने पाठयक्रम नै स्थानीय पाठ्यक्रम

हो” भनि परिभाषित गरेको छ । यो पाठ्यक्रम विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम पारुप, २०७६ अनुसार तयार गरिएको हो । पाठ्यक्रम तयार गर्दा जलजला गाउँपालिकामा स्थानीय सरोकारवाला तथा शिक्षाविद्, शिक्षकहरु समेतको वृहत छलफल र अन्तरक्रिया गरिएको छ । विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट स्थानीय पाठ्यक्रमको रुपमा विभिन्न क्षेत्रहरु समावेश गरी स्थानीय विषय लागू गर्ने निधो भएको छ यो स्थानीय पाठ्यक्रमले जलजला गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ ।

स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरु, गाउँकार्यपालिकाका सदस्यहरु, पाठयक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा यो स्थानीय विषयको पाठ्यक्रम तयार गरिएको छ । सिकाइ उपलब्धि हासिल हुनु पर्ने विभिन्न विषयगत विधाहरुलाई १३ ओटा क्षेत्रहरुमा विभाजन गरिएको छ । यी क्षेत्रहरुका आधारमा जलजला गाउँपालिकाको भूगोल, कला र संस्कृति, प्राकृतिक स्रोत र संपदा, संस्कार र साँस्कृतिक सम्पदा, स्थानीय वातावरण, धार्मिक तथा अन्य कलाहरु, विभिन्न समुदायको विविध विशेषता जस्तै मातृभाषा, चाडपर्व, जातीय परम्परा र भेषभुषाको विषयहरु समावेश गरिएका छन् । त्यस्तै गरी स्थानीय सरकार, शिक्षा र विकास अन्तर्गत देशको राजनैतिक संरचना, नगरपालिकाको संरचना र स्थानीय तथा राष्ट्रिय वार्षिक एवम् आवधिक योजना निर्माण र कार्यान्वयन प्रक्रियाको बारेमा विषयवस्तुहरु समावेश गरिएका छन् । जलजला गाउँपालिकाको स्थानीय पाठ्यक्रममा विज्ञान र प्रविधि साक्षरतालाई जीवनका क्रियाकलापसँग जोड्ने ज्ञान र सीप प्रदान गर्ने विषयहरु समावेश गरिएका छन् । आफ्ना वरपर भएका यान्त्रिक तथा मेशिनरी औजारको बारेमा चासो राख्ने र तिनीहरुको प्रयोगबाट दैनिकीलाई सरल र सहज बनाउन सहयोग पुग्दछ भन्ने कुराको अनुभूति गरी व्यक्त गर्न पर्यटन, स्थानीय पेसा प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सरसफाइ, शारीरिक सिप तथा व्यायाम, स्थानीय खेल, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठयक्रम तयार गरिएको छ । यो पाठ्यक्रमबाट आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो समुदाय, समाज तथा गाउँको भूगोल कला र संस्कृति सम्बन्धी परिचित भई ज्ञान प्राप्त गर्नेछन् । हाम्रो प्रशासनिक संरचना, शिक्षा र यसले विकासलाई पार्ने प्रभाव सम्बन्धी बहस पैरवी गर्न सक्नेछन् । विज्ञान र प्रविधि साक्षरताको महत्व र यसको उपदेयता बताउन, त्यसबाट हुन सक्ने खतराबाट बच्ने उपायहरु बताउन र आत्मसाथ गर्न सक्नेछन् । विद्यार्थीहरु सहकारीता र बैङ्किङ्ग विषयमा साक्षर भई आम्दानी, खर्च र वचतको सन्तुलन मिलाउन पर्ने विषयहरुबारे परिचित हुनेछन् । वित्तिय साक्षरता सम्बन्धमा जानकारी लिई शेयर तथा मुद्रासटही सम्बन्धमा चासो देखाउन सक्नेछन् । खेलकूद गतिविधि प्रति चासो राखी अनुशासन, माया, स्नेह, आदार, सम्मान र ध्यान तथा तपस्या बारे आफनो लगाव प्रदर्शन गर्न समेत विद्यार्थीहरु सक्षम हुने विश्वास लिइएको छ । यो स्थानीय पाठ्यक्रमले यो क्षेत्रको समृद्धिको सपनालाई सार्थक बनाउन उल्लेख्य भूमिका खेल्ने अपेक्षा गरिएको छ । कलिला नानीबाबुहरुलाई आफ्नो सेरोफेरो र आफ्नो माटोप्रति गर्व गर्ने बनाउन, आफैँले आफैँलाई पहिचान गर्न तथा आफ्नो क्षेत्रको व्यावसायिक सम्भावनाको खोजी गर्न सक्ने बनाउन यो पाठ्यक्रम विशेष महत्त्वपूर्ण हुने देखिन्छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०८२ देखि कक्षा १-८ सम्म लागू गरिने छ ।

## २. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । तहगत आधारमा विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना निम्नानुसार रहेको छ ।

### आधारभूत तह कक्षा १-३

| क्र.स. | विषय सम्बन्धी क्रियाकलाप | कार्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

### आधारभूत तह कक्षा ४-५

| क्र.स. | विषय | कार्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ । जसमा अध्ययन अवलोकन, परियोजना लगायतका कुराहरु समेत समेटिएको हुन्छ ।

### आधारभूत तह कक्षा ६-८

| क्र.स. | विषय | | | | |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गरुकुल, बेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्सा शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शरीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

आफ्नोपन, मौलिकता र परम्परालाई हाम्रो धरोहरको रुपमा स्थापित गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ। नेपाल सरकारबाट राष्ट्रिय पाठ्यक्रम २०७६ शैक्षिक सत्र २०८० मा विद्यालय तहका सम्पूण कक्षाहरुमा लागू हुदैछ। उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा अन्य विषयका अतिरिक्त स्थानीय तहबाट विकास गरी संस्कृत भाषा, मातृभाषा वा स्थानीय विषय अध्यापन गराउन पर्ने राख्नु पर्ने प्रावधान छ। कक्षा ४-८ मा १०० पूर्णाङ्को स्थानिय विषय अध्ययपन गराउने प्रवाधान अनुरुप स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नु पर्छ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ। त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ, समूदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रिय स्तरमा निर्माण गरिने पाठयक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ। हरेक स्थानीय तहको आ आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ। केन्द्रिय तहमा तयार गरीने पाठयक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्न बाञ्छनिय भएकाले र संबैधानीक तथा नीतिगत रुपमा

भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तब्य भएको हुनाले गैंडाकोट नगरपालिकाले यो स्थानीय पाठयक्रम तयार गरेको हो ।

## ४. विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुदेन । यस पाठ्यक्रमले जलजला गाउँपालिकाक्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले जलजला गाउँपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मीक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थीक, स्वास्थ्य र सरसफाइ, शारीरिक सिप र व्यायम, स्थानीय खेल वातावरणिय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिबृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकताको आधारमा आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठयक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ :

१) जलजला गाउँपालिकाको परिचय
२) स्थानीय पर्यटन : धार्मिक तथा ऐतिहासिक स्थलहरु
३) स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम
४) स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण
५) स्थानीय जातजाती कला, संस्कृति , मेला र चाडपर्व
६) खानपान, रहनसहन, सकारात्मक व्यवहार र सरसफाई
७) स्थानीय सेवामूलक संघ संस्था तथा विशिष्ट व्यक्तित्वहरु
८) दुर्घटना, प्राकृतिक प्रकोप र विपत्
९) प्राकृतिक चिकित्सा र योग
१०) सूचना तथा प्रविधि
११) सामान्य ज्ञान
१२) जीवनोपयोगी सिप
१३) धार्मिक तथा नैतिक मूल्य मान्यता

## ५. तहगत सक्षमताहरु

जलजला गाउँपालिका भित्रका आधारभूत तह (कक्षा १-८)का विद्यालयमा अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन् । विषय क्षेत्र अनुसार सक्षमताहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- गाउँपालिका अवस्थित क्षेत्रभित्रको भौगोलिक, प्राकृतिक, सामाजिक पहिचान र परिचय उल्लेख गर्न सक्षम हुने छन् ।
- स्वच्छ र हराभरा वातावरणका लागि मानवीय क्रियाकालापको विवरण प्रस्तुत गर्न र स्वच्छ र स्वस्थ्य जीवनका लागि गर्नु पर्ने व्यवहारलाई आत्मसाथ गरी आफूमा प्रयोग गर्न सक्षम हुने छन् ।
- गाउँपालिका भित्रका विभिन्न मानव समुदायका धार्मिक, भाषिक र परम्परागत संस्कृतिको बारेमा परिचित भई उनीहरुको पहिचान हुने सम्पदाको विशेषताहरु बताउन सक्षम हुने छन् ।
- गाउँपालिका भित्रको मानव निर्मित संरचनाहरु जस्तै बाटोघाटो, पुलपुलेसा, धारा, पँधेरा तथा वातावरणिय अन्य संरचनको आवश्यकता तथा तिनीहरुको संरक्षण र सम्बर्द्धनको उपाय बताउन सक्षम हुने छन् ।
- नेपालको राजनैतिक संरचना र विभिन्न तहका सरकारको मुख्य अधिकार र कार्यक्षेत्र उल्लेख गर्न सक्षम हुने छन् ।

- शिक्षा अधिकारको रुपमा रहेको सेवा क्षेत्र हो भनी बताउन र मानव जीवनमा यसको महत्व स्पष्टसँग बताउन सक्षम हुने छन् ।
- विकासका लागि आधारको रुपमा रहेका आवधिक र स्थानीय योजनाको आवश्यकता र यस्ता योजनाको निर्माण प्रक्रियाको बारेमा उल्लेख गर्न सक्षम हुनेछन् ।
- देशका राष्ट्रिय र स्थानीय विकासका गौरवका प्रतीकहरुको सूचीकृत गरी महत्व उल्लेख गर्न सक्षम हुने छन् ।
- सूचना र सञ्चारको उपयोगबाट विकासमा योगदान दिन सक्छ भन्ने व्याख्या गर्न सक्षम हुने छन् ।
- मानव स्वास्थ्य र स्वच्छ वातावरण कायम गर्न आवश्यक मानवीय क्रियाकालाप उल्लेख गर्न सक्षम हुने छन् ।
- विकासको सूचकको रुपमा रहेको विद्युतीय सामग्री र उपकरणहरुको प्रयोग र सुरक्षाका उपायहरु बताउन सक्षम हुने छन् ।
- गणित र विज्ञानलाई दैनिक जीवनमा प्रयोग हुने विभिन्न क्रियाकलापसँग जोड्न र उदाहरण सहित व्याख्या गर्न सक्षम हुने छन् ।
- आफ्नो परिवारको मुख्य पेशा र व्यवसायको महत्व र सञ्चालन गर्ने तरिका बताउन सक्ने छन् ।
- समाजको वरिपरि रहेका विभिन्न उत्पादनमूलक उद्योग व्यवसायको परिचय र महत्व बताउन सक्षम हुने छन् ।
- सहकारिताको सिद्धान्त र यसले आर्थिक उन्नतिमा सहयोग पुर्याउन सक्ने क्षेत्रहरु उल्लेख गर्न सक्षम हुनेछन् ।
- खेलप्रति रुची राख्ने र यसका क्रियाकलापलाई स्वस्थ्य अनुशासासित जीवनसँग आवद्ध गर्ने व्यवहारको विकास गर्न सक्षम हुने छन् ।
- आफूसँग परिचित वा अपरिचित व्यक्तिहरु प्रति गरिने माया ममता व्यवहारबाट देखाउन सक्षम हुने छन् ।
- समुदायका सबै व्यक्तिहरुसँग असल सम्बन्ध स्थापना गर्न सक्षम हुने छन् ।
- प्राविधिक चिकित्सा, योग, ध्यान र अनुशासनसँग परिचित भई त्यसप्रति आफ्नो झुकाव व्यक्त गर्न सक्षम हुने छन् ।
- सम्भाव्य दुर्घटना तथा प्राकृतिक प्रकोप र विपत्वाट परिचित भई सृजित अवस्थामा वच्न सक्ने उपायहरुको वारेमा अवलम्वन गर्न सक्षम हुने छन् ।
- गाउँपालिका भित्रमा क्रियासिल सामाजिक संघ सस्थाहरु र समाजसेवी व्यक्तिहरुको वारेमा जिवनी अध्ययन गरी सफलतामा आर्कषित हुन सक्षम हुने छन् ।
- व्यक्तिगत तथा सामाजिक जीवनमा व्यवहारकुशल सिपहरुको प्रयोग क्षमता विकास गर्न ।

## ७. तहगत सक्षमताहरु

यस जलजला गाउँपालिका अन्तर्गतका विद्यालयहरुका लागि तयार पारिएको यो स्थानीय विषयको पाठ्यक्रम सक्षमतामा आधारित भई तयार पारिएको छ । जसमा यो पाठ्यक्रमको लागू पश्चात सहजीकरणका विभिन्न विधि र रणनीतिहरुको प्रयोग गर्न सकिन्छ । जसबाट विद्यार्थीहरुको मुल्याङ्कन गर्दा उनीहरुको बुझाई तथा ज्ञानको तह (Knowledge), सिपको तह (Hard Skill) र विद्यार्थीहरुको व्यवहारिक कौशल (Soft Skill/Attitude) लाई समेत मूल्याङ्कन गर्न सकिन्छ । यो पाठ्यक्रमको अध्ययनपश्चात विद्यार्थीहरु निम्न कुराहरु गर्न सक्षम हुने छन् ।

### कक्षा १-३ को सक्षमताहरु

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- आफू बसेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम र पहिचान
- स्थानीय जातजाति, भाषा, भेषभूषा, बाजा, धर्म, संस्कृतिको पहिचान र सम्मान स्थानीय चाडपर्वमा सहभागिता
- स्थानीय क्षेत्रमा पाइने बोटविरुवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान, उपयोग र सरसफाईको सिप
- स्थानीय कृषि तथा व्यापार व्यवसाय, उद्योगको पहिचान
- स्थानीय परिकारहरुको पहिचान, निर्माण र प्रयोग सिप विकास।
- मान्यजनलाई आदर, सम्मान र सानालाई माया सद्भाव, शिष्टचार विकास,

- प्रकोप तथा दुर्घटना र विपद्को पहिचान र सावधानी र ट्राफिक नियम वारे सचेतता ।
- स्थानीय क्षेत्रमा खेलिने खेलहरुको अभ्यास र खेल सामग्रीहरुको उचित प्रयोग
- स्थानिय स्तरमा सञ्चालित सामाजिक संघ सस्थाहरुको परिचय र विस्तारको अवस्था पहिचान
- सूचना, सञ्चार र प्रविधिसँग परिचित ।

**कक्षा ४-५ को सक्षमताहरु**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ४ र ५ का विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- आफ्नो गाउँपालिका र छिमेकी गाउँपालिका/गाउँपालिकाको पहिचान
- गाउँपालिकाको सामान्य ऐतिहासिक र भौगोलिक परिचय
- स्थानीय जातजातिको भाषा, भेषभूषा, बाजागाजा, संस्कृतिको महत्वबोध र सम्मान
- स्थानीय मेलाजात्रा, चाडपर्वको पहिचान र सहभागिता
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको पहिचान र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा पाइने औषधिजन्य बोटविरुवाको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय वन तथा वरपर पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता
- गाउँपालिका क्षेत्रभित्र भएका पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्वबोध र संरक्षणमा सहभागिता
- वातावरणीय प्रदुषण, त्यसका असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापन सम्बन्धी सिप
- स्थानीय क्षेत्रमा गरिने कृषि, पशुपालन आदि कार्य गर्न सिप र बजारीकरणमा सहयोग
- स्थानीय जातजातीहरुले पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण
- स्थानीय परिकारहरुको पहिचान र महत्व
- भूक्षय, बाढी, पहिरो, डुवान, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटनाबाट सावधानी तथा सुरक्षाका उपायहरुको अवलम्बन
- स्थानीय सामाजिक सङ्घसस्था तथा व्यक्तिको समुदायमा योगदानको परिचय र अनुसरण
- स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरु र सामान्य योगको अभ्यास
- स्थानीय क्षेत्रमा सञ्चालित युवा क्लव  र तिनको कार्य चर्चा गर्न
- सूचना तथा सञ्चार सिप विकास र डिजिटल साक्षरता गर्न ,

**कक्षा ६-८ को सक्षमताहरु**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- गाउँपालिकाको भौगोलिक, राजनैतिक, जातिगत संरचनाको पहिचान र गाउँपालिकाको भौगोलिक नक्सा बनाउने सिप
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुको उपभोग
- स्थानीय धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु (मन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद)हरुका पहिचान, महत्व बोध
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा समुदाय र स्थानीय सरकारलाई सहयोग
- स्थानीय जातजातिको भाषा, संस्कृति, भेषभूषाको महत्वबोध, सम्मान र संरक्षण

- स्थानीय मेलाजात्रा दशैं, तिहार, ल्होसार, बुद्ध जयन्ती, क्रिसमस, इद जस्ता चाडपर्वमा सहभागिता, धर्म संस्कृतिको सम्मान र संरक्षण
- स्थानीय सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्न सहयोग
- स्थानीय क्षेत्रमा भएका वनहरुको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता
- स्थानीय वनमा पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता र वन्यजन्तु अपराध नियन्त्रणमा सहयोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनिज पदार्थहरुको संरक्षणका सिपहरु र सहभागिता
- वातावरणीय प्रदुषण न्यूनीकरण र फोहोर व्यवस्थापन सम्बन्धी सिप
- स्थानीय क्षेत्रमा गरिने कृषि कार्यहरु सम्बन्धी सिप
- स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण सम्बन्धी सिप
- पर्यटनसँग सम्बन्धित व्यसायको महत्व बोध, होम स्टे सञ्चालन
- स्थानीय प्रविधिमा आधारित काठ, बाँस, माटोका सामान निर्माण गर्ने सिप तथा परम्परागत प्रविधिमा आधारित सामग्रीको उपयोग
- सामाजिक विकास तथा सूचना सञ्चार तथा प्रविधिको उत्तरदायी प्रयोग,
- विद्यालय तथा टोलमा प्रकोप/विपद् व्यवस्थापन, सडक सुरक्षा लगायतका योजना निर्माणमा सहभागिता
- स्थानीय सामाजिक सङ्घसस्था (सहकारी, वित्तीय संस्था, रेडक्रस, स्काउट, बाल क्लव आदि) हरुको महत्वबोध र सामाजिक कार्यहरुमा सहभागिता
- दैनिक जीवनमा योग ध्यान र सन्तुलित भोजनको महत्व बोध गरी अभ्यास
- स्थानीय क्षेत्रमा समाजरुपान्तरणका लागि उच्च ओहोदामा रहनुभएका व्यक्तिहरुको जिवनी अध्ययन गरी जीवनमा लक्ष्य निर्धारणमा सरिक हुन ।

**विषयवस्तुको छनोट :**

**कक्षागत विषयवस्तुको छनोट निम्न अनुसार गरिएको छ :**

## १.जलजला गाउँपालिकाको परिचय

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| १.१ मेरो गाउँपालिका<br>१.२ म र मेरो टोल | १.१ मेरो गाउँपालिकाको चार सिमाना<br>१.२ मेरो वडाको चिनारी | १.१ मेरो वडाको क्षेत्रफल र जनसंख्या<br>१.२ मेरो वडाका मुख्य सडक<br>१.३ मेरो वडाका मुख्य वस्तिहरु | १.१ गाउँपालिकाको नामाकरण<br>१.२ गाउँपालिकाका सिमाना जोडिएका स्थानिय तह<br>१.३ गाउँपालिकाका वडाहरुको चिनारी<br>१.४ मेरो वडाको भूवनोट | १.१ गाउँपालिकाको भौगोलिक अवस्था र भुवनोट<br>१.२ मेरो वडाको ऐतिहासिक पृष्ठभूमि<br>१.३ गाउँपालिकाको हावापानी स्वरुप<br>१.४ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार | १.१ गाउँपालिकाको नक्सा<br>१.२ नक्सा कार्यका लागि आवश्यक चिन्ह्<br>१.३ गाउँपालिकाको जनसंख्याको वनोट<br>१.४ वडा कार्यालयको संगठन तथा संरचना<br>१.५ वडा कार्यालयवाट प्रदान गरिने सेवा सुविधाहरु | १.१ गाउँपालिकाको संरचना<br>१.२ गाउँसभाको गठन प्रकृया<br>१.३ गाउँपालिकावाट प्रदान गर्ने सेवा सुविधा<br>१.४ गाउँपालिका उपाध्यक्षका काम कर्तव्य र अधिकार<br>१.५ गाउँपालिकाका विषयगत समितिको चिनारी | १.१ गाउँपालिकाको कार्यपालिका संरचना<br>१.२ न्यायिक समितिको गठन प्रकृया<br>१.३ न्यायिक समितिको काम, कर्तव्य र अधिकार<br>१.४ गाउँपालिका अध्यक्षको काम कर्तव्य र अधिकार<br>१.५ गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार |

## २.स्थानीय पर्यटन : धार्मिक तथा ऐतिहासिक स्थलहरु

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| २.१ मेरो वडाका एतिहासिक र धार्मिक स्थलहरु<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरु | २.१ मेरो वडाका ऐतिहासिक र धार्मिक स्थलहरुको चिनारी<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरुको चिनारी | २.१ मेरो वडाका ऐतिहासिक र धार्मिक स्थलहरुको सूचि निमार्ण<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरुको सूचि निर्माण | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा एतिहासिक र पर्यटकिय स्थलको जानकारी<br>२.२ देवि भूमे<br>२.३ डोवे मन्दिर<br>२.४ घोप्टेखोला छहरा<br>२.५ चर्च<br>२.६ फलामे डाँडा<br>२.७ हेली प्याड | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा एतिहासिक र पर्यटकिय स्थलको जानकारी<br>२.२ राम मन्दिर<br>२.३ पूर्णगाउँ वराह ताल<br>२.४ मालिका मन्दिर<br>२.५ मालारानी कोत<br>२.६ हल्जुरे<br>२.७ ऐतिहासिक धार्मिक र पर्यटकिय स्थलहरुको सामाजिक एकतामा पारेको प्रभाव | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी<br>२.२ भद्राचल विष्णु मन्दिर<br>२.३ मनिवराह दह मन्दिर<br>२.४ शालिग्राम आश्रम<br>२.५ वर्काती जोम मस्जित<br>२.६ शिवालय गुफा<br>२.७ धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुले आर्थिक विकासमा पुयाएको योग्दान | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी<br>२.२ मल्लाज कोत भगवती<br>२.३ भूमेथान<br>२.४ गिद्धेश्वर शिवालय मन्दिर<br>२.५ वौद्ध गुम्वा, वौद्ध विहार<br>२.६ डैडाँडा मण्डली<br>२.७ धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुको महत्व | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी<br>२.२ कालञ्जर<br>२.३ शुक्लेश्वर मन्दिर<br>२.४ गण्डकी गोपाल गौशाला<br>२.५ शितल डाँडा<br>२.६ धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुको संरक्षण र प्रवर्धनमा स्थानीय तहको भूमिका |

## ३.स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ३.१ मेरो वडामा उत्पादन हुने अन्न वाली, फलफूल , तरकारी वालीका नाम<br>३.२ मेरो वडामा कृषि कार्यमा उपयोग हुने परम्परमगत सामाग्रीहरुको नाम | ३.१ मेरो वडामा उत्पादन हुने अन्न वाली, फलफूल ,खेतीको परिचय<br>३.२ कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परमगत सामाग्रीहरुको प्रयोग | ३.१ कृषि वालीका प्रकार<br>३.२ तरकारीका प्रकार<br>३.३ विभिन्न पेसाका नाम | ३.१ तरकारी खेतिको चिनारी<br>३.२ पशुपालन गाई र भैसी<br>३.३ पशुपालन वाखा र भेडा | ३.१ अन्नवालीको चिनारी<br>३.२ पशु पालन तथा पक्षि पालनको महत्व र आवश्यकता<br>३.३ उद्योग तथा व्यवसायको परिचय र महत्व | ३.१ फलफूल खेतीको परिचय<br>३.२ पशूपक्षी पालन वगुर टर्की हाँस र कालिज<br>३.३ पर्यटन व्यवसायको परिचय | ३.१ स्थानीय पकेट क्षेत्रको परिचय<br>३.२ पर्यटन तथा व्यवसाय<br>३.३ कृषि उत्पादनको महत्व | ३.१ स्थानीय कृषि उत्पादनको वजारीकरण<br>३.२ व्यवसाय प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका<br>३.३ कृषि पेशाले जनजीवनमा पारेको प्रभाव |

## ४.स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ४.१ मेरो वडामा पाइने बोटविरुवा<br>४.२ मेरो वडामा रहेका प्रकृतिक स्रोतहरु | ४.१ मेरो वडामा पाइने जनावरहरु<br>४.२ मेरो गाउँपालिकामा पाइने बोटविरुवाहरु | ४.१ प्राकृतिक सोत का प्रकारहरु<br>४.२ स्थानिय स्तरमा पाइने जटिवुटीको सुचि | ४.१ वातावरणिय तत्व<br>४.२ वातावरणीय प्रदुषण र यसको प्रभाव<br>४.३ स्थानीय जटिवुटीको उपयोगिता | ४.१ प्रकृतिक सम्पदा : कालिगण्डकी र कालाञ्जर पर्वत<br>४.२ वातावरणीय प्रदुषणका कारक र रोकथामका उपायहरु<br>४.३ स्थानीय जटिवुटीहरुको संरक्षण | ४.१ स्थानीय वनका प्रकार<br>४.२ वन्यजन्तु संरक्षण<br>४.३ प्रदुषण व्यवस्थापन | ४.१ सामुदायीक वनको परिचय र संरक्षण<br>४.२ स्थानीय खनिज पदार्थ<br>४.३ जलस्रोतको संरक्षण | ४.१ वन र वन्यजन्तु संरक्षण र व्यवस्थापनमा कानुनी प्रावधान<br>४.२ प्रदुषण नियन्त्रणमा स्थानीय सरकारको भूमिका<br>४.३ खनीज पदार्थको महत्व र उपयोगिता |

## ५.स्थानीय जातजाती कला साँस्कृति मेला र चार्ड पर्व

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ५.१ मेरो टोलमा बसोवास गर्ने जातजातीहरु<br>५.२ मेरो टोलमा मनाइने चार्डपर्व | ५.१ स्थानीय भेषभूषा<br>५.२ हाम्रो चार्डपर्व : हाम्रा क्रियाकलापहरु | ५.१ स्थानीय स्तरमा मनाइने मेला जात्रा<br>५.२ स्थानीय स्तरमा वजाइने वाजागाजा | ५.१ पुख्यौली नाच<br>५.२ कुलपुजा<br>५.३ नाग पुजा सम्वन्धि सामान्य जानकारी | ५.१ पर्वहरु : शिवरात्री, माघे संकान्ति तमु ल्होसार<br>५.२ विवाह व्रतबन्ध र चौरासी पूजाको परम्परा | ५.१ जातिय विभेद र कानुनी व्यवस्था<br>५.२ धार्मिक सहिष्णुता र यसको महत्व | ५.१ विभिन्न जातिविशेष कला संस्कृति<br>५.२ स्थानीय चार्डपर्वको महत्व र संरक्षण | ५.१ असल संस्कार र भेषभूषा संरक्षणमा स्थानीय तहको भूमिका<br>५.२ स्थानीय चार्डपर्व संरक्षण<br>५.३ अन्त्यकर्म र यसको अभ्यास |

## ६.खानपान रहनसहन सकारात्मक व्यवहार सरसफाई

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ६.१ मेरो परिवारमा दिनहु खाइने | ६.१ स्थानीय चाडपर्वमा खाइने | ६.१ स्थानीय वालीहरु | ६.१ व्यक्तिगत सरसफाइ र | ६.१ सामुदायिक सरसफाइ | ६.१ स्थानीय उत्पादन तथा | ६.१ स्वस्थ्यकर र अस्वस्थ्यकर | ६.१ खानपानको स्वास्थ्यमा प्रभाव |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खानपानका परकिार<br>६.२ मेरो परविारमा प्रयोग हुने आदारार्थी शव्हरु | खानाका परीकारहरुको नाम<br>६.२ साथीहरु सँग गरीने सहयोग र मेलमिलाप<br>६.३ मलाई मन पर्ने असल बानी | खाद्यान्न वालीको वर्गिकरण<br>६.२ पारिवारिक मेलमिलाप आत्म अनुशासन वालमैत्री व्यवहार | स्वास्थ्य जीवन शैलिका तारिका<br>६.२ अनुशासन पद्धति र सकारात्मक वानि व्यवहार | ६.२ सहयोगी भावना आपसी सदभाव र मेलमिलाप<br>६.३ स्थानीय परम्परागत खाद्य परिकार निर्माण प्रकिया | सन्तुलि भोजन<br>६.२ सामाजिक कुरुति<br>६.३ वातावरण सरसफाइका उपायहरु | वानिव्यवाहरहरु<br>६.२ पत्रु खानाका असर<br>६.३ खाद्य संरक्षणका उपायहरु | ६.२ खाद्य सम्वन्धी धारणा तथा गलत मान्यता<br>६.३ प्राकृतिक खानाका फाइदा |

## ७.स्थानीय सेवामूलक संघ संस्था तथा विशिष्ट व्यक्तित्वहरु

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ७.१ मेरो टोलमा भएका संघ संस्थाहरु<br>७.२ मेरो टोलमा रहेका सामाजिक तथा विशिष्ट व्यक्तिहरु | ७.१ मेरो वडामा भएका सेवामूलक संस्था<br>७.२ टोल विकास संस्थाको परिचय<br>७.३ मेरो वडामा रहेका जनप्रतिनिधि | ७.१ मेरो वडामा रहेको सेवा मूलक संघ संस्थाका प्रकार<br>७.२ मेरो वडामा रहेका संघ संस्थाका कार्य | ७.१ स्थानीय आमा समूह, वालक्लव, र युवा क्लवको परिचय<br>७.२ पालिका भित्र रहेका राष्टिय तथा अन्तराष्टिय व्यक्तित्वहरु र समाजमा भूमिका | ७.१ स्थानीय सेवामूलक संघ संस्थाहरुको काम कर्तव्य र अधिकार<br>७.२ पालिका भित्र रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय सफल व्यक्ति | ७.१ बालक्लव रेडक्स तथा स्काउटको परिचय<br>७.२ वालक्लव रेडक्स स्काउटको रचानात्मक कार्य<br>७.३ जीवनी<br>● शिव सुवेदी | ७.१ सामाजिक संघ संस्थाहरुले सामाजिक रुपान्त्रणमा गरेको भूमिका<br>७.२ सामाजिक संघ संस्थाको दर्ता प्रक्रिया<br>७.३ जीवनी<br>● शालिकराम सन्तगुरु | ७.१ सामाजिक संघ संस्थाहरुको गठन प्रकृया<br>७.२ एन जि ओ आइ एन जि ओ<br>७.३ जीवनी<br>● मोहन बहादुर मल्ल |

## ८.दुर्घटना प्राकृतिक प्रकोप र विपत

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ८.१ गाउँघरमा हुन सक्ने दुर्घटनाहरु<br>८.२ दुर्घटनका कारणहरु | ८.१ दुर्घटनाका असरहरु<br>८.२ प्राकृतिक प्रकोपहरु | ८.१ मानव सृतिज प्रकोपहरु<br>८.२ दुर्घटना न्युनिकरणका उपायहरु | ८.१ प्रकोप व्यवस्थापनका उपायहरु<br>८.२ दुर्घटना र प्राथमिक उपचार<br>८.३ विपतको परिचय | ८.१ प्रकोप व्यवस्थापनमा मेरो भूमिका<br>८.२ विपतका कारण<br>८.३ ट्राफिक नियमहरुको जानकारी | ८.१ विपतका लागि राहात र सहयोग कार्य<br>८.२ विपद र प्रकोपले जनजीवनमा पार्ने असर<br>८.३ सवारी चालकले ध्यान दिनुपर्ने कुराहरु | ८.१ विपत व्यवस्थापनका लागी पुनस्थापना र पुर्नलाभ कार्यक्रम<br>८.२ प्रकोप र विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका<br>८.३ सवारी चालक तथा यात्रुले अपनाउनु पर्ने सावधानी<br>८.४ ट्राफिक नियम उल्लङ्घन गर्दा जरिवाना दण्ड तथा सजाय | ८.१ विपत र प्रकोपमा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका<br>८.२ विपत व्यवस्थापनका लागि प्रतिकार्य योजना<br>८.३ सवारी नियमको पालना र दुर्घटना न्युनिकरणका उपायहरु |

## ९.प्राकृतिक चिकित्सा र योग

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ९.१ प्रकृतिक उपचारका नाम<br>९.२ योगको साधारण अभ्यास | ९.१ पोलेको उपचार<br>९.२ योगको परिचय | ९.१ प्राकृतिक उपचारको महत्व<br>९.२ योगको महत्व | ९.१ तत्कालिन प्राकृतिक उपचार र महत्व<br>९.२ भ्रामरी प्रणायाम | ९.१ सर्पको टोकाइ र खुट्टामर्केको उपचार<br>९.२ सुर्य नमस्कार र प्रकार | ९.१ पेट र कान दुखाइको उपचार<br>९.२ कपालभाति प्रणायाम<br>९.३ योग र ध्यान सम्वन्धि सामान्य जानकारी | ९.१ जण्डीसको घरायसी उपचार<br>९.२ अनुलोम प्रणायाम<br>९.३ योग ध्यान गर्ने उपयुक्त समय | ९.१ टाउको र दाँत दुखाइको घरायसी उपचार<br>९.२ दिर्घ प्रणायम<br>९.३ योग र ध्यानको आवश्यकता |

## १०.सूचना तथा प्रविधि

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| १०.१ मेरो घरमा भएका विद्युतिय उपकरण | १०.१ मेरो घरमा भएका विद्युतिय उपकरणको प्रयोग<br>१०.२ कम्प्युटर खोल्न र बन्द गर्ने सिप | १०.१ कम्प्युटरको परीचय<br>१०.२ कम्प्युटरको ब्राण्डका आधारमा वर्गिकरण | १०.१ कम्प्यूटरको भौतिक अंगहरुको चिनरी<br>१०.२ Input and Output device | १०.१ कम्प्यूटरमा Paint मार्फत चित्र निमार्ण<br>१०.२ कम्प्यूटरमा File वनाई save गर्न | १०.१ कम्प्यूटरमा प्रयोग हुने Ms office वारे जानकारी<br>१०.२ Ms word ,Tool bar को प्रयोग<br>१०.३ internet को जानकारी | १०.१ कम्प्यूटर भाइरस, सम्वन्धि जानकारी<br>१०.२ कम्प्युटरमा एक्सलको प्रयोग<br>१०.३ Ms Word मा अंग्रेजी नेपाली टाइप | १०.१ Ms Word मा Home, insert page Layout, Designs को प्रयोग<br>१०.२ Email Internet को प्रयोग<br>१०.३ Cyber सुरक्षा र कानुनी प्रावधान |

## ११.सामान्य ज्ञान

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| ११.१ नाता सम्बन्धि जानकारी<br>११.२ पेसा सम्वन्धि जानकारी<br>११.३ शरीरका अंग र काम | ११.१ मेरो वडा को भौगोलिक जानकारी<br>११.२ मेरो गाउँपालिका बारे जानकारी | ११.१ मेरो जिल्लाको जानकारी<br>११.२ मेरो जिल्ला भित्रका धार्मिक तथा एतिहासिक जानकारी | ११.१ मेरो प्रदेशको जानकारी<br>११.२ मेरो प्रदेशको भौतिक संरचना | ११.१ मेरो प्रदेशको एतिहासिक परिचय<br>११.२ मेरो प्रदेशका प्राकृतिक सम्पदाहरु | ११.१ नेपालको भूगोल<br>११.२ नेपालको इतिहास<br>११.३ विज्ञान तथा प्रविधि | ११.१ नेपालको भूगोल<br>११.२ नेपालको इतिहास<br>११.३ विज्ञान तथा प्रविधि र आविष्कार | ११.१ अन्राष्ट्रिय भूगोल<br>११.२ अन्राष्ट्रिय इतिहास<br>११.३ विज्ञान तथा प्रविधि र आविष्कार |

## १२.जीवनोपयोगी सिप

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| १२.१ दैनिक घरयासी सामग्री | १२.१ दैनिक घरयासी सामग्रीको प्रयोग<br>१२.२ घरमा निमार्ण गरिने सामाग्री | १२.३ घरमा निमार्ण गरिने सामाग्रीहरुको प्रयोग<br>१२.४हाते सिप सम्वन्धि जानकारी | १२.१ निर्माण तथा संयोजन सिप<br>१२.२ हाते सिपका प्रकार | १२.१ परम्परागत ज्ञान र सिपको परिचय<br>• औजार तथा हतियार बनाउने सिप<br>१२.२ लेखन सिप<br>• चिठ्ठी लेखन<br>१२.३ खानाका परिकार वनाउने सिप | १२.१ जीवनउपयोगी तथा घरेलु सिप परिचय<br>•आत्मानुभूति सिप<br>•निवेदन लेखन सिप<br>•रोटी बनाउने सिप | १२.१ व्यक्तिगत तथा सामाजिक सिप<br>• द्वन्द्ध तथा तनाव व्यवस्थापन सिप<br>• भरपाई लेखन सिप<br>• भात तरकारी पकाउने सिप | १२.१ व्यक्तिगत तथा समाजिक सिपको अवलम्वन र प्रयोग<br>• माइन्युट लेखन<br>• भाषण तथा उदघोषण कला<br>• खिर र हलुवा वनाउने सिप र अभ्यास |

## १३.धार्मिक तथा नैतिक मूल्य मान्यता

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| १३.१ मेरो असल बानी | १३.१ सदाचार<br>• सदाचार युक्त आचारण | १३.१ सामाजिक सद्भाव<br>• मेलमिलाप | १३.१ ओमकार ध्वनी<br>• ओमकार ध्वनीको परीचय र महत्व | १३.१ नेतृत्व विकास<br>१३.२ सरस्वती वन्दना | १३.१पुजा र प्रर्थाना<br>•आफ्ना इष्ट देवको पूजा प्रार्थना | १३.१ धार्मिक संस्कार र क्रियाकलाप<br>• न्वारन तथा पास्नी संस्कार<br>• वर्तवन्ध संस्कार<br>• मृत्यु संस्कार | १३.१ धर्मको सार तथा सन्देश<br>• नैतिक शिक्षा र मानवता<br>• मानविय मूल्यमान्यता<br>• विश्व शान्ति र एकता |

**विषयवस्तुको विस्तृतीकरण :**

**क्षेत्र १: जलजला गाउँपालिकाको परिचय**

क्षेत्र १: जलजला गाउँपालिकाको परिचय

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | १.१ मेरो गाउँपालिका<br>१.२ म र मेरो टोल | • आफू बस्ने गाउँपालिकाको नाम वताउन,<br>• आफ्नो घर र विद्यालय नजिकको टोलको नाम र नजिकको जोडिने ठाउँको नाम भन्न । | • गाउँपालिकाको नक्सा वा फोटो<br>• गाउँपालिकाको नाम रहेका श्रव्य दृष्य सामग्री,<br>• स्थानीय टोल गाउँ रहेका चित्र नक्सा<br>• विद्यालय नजिकको टोलको फोटो<br>• श्रव्यदृश्य सामग्रीहरुको प्रर्दशन | • गाउँपालिकाका चित्र वा नक्सा प्रदर्शन गरी नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई गाउँपालिकाको नाम र यसको वारेमा बताइदिने ।<br>• विद्यार्थीहरूलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताइदिने र भन्न सिकाउने ।<br>• विद्यार्थीहरुलाई आफू बस्ने वा आफ्नो घर भएको ठाउँ, टोलको नाम पालैपालो सोध्ने । जस्तैः गडेखोला,मल्लाज ,बनौं आदि । | • आफ्नो घर भएको गाउँपालिकाको नाम सोध्ने ।<br>• विभिन्न समयमा गाउँपालिका नाम, तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने ।<br>• चित्र वा भिडियो देखाइ गाउँपालिका र टोल पत्ता लगाउन लगाउने । | १५ |
| २ | १.१ मेरो गाउँपालिकाको चार सिमाना<br>१.२ मेरो वडाको चिनारी | • पर्वत जिल्लाको उत्तरमा पुङ्दी खोला देखि दक्षिणमा दम्भा खोलाको विच र,जलजलाको काखमा पश्चिममा कालिगण्डकी क्षेत्रमा रहेको गाउँपालिकाको सिमाना परिचित गारउँने ,<br>• सम्वन्धित विद्यालय रहेको वडाको जानकारी गराउँने । | • गाउँपालिका सम्बन्धी लेख, रचना बुझाउने भिडियो, दृश्य सामग्री वडा उल्लेखित सामग्री प्रर्दशन । | • गाउँपालिका क्षेत्रकोबारेमा बताईदिने । जस्तैः पर्वत जिल्लाको महत्व पूर्ण क्षेत्रमा रहेको हम्पालको काखमा रहेको जलजलामा अवस्थित प्राकृतिक सौन्दर्यताले भरिएको जलजला गाउँपालिका हो । यसको चार सिमानाको वारेमा उल्लेख गर्ने ।<br>• गाउँपालिकाको चित्र देखाइ त्यसका वडा सङ्ख्याहरु, गाउँपालिकाको केन्द्र र गाउँपालिकाको चार सिमानाका ठाउँहरुको नाम बताईदिने । जस्तैः जम्मा नौ वडामा विभाजन भएको छ ।<br>• गाउँपालिकाका परिचय सम्बन्धी भिडियो वा वृत्तचित्र देखाउने वा स्थानीय आफ्नो वडाका जानकारसँग अन्तरक्रिया गराउने । | • जलजला गाउँपालिका को पूर्वमा र पश्चिममा कुन कुन स्थानीय तह रहेका छन् ।<br>• घर तथा विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने ।<br>• बहुबैकलिपक प्रश्नहरु गर्ने ।<br>• फोटो र शब्दको जोडा मिलाउन दिने ।<br>• आफू बसोबास गर्ने वडाको सिमाना अभिभावकलाई सोधेर लेख्न लगाउने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १.१ मेरो वडाको क्षेत्रफल र जनसंख्या<br>१.२ मेरो वडाका मुख्य सडक<br>१.३ मेरो वडाका मुख्य वस्तिहरु | • वडाको जनसंख्या र स्थानीय मुख्य वस्तीहरुको चिनारी सडकहरुको नाम र परिचय<br>• वडाको चार सिमानाका ठाउँहरुको नाम र वडा भित्रका मुख्य बस्तीहरु वडाको कार्यालय सम्बन्धी जानकारी | • जनगणनाको अभिलेख<br>• वडाको नक्सा<br>• वडाको भौगोलिक परिचय सम्बन्धी लेख, रचना<br>• स्थानीय बाटोहरुको फोटो<br>• श्रव्यदृश्य<br>• सामग्री | • वडाको क्षेत्रफल र जनसंख्या स्रोत सामग्रीको सहयोगमा प्रस्तुत गर्ने ।<br>• वडा मुख्य सडकहरुको नाम बताई स्थानीय क्षेत्रमा हुने विभिन्न सडकका प्रकारहरुबारे छलफल गर्ने । विभिन्न ठाउँहरु जोड्ने स्थानीय सडक आदि ।<br>• आफ्नो विद्यालय रहेको वडामा भएका सडक तथा अन्य बाटोहरुको नाम बताइदिने ।<br>• वडाको चित्र देखाइ त्यसका बस्ती सङ्ख्याहरु, वडा कार्यालयको र चारै किल्लाका सिमानाबारे नक्सामा देखाइ प्रश्नोत्तर गर्ने ।<br>• वडाको भूगोल सम्बन्धी श्रव्यदृश्य सामग्री खोजी गरी प्रस्तुत गर्ने र छलफल गर्ने । | • आफ्नो विद्यालय र घर भएको भएको वडा नम्बर र वडाकार्यालय र जनसंख्या पत्ता लगाउन लगाउने ।<br>• वडाको सामान्य नक्सा बनाउन लगाउने र चार सिमानाको नाम लेख्न लगाउने ।<br>• वडा सडकहरुको नाम लेख्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १.१ गाउँपालिकाको नामाकरण<br>१.२ गाउँपालिकाका सिमाना जोडिएका स्थानिय तह<br>१.३ गाउँपालिका वडाहरु चिनारी<br>१.४ मेरो वडाको भूवनोट | • गाउँपालिकाको सामान्य नक्सा,<br>• ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी स्थानीय तहहरुको नाम<br>• गाउँपालिका प्रत्येक वडाहरुको सम्क्षीप्त परिचय<br>• आफ्नो वडाको भूवनोट सम्वन्धि जानकारी | • गाउँपालिकाको नक्सा<br>• गाउँपालिकाको प्रोफइल<br>• वडा नम्वर १ - वडा नम्वर ९ सम्मको नामाकरण सम्वन्धि सर्न्दभ सामग्री<br>• आफ्नो वडाको ऐतिहासिक पृष्ठभूमि र परिचय जानकारी | • गाउँपालिकाको स्थापना र यसको ऐतिहासिक परिचय कसरी, के आधारमा जलजला रहन गयो भन्नेवारेमा लेखिएका ऐतिहासिक दस्तावेजहरु खोजी गरी प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाको चित्र देखाइ त्यसका वडा सङ्ख्याहरु, गाउँपालिकाको केन्द्र र चारै दिशाका सिमानाबारे नक्सामा देखाइ प्रश्नोत्तर गर्ने ।<br>• गाउँपालिकाका नक्साको स्परुप कोर्न सिकाउने, चार दिशा छुट्याउन सिकाउने र सिमानाका ठाउँहरुको नाम बताईदिने ।<br>• स्थानीय जानकार व्यक्ति वा जनप्रतिनिधिहरुसँग उक्त वडाहरुकोबारेमा विद्यार्थीहरुमाझ अन्तरक्रिया गराउने ।<br>• गाउँपालिका क्षेत्रभित्रका वडा नम्वर १ -९ को नामाकरणको ऐतिहासिक पृष्ठभूमि खोजी गरी बताइदिने ।<br>• वडाहरुको ऐतिहासिक नामाकरण सम्बन्धी स्थानीय इतिहासविदसँग छलफल गराइ निष्कर्ष दिने । | • गाउँपालिकाको नामाकरण सम्बन्धी ऐतिहासिक परिचय दिन लगाउने ।<br>• गाउँपालिकाको नक्सा बनाउन लगाइ चार सिमाना र वडाहरु छुट्याउन लगाउने ।<br>• आफ्नो विद्यालय वा वस्ती भएको वडाको सामान्य नक्सा बनाउन लगाउने र वडा कार्यालय कहाँ रहेको छ नक्सामा चिह्न लगाउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | १.१ गाउँपालिकाको भौगोलिक अवस्था र भुवनोट<br>१.२ मेरो वडाको ऐतिहासिक पृष्ठभूमि<br>१.३ गाउँपालिकाको हावापानी स्वरुप<br>१.४ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार | • गाउँपालिका क्षेत्रको भ-ूबनोट र भू-उपयोग<br>• आफ्नो वडाको पृष्ठभूमी र विस्तृत परिचय<br>• गाउँपालिकाको हावापानी स्वरुप<br>• वडा अध्यक्षको काम, कर्तव्य र अधिकार वताउने, | • गाउँपालिकाको भू-बनोट सहितको नक्सा गाउँपालिकाको प्रोफइल<br>• वडाहरु सम्बन्धी जानकारी मुलक लेख रचना<br>• नामाकरणको ऐतिहासिक पृष्ठभूमीको लेख तथा रचना<br>• श्रव्यव्यदृश्य समाग्रीहरु<br>• कानुनी दस्तावेज | • भू-बनोट र सीमाना सहित गाउँपालिकाको परिचय दिने ।<br>• विद्यालय भएको स्थान र त्यस वरपरको भौगोलिक अवस्थाको जानकारी गराउने । जस्तैः समथर क्षेत्र, भिरालो क्षेत्र, खाली ठाउँ, नदीनाला, बाटो, खेती योग्य जमीन, घरहरू भएको क्षेत्र आदि ।<br>• नक्सा वा भिडियो, वा फोटो देखाइ गाउँपालिकाभित्रका ठाउँहरूको भौगोलिक अवस्था बर्णन गर्ने ।<br>• गाउँपालिकाका वडाहरुको पृष्ठभूमी र विस्तृत परिचय नामाकरणको ऐतिहासिक पृष्ठभूमि सम्बन्धीका लेख, रचना,भिडियो आदि खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>• विद्यालयबाट नजिक पर्ने ठाउँहरुको क्षेत्रगत भ्रमण गराइ ती ठाउँहरुको ऐतिहासिक नामकरणबारे स्थानीय जानकार, बुढापाका व्यक्तिहरुसँग छलफल गराउने ।<br>• स्थानीय जानकार व्यक्ति वा जनप्रतिनिधिहरुसँग उक्त ठाउँहरुको बारेमा विद्यार्थीहरुमाभ्र अन्तरक्रिया गराउने ।<br>• कानुनी दस्तावेजका आधारमा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार उल्लेख गराउने । | • आफू बसेको वडा र गाउँपालिकाको भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने ।<br>• आफ्नो घर वरपरको भौगोलिक अवस्थाको नक्सा सहित वर्णन गर्न लगाउने ।<br>• आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने ।<br>• क्षेत्रगत भ्रमणका आधारमा कुनै एक क्षेत्रको परिचय लेखी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• वडा अध्यक्षको काम, कर्तव्य र अधिकार भन्न लगाउँने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | १.१ गाउँपालिकाको नक्सा नक्सा कार्यका लागि आवश्यक चिन्ह्<br>१.२ गाउँपालिकाको जनसंख्याको वनोट<br>१.३ वडा कार्यलयको संगठन तथा संरचना<br>१.४ वडा कार्यलयवाट प्रदान गरिने सेवा सुविधाहरु | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरुको वर्गीकरण, जनसङ्ख्या, जातजाति र सेवा सुविधाको अवस्थाबारे जानकारी<br>● वडा कार्यालयको संरचना बारेमा जानाकारी दिने ।<br>● वडा कार्यालय बाट प्रदान गर्ने सेवा सुविधाको बारेमा जानाकारी | ● गाउँपालिकाको सङ्केत सहितको नक्सा<br>● गाउँपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, वृत्तचित्र, र नक्सामा प्रयोग हुने चिन्ह्<br>● गाउँपालिकाको प्रोफइल<br>● वडा कार्यालय बाट प्रदान गर्ने सेवा सुबिधाहरु | ● गाउँपालिकाले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>● गाउँपालिकाको नक्सा देखाइ वरिपरीका सिमानाहरूको जानकारी दिने ।<br>● गाउँपालिकाको सामान्य नक्सा बनाइ त्यसमा सङ्केत/चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षास र देशान्तर छुट्याउन सिकाउने । जनसंख्याको बनोटको बारेमा जानाकारी दिने<br>● दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।<br>● गाउँपालिकाको जनसङ्ख्या, जातजाति, मुख्य वस्तीहरु, सडक, बिजुली, स्वास्थ्यचौकी आदिको सेवासुविधा सम्बन्धी पालिकाको प्रोफाइलका आधारमा बताईदिने ।<br>● वडा कार्यालय बाट प्रदान हुने सेवा सुबिधाको बारेमा बताइदिने । | ● गाउँपालिकाको नक्सामा सीमानाको चार किल्ला छुट्याई, सङ्केत सहितको नक्सा बनाउन लगाउने ।<br>● नक्सामा आफ्नो विद्यालय भएको वडा छुट्याउन लगाउने ।<br>● आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने ।<br>● गाउँपालिका भित्रका मुख्य जातजातिहरुको जनसङ्ख्या सूची र लेख्न लगाउने ।<br>● वडा कार्यालयको नक्सा निर्माण गर्न लगाउने<br>● वडा कार्यालय बाट प्रदान हुने सेवा सुबिधा लेख्न लगाउँने । | १० |
| ७ | १.१ गाउँपालिकाको संरचना<br>१.२ गाउँसभाको गठनप्रकृया<br>१.३ गाउँपालिकावाट प्रदान गर्ने सेवा सुविधा<br>१.४ गाउँपालिका उपाध्यक्षका काम कर्तव्य र अधिकार<br>१.५ गाउँपालिकाका विषयगत समितिको चिनारी | ● गाउँपालिकाको राजनैतिक संरचना, वडा विभाजन, गाउँसभा र जनप्रतिनिधि सम्बन्धी जानकारी<br>● गाउँपालिका अध्यक्ष,उपाध्यक्ष र विषयगत समितिको बारेमा जानाकारी गराउने | ● गाउँपालिकाको संरचना सम्बन्धी गाउँपालिका बाट प्रकाशित ब्रोसर वा श्रव्यदृय स्रोतसामग्री<br>● गाउँपालिका र वडाको बडापत्र साथै विषयगत समितिको बारेमा जानाकारी<br>● नेपालको संविधान<br>● स्थानीय कानुनी दस्तावेजहरु | ● गाउँपालिकाको संरचनाबारे छलफल गर्ने । जस्तै: गाउँपालिकामा रहेका वडा सङ्ख्या, कतिजना जनप्रतिनिधिहरु हुन्छन्, गाउँपालिकाभित्र कतिजना र कुन कुन पदमा निर्वाचित जनप्रतिनीधीहरु हुन्छन् भन्ने बारेमा बताईदिने । गाउँपालिकाको संरचना सम्बन्धी कुनै लेख वा भिडियो भएमा प्रस्तुत गर्ने ।<br>● गाउँसभाको गठनप्रकृया सम्बन्धी छलफल गर्ने ।<br>● गाउँपालिका कार्यालयबाट हामीले पाउने सेवा सुविधा लिनका लागि हामीले गर्नुपर्ने कार्यहरुका बारेमा छलफल गर्ने । गाउँपालिकाका उपाध्यक्षको काम कर्तव्य र अधिकार विषयका स्रोत सामग्री मार्फत जानकारी दिने ।<br>● गाउँपालिका भित्रका विषयगत समितिको बारेमा छलफल गर्ने । | ● आफ्नो गाउँपालिकाका जनप्रतिनिधहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने । गाउँपालिकाको संरचना चार्ट बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● तपाईलाई आफ्नो घरमा खानेपानीको लाइन जोड्नुपर्ने छ त्यसका लागि कहाँ गएर सिफारिस लिनुपर्दछ र त्यसको प्रक्रिया के हुन्छ भन्ने बारेमा एउटा परियोजना तयार पार्नुहोस् ।<br>● गाउँपालिकाा कार्यालयबाट हामीले पाउने सेवा सुविधाहरुको सूची प्रस्तुत गर्न लगाउने<br>● विषयगत समितिको महत्व उल्लेख गर्न लगाउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | १.१ गाउँपालिकाको कार्यपालिका संरचना<br>१.२ न्यायिक समितिको गठन प्रकृया<br>१.३ न्यायिक समितिको काम, कर्तव्य र अधिकार<br>१.४ गाउँपालिका अध्यक्षको काम कर्तव्य र अधिकार<br>१.५ गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार | • गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुबारे जानकारी र सेवा लिनका लागि अपनाउने पर्ने प्रक्रियाहरुको बारेमा वर्णन<br>• गाउँपालिका/स्थानीय सरकारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय ।<br>• न्यायिक समितिको वारेमा जानकारी ।<br>• गाउँपालिका अध्यक्ष र गाउँकार्यपालिकाको काम कर्तव्य र अधिकारका बारेमा छलफल गर्ने । | • गाउँपालिकाको संरचना सम्बन्धी गाउँपालिका बाट प्रकाशित ब्रोसर वा श्रव्यदृश्य स्रोतसामग्री<br>• गाउँपालिका र वडाको बडापत्र<br>• नेपालको संविधान<br>• स्थानीय कानुनी दस्तावेजहरु | • विद्यार्थीहरुलाई गाउँपालिका कार्यालयको भ्रमण गराइ त्यहाँबाट पाइने सेवा सुविधा सम्बन्धी स्थानीय जनप्रतिनिधि वा कर्मचारीसँग भेट गराइ अन्तरक्रिया गराउने ।<br>• गाउँपालिकाको सेवा सुविधा सम्बन्धी भिडियो वा वृत्तचित्र भएमा प्रस्तुत गर्ने वा स्थानीय जनाकार व्यक्तिसँग छलफल गर्ने ।<br>• सेवा लिनका लागि आवश्यक पर्ने आधारभूत कुराहरुको बारेमा बताइदिने । जस्तैः विभिन्न निवेदनहरुको ढाँचा र आवश्यक कागजात ।<br>• गाउँपालिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भनेको के हो र तिनीहरुको काम कर्तव्य र अधिकार सम्बन्धी स्थानीय विज्ञसँग छलफल गराउने ।<br>• स्थानीय सरकारको कार्यपालिका, कार्यपालिका र व्यवस्थापिका सम्बन्धी भिडियो वा वृत्तचित्र खोजी गरी प्रर्दशन गर्ने, अन्तरक्रिया गर्ने, गाउँपालिकाका जनप्रतिनिधिसँग छलफल गर्ने । | • गाउँपालिकाबाट हामीले पाइने सेवा सुविधाहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• यदि कुनै विद्यार्थीको कक्षा ८ को परीक्षाको मार्कसिटमा नाम बिग्रिएर आयो अव उक्त नाम सच्याउन के के प्रक्रिया अपनाउनुपर्छ क्रमबद्ध रुपमा लेखेर प्रस्तुत गर्न लगाउने । गाउँपालिकामा हुने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• गाउँ स्तरीय न्यायपालिकाको भूमिका सम्बन्धी परियोजना कार्य गराउने । | १२ |

## क्षेत्र २: स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल

| कक्षा | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | २.१ मेरो वडाका एतिहासिक र धार्मिक स्थलहरु<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरु | • मेरो वडाका एतिहासिक र धार्मिक स्थलहरु जस्तै<br>• मेरो वडाका पर्यटकीय स्थलहरु नाम | • आफ्नो वडा भित्र रहेका धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थलहरुकोसूची, फोटो, वृतचित्र<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची, फोटो<br>• श्रव्य दृश्य सामग्रीहरु | • आफ्नो वडा क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको फोटो देखाइ चिनाउने र नाम भन्न लगाउने ।<br>• विद्यालय नजिकको मठ मन्दिर, गुम्बा, चर्च, पाटीपौवा अवलोकन भ्रमण गराइ तिनीहरुको नाम बताई परिचय दिने । स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र सङ्कलन गरी प्रदर्शन गर्ने ।<br>• विद्यालय नजिकको कुनै एक रमणीय पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको बारेमा छोटो परिचय दिने, परियोजना कार्य गर्न लगाऊने । | • आफ्नो वस्ती र विद्यालय नजिक भएका ऐतिहासिक तथा धार्मिक ठाउँहरुको नाम सोध्ने ।<br>• आफ्नो वस्ती र विद्यालय नजिक भएका रमणीय पर्यटकीय ठाउँहरुको नाम सोध्ने ।<br>• फोटो देखाइ विभिन्न मठ मन्दिर, ठाउँहरु चिन्न लगाउने ।<br>• विद्यालय नजिकको कुनै एक मन्दिर वा गुम्वाको चित्र बनाउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २.१ मेरो वडाका ऐतिहासिक र धार्मिक स्थलहरुको परिचय<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरुको चिनारी | • आफ्नो वडा भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरुको नाम र छोटो परिचय,<br>• आफ्नो वडा भित्रका पर्यटकीय स्थलहरुको नाम र छोटो परिचय । | • स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँहरुको फोटो, त्यस सम्बन्धी ब्रोसर,<br>• श्रव्यदृश्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>• स्थानीय पर्यटकीय ठाउँहरुको फोटो, त्यस सम्बन्धी ब्रोसर<br>• स्थानीय संस्कृतिविद तथा इतिहास विद अनुभवसहितको लेख रचना । | • आफ्नो वडा क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्च, मस्जिद, आदीको फोटो देखाइ तिनीहरु नाम भन्न लगाउने र त्यसको बारेमा छलफल गर्ने ।<br>• सम्भव भएका उक्त ठाउँहरुको अवलोकन भ्रमण गराइ तिनीहरुको परिचय र महत्वबारे वर्णन गर्ने ।<br>• विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा वा पर्यटकीय क्षेत्रका अवलोकन भ्रमण गराइ परिचय दिने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र सङ्कलन गरी प्रदर्शन गर्ने, ठाउँ चिनाईदिने र त्यसको स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• स्थानीय विज्ञ व्यक्तिलाई आमन्त्रण गरि अनुभव सुनाउने, अन्तर्वार्ता ।<br>• नजिकैको पर्यटकिय स्थलको भ्रमण गराउने | • आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम र ठेगाना बताउन लगाउने ।<br>• फोटो देखाइ स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने ।<br>• विद्यालय नजिकको कुनै एक धार्मिक वा एतिहासिक स्थलको चित्र बनाउन लगाइ छोटो परिचय लेख्न लगाउने ।<br>• आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ छोटो परिचय दिन लगाउने ।<br>• फोटो हेरेर ठाउँको पहिचान गर्न लगाउने ।<br>• फोटोका जोडा मिलाउन लगाउने | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | २.१ मेरो वडाका ऐतिहासिक र धार्मिक स्थलहरुको सूचि निमार्ण गर्न,<br>२.२ मेरो वडाका पर्यटकीय स्थलहरुको सूचि निर्माण । | • आफ्नो विद्यालय तथा घरको आसपासका ऐतिहासिक तथा धार्मिक स्थलहरुको सूची, परिचय र महत्व जस्तै वराईनी,पूर्णगाउँ वराह थान, राम मन्दिर, कोट मन्दिर, डोवे मन्दिर, गिद्धेश्वर, भद्राचल विष्णु मन्दिर, शिवालय गुफा, भुमेथान, शुक्लेश्वर, वनौं वुद्ध विहार)<br>• गाउँपालिका अन्तर्गत आफ्नो विद्यालय तथा घरको आसपासका पर्यटकीय स्थलहरुको नाम, परिचय र महत्व जस्तै सुन्तला वगान, मल्लाज दरवार, फलामेडाडा, हम्पाल, मालरानी, हल्जुरे, जलजला) | • स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि<br>• श्रव्यदृश्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>• स्थानीय बुढापाका, संस्कृतिविद् तथा इतिहास विद्<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको फोटो, श्रव्यदृश्य सामग्री | • विद्यालय नजिकको मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवाको अवलोकन भ्रमण गराइ महत्व सहित परिचय दिने ।<br>• धार्मिक तथा ऐतिहासिक क्षेत्रको महत्व सम्बन्धी परिचय दिने र उक्त क्षेत्रहरुका जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने ।<br>• स्थानीय जानकार व्यक्तिसँग ऐतिहासिक तथा धार्मिक ठाउँहरुको महत्वकाबारेमा अन्तरक्रिया गराउने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । | • फोटो देखाइ स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने र त्यसको महत्व बताउन लगाउने ।<br>• आफ्नो घर वरपर वा विद्यालय नजिकैको कुनै एक धार्मिक वा ऐतिहासिक स्थलको चित्र बनाइ त्यसको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>• नजिकको एक धार्मिक वा ऐतिहासिक स्थलमा गरिने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• अवलोकन भ्रमण लगायतमा विद्यार्थीहरुको सहभागिताका आधारमा मुल्याङ्कन गर्ने ।<br>• विभिन्न मठ मन्दिर, पाटी पौवा, देवि मन्दिरका बारेमा परिचय र महत्व लेखी प्रस्तुत गर्न लगाउने ।<br>• घर वा विद्यालय नजिकको पर्यटकीयठाउँको सरसफाईमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा एतिहासिक र पर्यटकिय स्थलको जानकारी<br>● देवि भूमे<br>● डोवे मन्दिर<br>● घोप्टे छहरा<br>● चर्च<br>● फलामे डाँडा<br>● हेली प्याड | ● गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको संक्षिप्त परिचय दिन,<br>● उल्लेखित स्थलहरुको विस्तारमा परिचय दिन :देवि भूमे डोवे मन्दिर,घोप्टे छहरा चर्च,फलामे डाँडा,हेली प्याड | • स्थानीय धार्मि तथा ऐतिहासिक स्थलहरु सँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि<br>• स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको फोटो, श्रव्यदृश्य सामाग्री | ● विद्यालय नजिकको कुनै मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवाको अवलोकन भ्रमण गराइ महत्व सहित परिचय दिने<br>● त्यससँग सम्बन्धित भिडियो देखाइ परिचय, महत्व, संरक्षणका उपायहरुबारे छलफल गर्ने<br>● उक्त ठाउँहरुको भ्रमण गराउने, स्थानीय जानकार व्यक्तिसँग उक्त ऐतिहासिक तथा धार्मिक ठाउँहरुको महत्वकाबारेमा अन्तरक्रिया गराउने ।<br>● विद्यार्थीहरुलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने।<br>▪ देवि भूमे<br>▪ डोवे मन्दिर<br>▪ घोप्टे छहरा<br>▪ चर्च<br>▪ फलामे डाँडा<br>● हेली प्याड लगायतका ठाउँहरुको फोटो सहित महत्व र प्रवर्धनकाबारेमा छलफल गर्ने ।<br>● आफ्नो विद्यालयबाट नजिक पर्ने कुनै पर्यटकीय ठाउँहरुको अवलोकन भ्रमण गराइ वा तिनीहरुसँग सम्बन्धित भिडियो देखाइ छलफल गरी निष्कर्ष दिने । | ● स्थानीय ऐतिहासिक, धार्मिक स्थलको महत्व बताउन लगाउने ।<br>● गाउँपालिका भित्रका कुनै एक धार्मिक वा ऐतिहासिक स्थलको चित्र बनाइ त्यसको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाईमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>▪ देवि भूमे<br>▪ डोवे मन्दिर<br>▪ घोप्टे छहरा<br>▪ चर्च<br>▪ फलामे डाँडा<br>▪ हेलीप्याड<br>लगायतका ठाउँहरुको बारेमा छोटो परिचय लेख्न लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा एतिहासिक र पर्यटकिय स्थलको जानकारी<br>• राम मन्दिर<br>• पूर्णगाउँ वराह ताल<br>• मालिका मन्दिर<br>• मालारानी कोत<br>• हल्जुरे परिचय दिन,<br>२.२ ऐतिहासिक धार्मिक र पर्यटकिय स्थलहरुको सामाजिक एकतामा पारेको प्रभाव , | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरु मध्ये पाँच ओटाको महत्व र संरक्षण आदी<br>• राम मन्दिर,पूर्णगाउँ वराह ताल, मालिका मन्दिर,मालारानी कोत, हल्जुरे को परिचय<br>• ऐतिहासिक धार्मिक र पर्यटकिय स्थलहरुको सामाजिक एकतामा पारेको प्रभाव | • स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि ।<br>• श्रव्यदृश्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि ।<br>• स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद्<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको फोटो, श्रव्यदृश्य सामग्री | • गाउँपालिका भित्र भएका ऐतिहासिक तथा धार्मिक स्थलहरुको सूची र फोटो प्रस्तुत गर्ने । महत्व र प्रवर्धनकाबारेमा छलफल गर्ने ।<br>• विद्यालय नजिकको कुनै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको भ्रमण गराइ महत्व सहित परिचय दिने । राम मन्दिर, पूर्णगाउँ वराह ताल, मालिका मन्दिर, मालारानी कोत, हल्जुरे<br>• ठाउँहरुको अवलोकन भ्रमण गराइ वा फोटो वा त्यससँग सम्बन्धित भिडियो देखाइ तिनीहरुको ऐतिहासिक, धार्मिक परिचय, महत्व, संरक्षणका उपायहरुबारे छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• ऐतिहासिक धार्मिक र पर्यटकिय स्थलहरुको सामाजिक एकता विषयमा छलफल गर्ने । | • स्थानीय ऐतिहासिक, धार्मिक स्थलको महत्व बताउन लगाउने । राम मन्दिर,पूर्णगाउँ वराह ताल, मालिका मन्दिर,मालारानी कोत, हल्जुरे लगायतका ठाउँहरुको चित्र बनाइ त्यसको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>• घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको<br>• सरसफाइमा सहभागी गराउने र त्यसको<br>• संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>• ऐतिहासिक धार्मिक र पर्यटकिय स्थलहरुको सामाजिक एकता सम्वन्धित लेख्न लगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गराउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी दिन,<br>• भद्राचल विष्णु मन्दिर<br>• मनिवराह दह<br>• शालिग्राम आश्रम<br>• वर्काती जोम मस्जित<br>• शिवालय गुफा वारेमा परिचय दिन ,<br>२.२ धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुले आर्थिक विकासमा पुयाएको योगदान भन्न , | • जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थल<br>• भद्राचल विष्णु मन्दिर, मनिवराह दह, शालिग्राम आश्रम,वर्काती जोम, मस्जितको परिचय,<br>• धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुले आर्थिक विकासमा पुयाएको योगदान | • स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि । श्रव्यदृश्य, सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि ।<br>• स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद<br>• स्थानीय पर्यटन कर्मी तथा संस्कृति विज्ञ | • विद्यालय नजिकको कुनै ऐतिहासिक वा धार्मिक भ्रमण गराइ त्यसको उत्पति, ऐतिहासिक तथा धार्मिक महत्व सहित त्यहाँ सञ्चालन हुने गतिविधि, पूजाआजा, मेलाजात्रा लगायतका विषयमा परिचय दिने । स्थानीय जानकार व्यक्तिसँग ऐतिहासिक तथा धार्मिक ठाउँहरुको महत्व र आर्थिक विकास प्रवर्धनकाबारेमा अन्तरक्रिया गराउने<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ र उक्त ठाउँलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• उक्त ठाउँहरुको अवलोकन भ्रमण गराइ त्यसको उत्पति महत्व, उपयोग र क्रियाकलापका बारेमा छलफल गर्ने ।<br>• गाउँपालिका भित्र रहेका पर्यटकीय ठाउँहरुको प्रवर्धन र संरक्षणका लागि हामी विद्यार्थीले गर्न सक्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने । | • स्थानीय ऐतिहासिक, धार्मिक स्थलको महत्व र संरक्षणका उपायहरुबारे लेखेर प्रस्तुति दिन लगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा समूहगत परियोजना गर्न लगाइ प्रस्तुत गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>• विभिन्न ऐतिहासिक, पर्यटकीय क्षेत्रहरुको सचित्र वर्णन गर्न लगाउने ।<br>• भद्राचल विष्णु मन्दिर, मनिवराह दह,<br>• शालिग्राम आश्रम,<br>• वर्काती जोम, मस्जितका लगायतका ठाउँहरुको परिचय लेखेर प्रस्तुत गर्न लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी दिन,<br>• मल्लाज कोत भगवती<br>• भूमेथान<br>• गिद्धेश्वर शिवालय मन्दिर<br>• वौद्ध गुम्वा, वौद्ध विहार<br>• दैडाँडा<br>• धार्मिक ऐतिहासिक र | • जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी,<br>• मल्लाज कोत भगवती भूमेथान गिद्धेश्वर शिवालय मन्दिर वौद्ध गुम्वा, वौद्ध विहार दैडाँडा<br>• धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुको महत्व | • स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित ब्रोसर, लेखरचना, फोटो आदि<br>• श्रव्यदृश्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>• स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहार विद<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको फोटो, श्रव्यदृश्य सामग्री , | • विभिन्न धार्मिक तथा ऐतिहासिक ठाउँहरुमा पूजा गर्ने तरिका, विषेश पुजा आजा विधि,<br>• क्षेत्रमा लाग्ने मेला लगायतका बारेमा उक्त ठाउँको जानकार व्यक्तिसँग वा पुजारी वा प्रतिनिधिसँग छलफल गराउने । हाम्रा सम्पदा संरक्षणका लागि स्थानीय समुदाय र हामी विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>• स्थानीय जानकार व्यक्तिसँग ऐतिहासिक तथा धार्मिक ठाउँहरुको महत्व र प्रवर्धनकाबारेमा अन्तरक्रिया गराउने ।<br>• गाउँपालिका क्षेत्रभित्र भएका पर्यटकीय स्थलहरुको सूची प्रस्तुत गर्ने र नजिकको | • आफ्नो वस्ती वा विद्यालय नजिक भएका कुनै दुईवटा धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुमा सञ्चालन हुने क्रियाकलापहरुबारे स्थलगत अवलोकन गरी प्रतिवेदन लगाउने।<br>• स्थानीय धार्मिक तथा ऐतिहासिक ठाउँको संरक्षण र प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय धामिर्क, ऐतिहासिक वा पर्यटकीय क्षेत्रको सरसफाइमा सहभागी गराइ उनीहरुले गर्ने कार्यको मुल्याङ्कन गर्ने ।<br>• कुनै एक स्थानीय पर्यटकीय क्षेत्रको प्रवंधन | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्यटकिय स्थलहरुको महत्व चर्चा गर्न, | | | पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, मानिसहरुले त्यस ठाउँको उपयोग कसरी गरिरहेका छन् ? र उक्त ठाउँलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः बन्जी, प्याराग्लाईडिङ्ग, पहाड चढ्ने, जङ्गल सफारी, पिकनिक स्पोट, दृश्यावलोकन आदि ।<br>● विद्यालय नजिकको स्थानीय कुनै एक पर्यटकीय क्षेत्रको योजना निर्माण गर्न लगाउने र समूहगत प्रस्तुति गराउने | र संरक्षण योजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● हाम्रा पर्यटकीय क्षेत्रहरुबाट हामीले कसरी फाईदा लिन सक्छौं र त्यसको प्रवर्धनका लागि हामीले के कस्ता कार्यहरु गर्नुपर्छ भन्नेबारेमा वक्तृत्वकलाको आयोजना गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | २.१ जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको जानकारी,<br>● कालञ्जर<br>● शुक्लेश्वर मन्दिर<br>● गण्डकी गोपाल गौशाला<br>● शितल डाँडा ,<br>२.२ धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुको संरक्षण र प्रवर्धनमा स्थानीय तहको भूमिका लेख्न, | ● जलजलाका प्रसिद्द धार्मिक तथा ऐतिहासकि र पर्यटकिय स्थलको परिचय सहित कालञ्जर, शुक्लेश्वर मन्दिर, गण्डकी गोपाल गौशाला, शितल डाँडा<br>● धार्मिक ऐतिहासिक र पर्यटकिय स्थलहरुको संरक्षण र प्रवर्धनमा स्थानीय तहको भूमिका | ● स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित श्रव्यदृश्य सामग्रीहरु, भिडियो,डकुमेन्ट्री आदि ।<br>● सम्पदा संरक्षणका लागि गाउँपालिका ले बनाएका नियमहरु, नगरिक वडापत्र आदि<br>● स्थानीय पर्यटकीय क्षेत्रहरुको फोटो, श्रव्यदृश्य सामग्री<br>● स्थानीय मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो,ब्रोसर,श्रव्यदृश्य सामग्री आदि | • विद्यालय नजिकको कुनै ऐतिहासिक वा धार्मिक भ्रमण गराइ उक्त ठाउँको धार्मिक, ऐतिहासिक परिचय र महत्व सहित त्यहाँ सञ्चालन हुने गतिविधि, पूजाआजा, मेलाजात्रा, लगायतका विषयमा परिचय दिने । जस्तैः कर्णेलीको दरवार, भुमे थान, शिव मन्दिर, कमल जैशी थान, देवि मन्दिर, वराह मन्दिर,खनियाघाट मन्दिर आदि ।<br>• हाम्रा सम्पदा संरक्षणका लागि स्थानीय सरकारले के कस्ता कार्यहरु गर्दै आईरहेको छ भन्नेबारेमा स्थानीय जनप्रतिनिधिसँग छलफल गराउने । जस्तैः पुननिर्माण, संरक्षणका लागि नियम बनाएर कार्यान्वयन गरिरहेको ।<br>• ऐतिहासिक तथा धार्मिक ठाउँहरुको महत्व र प्रवर्धनकाबारेमा अन्तरक्रिया गराउने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ र उक्त ठाउँलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः धार्मिक पर्यटन, पूजाआजा, जीप लाइन, दृश्यावलोकन, पिकनिक, बन्जी, प्याराग्लाईडिङ्ग, पहाड चढ्ने, जङ्गल सफारी आदि ।<br>• स्थानीय कुनै दुईओटा पर्यटकीय क्षेत्रको योजना निर्माण गर्न लगाउने र समूहगत प्रस्तुति गराउने । | • आफ्नो वस्ती वा विद्यालय नजिक भएका कुनै तीनओटा धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुमा सञ्चालन हुने क्रियाकलापहरुबारे स्थलगत अवलोकन गरी प्रतिवेदन तयार पारेर प्रस्तुत गर्न लगाउने ।<br>• कुनै एक स्थानीय पर्यटकीय क्षेत्रको प्रर्वधन र संरक्षण योजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• हाम्रा परम्परागत मेला जात्राहरुबाट हामीले कसरी फाईदा लिन सक्छौं र त्यसको प्रवर्धनका लागि हामीले के कस्ता कार्यहरु गर्नुपर्छ भन्नेबारेमा लेखेर प्रस्तुत गर्न लगाउने<br>• स्थानीय ऐतिहासिक, धार्मिक, पर्यटकीय क्षेत्रको सरसफाई तथा संरक्षणका कार्यहरुमा सहभागी गराइ उनीहरुको सहभागिताका आधारमा मुल्याङ्कन गर्ने ।<br>• धार्मिक पर्यटनका बारेमा निवन्ध लेख्न लगाउने । | १३ |

## क्षेत्र ३ : स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | ३.१ मेरो वडामा उत्पादन हुने अन्न वाली, फलफूल , तरकारी वालीका<br>३.२ मेरो वडामा कृषि कार्यमा उपयोग हुने परम्परमगत सामाग्रीहरु | • स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली , फलफूल बाली, तरकारी बालीको नाम (मकै, फापर, आलु, गहुँ, जौ, कोदो, सिमी, भटमास, आरु, खुर्पानी, सुन्तला, कागती, केरा, धान, तितेफापर, उवा, तोरी, केराउ ( कालो), च्याउखेती, निउरो साग, मुसुरो बन्दा, काउली आदि ।<br>• स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरुको नाम (हलो, जुवा, डोको, नाम्लो, तान, पानी घट्ट, जाँतो, ढिकी, कोदालो आँसी, बञ्चरो, मान्द्रो, सेगु, भकारी, चेत्रो, फुङ्गो, थुन्सी, हँसिया, खुर्पा, खुकुरी, दाबे, दाँते, फुरुवा आदि । | • विभिन्न बालीनालीहरुको फोटो, चित्र<br>• स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरुको सूची<br>• कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरुको वास्तविक वस्तु | • स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः मकै, फापर, आलु, गहुँ, जौ, कोदो, सिमी, भटमास, आरु, खुर्पानी, सुन्तला, कागती, केरा, आदि ।<br>• विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादन हुने वस्तुहरूको नाम सहित चिनाईदिने ।<br>• स्थानीय ठाउँमा मानिसहरुले परापूर्व कालदेखि कृषि कार्यमा उपयोग गर्दै आएका विभिन्न घरायसी सामग्रीहरुको चित्र प्रस्तुत गर्ने र चिनाइदिने । जस्तै, तान, पानी घट्ट, जाँतो, ढिकी, कोदालो आँसी, बञ्चरो, मान्द्रो, सेगु, भकारी आदि ।<br>• उक्त औजारहरुको उपयोगबारे वास्तविक वस्तु देखाइ छलफल गर्ने बताइदिने । | • वरिपरी रहेका वालीनालीको चित्र देखाइ के हो चिन्न लगाउने ।<br>• स्थानीय उत्पादन हुने फलफुलहरुको नाम सोध्ने ।<br>• आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने ।<br>• फोटो देखाइ विभिन्न औजारहरु चिन्न लगाउने ।<br>• आफ्नो घरमा भएका कृषि औजारहरुको नाम सोध्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | १.१ मेरो वडामा उत्पादन हुने अन्न वाली, फलफूल ,खेतीको परिचय दिन<br>१.२ कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परमगत सामाग्रीहरुको परिचय बताउन | • स्थानीय कृषि उत्पादन-अन्नबाली, फलफूल, तरकारी खेतीको परिचय (मकै, फापर, आलु, गहुँ, जौ, कोदो, सिमी, भटमास, आरु, उवा, तोरी, केराउ कालो), च्याउखेती, निउरो साग, मुसुरो बन्दा, काउली आदि<br>• स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरुको परिचय (हलो, जुवा, डोको, नाम्लो, तान, पानी घट्ट, जाँतो, ढिकी, कोदालो | • स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरुको सूची, फोटो, चित्र<br>• पशुपालनमा उपयोग हुने विभिन्न सामग्रीहरुको चित्र<br>• श्रव्यदृश्य सामग्री | • स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने ।<br>• माथीका कृषिजन्य वस्तुहरुको उत्पादनका आधारमा वर्गीकरण गर्न सिकाउने वा कुन वस्तु कहाँबाट उत्पादन हुन्छ भन्ने कुरा बताईदिने । जस्तैः धान, चामल, मकैः अन्नबाली, मुसुरोः दालबाली, साग, भण्टा, तरकारी, दुध, माछामासु, पशुपालन, सुन्तला, भोगटे, फलफूल, सयपत्री, गुराँस, फूल आदि ।<br>• विद्यालय नजिकको बजारसङ्ग्राहालय वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादित वस्तुहरूको वर्गीकरण गर्न सिकाउने ।<br>• पशुपालन गर्दा आवश्यक पर्ने विभिन्न सामग्रीहरुको फाटो वा चित्र प्रस्तुत गर्ने । स्थानीय पशुपालन फर्म वा पशुपालककोमा लगेर (हलो, जुवा, डोको, नाम्लो, तान, पानी घट्ट, जाँतो, ढिकी, कोदालो आँसी, बञ्चरो, आदि) प्रत्यक्ष सामग्रीहरु देखाउने । | • आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने कृषि उत्पादनहरुको सूची बनाउन लगाउने ।<br>• विभिन्न प्रकारका कृषि उपजहरुबिच जोडा मिलाउन लगाउने ।<br>• फोटोद्धारा कृषि उपजहरुको वर्गीकरण गर्न लगाउने ।<br>• कुनै एक पशुपालन गर्दा चाहिने सामानको चित्र बनाउन लगाउने ।<br>• स्थानीय क्षेत्रमा परम्परागत रुपमा प्रयोग हुने सामग्रीहरुको सूची बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३.१ स्थानीय कृषि उत्पादन र पशुपालनको प्रकारहरुको महत्वबोध गरी फाइदा बताउन<br>३.२ स्थानीय परम्परागत सामग्रीहरुको परिचय दिन र उपयोग गर्न | • स्थानीय कृषि उत्पादन र पशुपालनको महत्व र फाइदा<br>• स्थानीय परम्परागत सामग्रीहरुको फोटो, र उपयोग (नाम्लो, मान्द्रो, गुन्द्री, सुकुल, आरन बञ्चरो, डालो, मिनी टेक्टर, घन, करौंती, दाम्लो आदि | • विभिन्न बालीनाली र पशुपालन सम्बन्धी उपयोगिता सहितको फोटो, चित्र<br>• स्थानीय क्षेत्रमा पाइने परम्परागत रुपमा उपयोग भइरहेका घरायसी सामग्रीहरुको फोटो, चित्र तथा उपयोग सम्बन्धी जानकारीमूलक श्रव्यदृश्य सामग्री | • स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः सिमी, काक्रो, बन्दा, मुला, गाजर, च्याउ, दाल, फापर, धान, मकै, दुध, मासु, फूलहरू आदि ।<br>• कृषि उत्पादनबाट हामीलाई पुग्ने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्ने ।<br>• चित्र देखाइ कृषि उत्पादनको सामान्य फाइदाहरूको बारेमा समूहगत छलफल गराइ प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा पालिने पशुपंक्षीहरुको सूची प्रस्तुत गर्ने । जस्तैः गाई, भैंसी, भेडाबाखा, बंगुर, माछा, कुखुरा, हाँस, टर्की, मौरी आदि ।<br>• पशुपालनको फाइदा सम्बन्धी स्थानीय पशुपालकसँग अन्तरक्रिया गराइ निष्कर्ष दिने ।<br>• स्थानीय क्षेत्रमा मानिसहरुले परापूर्वकालदेखि घरमा प्रयोग गर्दै आईरहेका सामग्रीहरुको सूची बनाइ फोटो सहित प्रस्तुत गर्ने । जस्तैः नाम्लो, मान्द्रो, गुन्द्री, सुकुल, आरन बञ्चरो, डालो, मिनी टेक्टर, घन, करौती, दाम्लो आदि ।<br>• विद्यालय नजिकको कुनै घर वा स्थानीय सङ्ग्रहालयमा लगेर त्यहाँ भएका परम्परागत सामग्रीहरु प्रत्यक्ष देखाउने र त्यसको उपयोग तथा तिनीहरु के बाट बनेका हुन्छन् भन्ने सम्बन्धी छलफल गर्ने,जस्तैः अन्न राख्न बाँसको डालोको उपयोग गरिन्छ, यो बाँसको चोयाबाट बनाइन्छ ,आदि । | • आफ् गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने कृषि उत्पादनहरुको उपयोग कसरी हुन्छ बताउन लगाउने<br>• विभिन्न प्रकारका कृषि उपजहरु र त्यसको उपयोग बिच जोडा मिलाउन लगाउने ।<br>• स्थानीय कृषि उपजहरुको महत्वबारे लेख्न लगाउने ।<br>• पशुपालनको महत्व प्रस्तुत गर्न लगाउने ।<br>• आफ्नो घरमा विद्यार्थीहरुलाई कुनै एक कृषि सम्बन्धी विरुवा रोप्न लगाउने र त्यसको उपयोगबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>• आफ्नो घरमा भएका परम्परागत सामग्रीहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा विभिन्न सामग्रीहरुको चित्र बनाउन र उपयोग लेखी प्रस्तुत गर्न लगाउने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ३.१ तरकारी खेतिको चिनारी दिन<br>३.२ पशूपालनको महत्व बताउन | • तरकारी खेती - काउली, बन्दा, साग, आलु र च्याउ)को जानकारी<br>• पशूपालन जस्तै ( गाई, भैसी, बाखा पालनको परिचय सहित महत्व | • स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीबालीहरु को महत्व सम्बन्धी चार्ट भिडियो, वृत्तचित्र, पोष्टर आदि<br>• पशुका चित्र, तस्वीर, महत्त्व झल्कने स न्दर्भ सामग्री | • स्थानीय स्तरमा उत्पादित तरकारीवालीहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः केराऊ, काँक्रो, फर्सी, साग, आलु, च्याउआदि ।<br>• केराऊ, काँक्रो, फर्सी, साग, आलु र च्याउ उत्पादन सम्बन्धी सिपको विकास गर्न त्यस सम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिंचाई, गोडमेल, बाली सङ्कलन जस्ता कुराहरु समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी तरकारी उत्पादन सम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>• आलु पकेट क्षेत्रको अवलोकन भ्रमण गराउने र आलु उत्पादन सम्बन्धी जानकारी गराउने ।<br>• विद्यालयको खाली जग्गामा विद्यार्थीहरु परिचालन गरी साग र मुला रोपेर हेरचाह र अवलोकन गर्न लगाउने ।<br>गाउँपालिकाभित्र भएका विभिन्न पशु फमहरूको अवलोकन गरी पशुपालको महत्त्व तथा फाइदा सम्बन्धमा जानकारी गराउने | • आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने तरकारीबालीहरुका सूची बनाउन लगाउने ।<br>• साग र मुला खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरुको समूह बनाइ विद्यालयमा केराऊ र मुला रोप्न लगाउने र उनीहरुको सिप विकासको मूल्याङ्कन गर्ने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने । आफ्नो गाउँघरमा भएका विभिन्न साना उद्योगहरुको सूची बनाउन लगाउने ।<br>• कुनै एक स्थानीय व्यवसायको परिचय र महत्व सम्बन्धी लेख्न लगाउने ।<br>• स्थानीय कुनै एक व्यवसायीकोमा गएर उक्त<br>• व्यवसाय सञ्चालन सम्बन्धी बुझेर कक्षामा प्रस्तुत गर्न लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ३.१ अन्नवालीको परिचय दिन<br>३.२ पशु तथा पक्षि पालनको महत्व र आवश्यकता बताउन<br>३.३ उद्योग तथा व्यवसायको परिचय र महत्व उल्लेख गर्न | • अन्नखेती -धान, सिमी, बोडी, गहुँ,कोदो, फापर र मकै खेती)को जानकारी<br>• पशुपालन तथा पन्छि पालनक( गाई, भैसी, बाख्रा, सुँगुर, कुखुरा, हाँस आदिको महत्त्व तथा उपयोगिता<br>• स्थानीय उद्योग व्यवसायहरुको परिचय (फर्निचर, आरन, पाउरोटी उद्योग, सिलाई बुनाई, पशु फर्म, पानी घट्ट, पानी मिल, गलैंचा झोला, स्वीटर, गुन्द्री, डोको, चकटी राडी पाखी, अगरबत्ति, डाला, पशुपालन, कृषि शिक्षक, कर्मचारी वैदेशिक रोजगार, अल्लो उत्पादन, कृषि, व्यापार, होमस्टे आदि | • विभिन्न अन्न बालीहरुको उपयोगिता सहितको फोटो, चित्र<br>• धान, सिमी, बोडी, गहुँ, कोदो, फापर र मकै खेती सम्बन्धी भिडियो, वृत्तचित्र, पोष्टर आदि पशुपन्छीका तस्बिर, गौशाला अवलोकनको चित्र, भिडियो,स्लाइस आदि<br>• गाउँपालिका क्षेत्रमा भएका स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट | • स्थानीय स्तरमा उत्पादित अन्नवालीहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः धान, सिमी, बोडी, गहुँ, कोदो, फापर र मकै आदि ।<br>• धान, गहुँ, कोदो, सिमी, बोडी, कोदो, मकै उत्पादन सम्बन्धी सिपको विकास गर्न त्यस सम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिंचाई, गोडमेल, बाली सङ्कलन जस्ता कुराहरु समेट्ने ।<br>• पशुजन्य तथा पन्छीजन्य उत्पादन र उपभोग सम्बन्धमा छलफल र अन्तर्क्रिया गराउने<br>• विद्यालय नजिकैको कुनै कृषककोमा वा कृषि फर्मको अवलोकन गरी अन्न उत्पादन सम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>• कोदो पकेट क्षेत्रको भ्रमण गराइ कोदो उत्पादन र बजार सम्बन्धी छलफल गराउने ।<br>• स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाइ छोटो परिचय सहित प्रस्तुत गर्ने । जस्तैः फर्निचर, आरन, पाउरोटी उद्योग, सिलाई बुनाई, पशु फर्म, पानी चकटी राडी पाखी, अगरबत्ति, डाला, अल्लो उत्पादन, कृषि, व्यापार, होमस्ट आदि ।<br>• स्थानीय क्षेत्रमा भएको कुनै एक घरेलु उद्योगको अवलोकन गराउने र त्यसबारेमा परिचय र त्यसको महत्वबारे जानकारी गराउने । जस्तैः तानमा लुगा बुन्ने, सिस्नुको पाउडर निकाल्ने मेसिन परम्परागत कोल आदिबारे परिचय दिने । विभिन्न स्थानीय उद्योगको महत्वबारेछलफल गर्ने । जस्तैः त्यसबाट आर्थिक फाईदा हुन्छ, हाम्रो परापूर्व कालमा मानिसहरुले उपयोग गर्ने सामग्रीबारे जानकारी पाइनेछ, आफ्नो ठाउँको विषेशता झल्किन्छ आदि । | • आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने अन्न बालीहरुको सूची बनाउन लगाउने<br>• धान, मकै, सिमी खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरुको समूह बनाइ विद्यालयको खाली ठाउँमा वा एक एक वटा गमलामा मकै रोप्न लगाउने र उनीहरुको सिप विकासको मूल्याङ्कन गर्ने ।<br>• आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका पुराना उद्योगहरुको सूची बनाइ त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>• पशुपालन तथा पन्छीपालनको आवश्यकतामाथि प्रकाश पार्न लगाउने<br>• गाउँपालिका भित्रको कुनै एक पुरानो उद्योगको परिचय दिन लगाउने ।<br>• फोटो मार्फत उद्योग व्यवसायहरु चिन्न लगाउने ।<br>• अभिभावक वा स्थानीय जानकारलाई सोधेर आलु खेतीबारे लेख्न लगाउने । | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ३.१ फलफूल खेतीको परिचय<br>३.२ पशूपक्षी पालन वगुर टर्की हाँस पालनको महत्त्व | • फलफूप खेती ( सुन्तला, अम्बा, मेवा, केरा,कागती) को जानकारी<br>• पशुपालन र पन्छीपालन (बाखापालन, कुखुरा, हाँस पालन, टर्की र बङ्गुर पालन) को जानकारी<br>• पर्यटन व्यसाय परिचय: ऱ्याफटिङ, कृषि,धार्मिक, प्राकृतिक ऐतिहासिक | • फलफूल बगैँचाको चित्र, भिडियो, बिभिन्न फलहरूको रङ्गीन मुद्रित सामग्री<br>• विभिन्न पशुपालनको तरिका र उपयोगिता सहितको फोटो,चित्र<br>• कुखुरा, टकी,ि बाखापालन, हाँस, कुखुरा र बङ्गुरपालन सम्बन्धी भिडियो, वृत्तचित्र, पोष्टर आदि<br>• स्थानीय क्षेत्रमा भएका उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची<br>• पर्यटन र पर्यटकीय कियाकलाप सम्बन्धी<br>• फोटो, ब्रोसर, पम्प्लेट | • फलफूल पकेट क्षेत्रको अवलोकन भ्रमण गराउने<br>• स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धित विभिन्न उत्पादनहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तै: दुध, घिउ, मासु, अण्डा, आदि ।<br>• पशुपालन सम्बन्धी सिपको विकास गर्न त्यस सम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने । जसमा विभिन्न प्रजाति, गोठ वा खोरको निर्माण, आवश्यक घाँस, दानापानी, उत्पादन दिन लाग्ने समय, जस्ता कुराहरु समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि -कुखुरा, टकी, बाखार् वा बङगुर् ) फर्मको अवलोकन गरी पशुपालन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने । | • फलफूल खेतीको महत्त्व तथा फाइदा सम्बन्धी कुरा समेटिएको परियोजना कार्य दिने<br>• आफ्नो गाउँघर तथा वस्ती वरिपरी गरिने पशुपालनको सूची बनाउन लगाउने ।<br>• माछापालन र कुखुरापालन सम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यालय नजिकैको कुनै एक कुखुरापालन केन्द्र, माछापालन केन्द्र वा बङ्गुर पालन केन्द्रको अवलोकन गर्न लगाइ उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ३.१ स्थानीय पकेट क्षेत्रको परिचय<br>३.२ पर्यटन तथा व्यवसाय कृषि उत्पादनको महत्व | • स्थानीय कृषि पकेट क्षेत्र जस्तै तारे, धाइरिङ्, नाग्लीवाङ्, फर्सेः आलु आदिको परिचय<br>• कृषि उत्पादन र त्यसको महत्व जिवन निर्वाहा, पेसा, रोजगारी,आयर्जन आदि | • स्थानीय कृषि पकेट क्षेत्रको तस्विर र भिडियो स्थानीय उत्पादन र कृषक सहितको फोटो, चित्र, भिडियो, | • स्थानीय स्तरमा उत्पादन हुने विभिन्न प्रकारका फलफूलहरुको सूची बनाइ त्यसको उपयोग,<br>• फलफूल खेती, च्याउ खेती तथा जडीबुटी खेती सम्बन्धी सिपको विकास गर्न त्यस सम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने । जसमा विभिन्न बिउ, विरुवा, रोप्ने समय, उत्पादन दिन लाग्ने समय, गोडमेल, बजार, जस्ता कुराहरु समेट्ने ।<br>• गाउँपालिका क्षेत्रमा विभिन्न फलफूल पकेट क्षेत्रहरुको पहिचान गरी बताईदिने ।<br>• विद्यालय नजिकैको कुनै एक फलफूल बगैंचा वा जडीबुटी रोपेको क्षेत्रमा अवलोकन गरी फलफूल तथा जडीबुटी उत्पादन सम्बन्धी त्यहाँका जानकारी व्यक्तिसँग छलफल गर्ने ।<br>• स्थानीय क्षेत्रमा भएका प्राकृतिक पर्यटकीय क्षेत्रहरु सूची प्रस्तुत गर्ने ।<br>• पर्यापर्यटनको परिचय दिई त्यसको महत्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिका सम्बन्धी छलफल गर्ने ।<br>• विद्यालय नजिकको कुनै एक पर्यटकीय स्थलको भ्रमण गराइ त्यहाँ आउने पर्यटकहरुको बारेमा जानकारी लिने र उक्त कार्यबाट स्थानीय समुदायमा पुगेको फाइदा वा बेफाइदाहरुका बारेमा स्थानीयसँग छलफल गराइ निष्कर्ष दिने ।<br>• पर्यटनको फाइदा तथा आर्थिक विकास सम्बन्धी अन्तरक्रिया गर्ने । | • आफ्नो गाउँघर तथा वस्ती वरिपरी गरिने फलफूलखेतीको सूची बनाउन लगाउने ।<br>• विद्यालय नजिकैको कुनै एक बगैँचा वा कृषि केन्द्रको अवलोकन गर्न लगाइ उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>• विद्यालय नजिकैको कुनै एक बगैँचा वा कृषि केन्द्रको अवलोकन गर्न लगाइ उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची बनाइ त्यहाँ हुने पर्यटकीय क्रियाकलापहरुको बारेमा लेख्न लगाउने<br>• फलपूल पकेट क्षेत्र अवलोकन गरी परियोजना कार्य दिने ।<br>• पर्यटन व्यवसायको प्रर्बधनमा स्थानीय समुदायको भूमिका लेख्न लगाउने ।<br>• विद्यालय नजिकको पर्यटकीय क्षेत्रको बारेमा परियोजना कार्य गराउने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ३.१ स्थानीय कृषि उत्पादनको वजारीकरण<br>३.२ व्यवसाय प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका<br>३.३ कृषि पेशाले जनजीवनमा पारेको प्रभाव | • स्थानीय कृषि उत्पादनको बजारीकरणको तरिका सम्भावना र आयाम<br>• बजारीकरण, कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्धनमा स्थानीय सरकारको भूमिका<br>• कृषि पेशाले व्यक्तिगत, सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव | • कृषिजन्य उत्पादनको प्रवर्धन सम्बन्धी श्रव्यदृश्य सामग्री<br>• स्थानीय कृषि क्षेत्रको प्रवर्धनका लागि गाउँपालिकाले बनाएको योजना तथा गाउँपालिकाको कृषि वुलेटिन | • स्थानीय क्षेत्रमा कृषि व्यवसाय सञ्चालन गर्दा आईपर्न सक्ने चुनौती र ती चुनौती कम गर्न कृषकहरुले अपनाउनुपर्ने सावधानीका विषयमा स्थानीय कृषि फार्म संचालक वा कृषि विज्ञसँग अन्तरक्रिया गराउने ।<br>• गाउँपालिका भित्र कुन कुन ठाउँहरु कुन कुन उत्पादनका लागि उपयुक्त हुन सक्छन् र ति क्षेत्रहरुलाई कसरी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ भन्नेबारेमा स्थानीय बाली विज्ञसँग अन्तरक्रिया गराइ निष्कर्ष दिने ।<br>• स्थानीय कृषि उपजहरुको बजारीकरण गर्नका लागि गाउँपालिकाले के कस्तो सहयोग गर्न सक्छ भन्नेबारेमा गाउँपालिका कृषि शाखाका प्रतिनिधि वा जनप्रतिनिधिसँग अन्तरक्रिया गराइ निष्कर्ष दिने ।<br>• कृषि कार्यक्रमको श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गराउने | • स्थानीय कृषि उत्पादनको प्रवर्धनका लागि स्थानीय सरकार र कृषकले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• कृषि व्यवसाय सञ्चालन गर्दा आइपर्नसक्ने चुनौतीहरुको सूची बनाउन लगाउने ।<br>• व्यवसायको विकास र प्रवर्धनका उपायहरु लेख्न लगाउने<br>• व्यवसाय प्रवर्धनमा स्थानीय सरकारको भूमिका शीर्षकमा वक्तृत्वकाला सञ्लान गर्ने | १२ |

## क्षेत्र ४: स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण

| कक्षा | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | ४.१ आफ्नो वडामा पाइने वोटविरुवा नाम बताउन<br>४.२ आफ्नो वडामा रहेका प्रकृतिक स्रोतहरु पहिचान गर्न, | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाको नाम (सल्ला, धुपी, गुरांस, खर्सुङ, उत्तिस, निगालो, बाँस, पिपल, बर, सिर्मु साल,बडर) आदि देखाउने<br>• वडामा रहेका ढुङ्गा,माटो ,पानी,खनिज,पदार्थ आदिका बारेमा जानाकारी | • विभिन्न बोटविरुवाका ,चित्र<br>• प्राकृतिक स्रोतहरुका श्रव्यदृश्य सामग्रीहरु | • आफू बसोबास गर्ने ठाउँमा पाइने विभिन्न बोटविरुवाहरुको सूची बनाइ चित्र सहित प्रस्तुत गर्ने । (सल्ला, उत्तिस, लालिगुराँस, बाँझो खर्सुाउने, काफल, गोब्रे सल्ला, थिङ्के सल्ला भोज पत्र, चिमाली, फलाट, कटुस, निगालो, बाँस, पिपल, बर, सिर्मु फलाट,बडर)<br>• विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध विरुवाहरू देखाउने र वरिपरि देखिने विरुवाहरुको नाम भन्न लगाउने । जस्तै: टुनी, चिलाउने, काफल, निगालो, बाँस, पिपल, बर, चिराइतो, आदि ।<br>• विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध प्राकृतिक स्रोतहरुको प्रत्यक्ष अवलोकन गराउने | • चित्र देखाइ विभिन्न विरुवाहरु चिन्न लगाउने ।<br>• आफ्नो विद्यालय र टोलमा पाइने बोटविरुवाहरुको नाम भन्न लगाउने ।<br>• चित्र/फोटो देखाइ प्राकृतिक स्रोतको नाम चिन्न र भन्न लगाउने ।<br>• फोटोहरू मार्फत बहुवैकल्पिक प्रश्नहरू गर्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ४.१ आफ्नो वडामा पाइने जनावरहरु<br>४.२ मेरो गाउँपालिकामा पाइने वोटविरुवाहरु | • आफ्नो वडामा पाइने जनावरहरुका नाम बताउन<br>• हाम्रो गाउँपालिकामा पाइने वोटविरुवाहरुका नाम बताउन | • स्थानीय क्षेत्रमा पाइने घरपालुवा र वन्यजन्तुको परिचय सहित फोटो,<br>• विभिन्न प्रकारका बोटविरुवाहरु साथै चित्रहरु श्रव्यदृश्य सामग्रीहरु | • स्थानीयस्तरमा पाइने घरपालुवा र जंगली जनावरको नाम र तिनिहरुका बारेमा परिचय दिने<br>• स्थानीय ठाउँमा पाइने विभिन्न बोटविरुवाहरुको सूची बनाइ तिनीहरुलाई उपयोगका आधारमा विभिन्न प्रकारमा वर्गीकरण गरी चित्र सहित प्रस्तुत गर्ने । जस्तैः धान, मकैः अन्नबाली, काफल, सुन्तलाः फलफूल, रायो, फर्सी, भिन्डी तरकारी, सल्ला, उत्तिसः काठ, दाउरा, तेजपातः मसला आदि । | • आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम लेख्न लगाउने ।<br>• आफ्नो नजिकको जंगलमा पाइने जीव जनावरहरूको नाम लेख्न लगाउने ।<br>• आफ्नो विद्यालय र टोलमा पाइने बोटविरुवाहरुको नाम भन्न लगाउने<br>• चित्र देखाइ विभिन्न विरुवा र जनावरहरु चिन्न लगाउने ।<br>• विभिन्न घरपालुवा जनावरहरुका फोटो देखाइ तिनीहरुको उपयोगिताबारे सोध्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ४.१प्राकृतिक सोत का प्रकारहरु<br>४.२ स्थानिय स्तरमा पाइने जटिवुटीहरु | • स्थानीय स्तरमा पाइने नविकरणिय र अनविकरणिय प्राकृतिक स्रोतको पहिचान गर्न<br>• स्थानीय क्षेत्रमा पाइने जटिवुटीको संकलन पहिचान ,प्रयोग का तरिकाहरु सिक्न । | • स्थानीय प्राकृतिक सोतहरु प्रदर्शन श्रव्यदृश्य सामग्री<br>• स्थानिय जडिवुटिहरु | • स्थानीय ठाउँमा पाइने विभिन्न प्राकृतिक सोतहरु प्रदर्शन गरि उपयोग र महत्वका बारेमा चित्र सहित प्रस्तुत गर्ने ।<br>• स्थानीय ठाउँमा पाइने विभिन्न जटिवुटीहरुको प्रदर्शन गरि उपयोग र महत्वका बारेमा चित्र सहित प्रस्तुत गर्ने । | • आफ्नो विद्यालय र टोलमा पाइने प्राकृतिक सोत , तिनको उपयोग बारे सोध्ने ।<br>• स्थानीय स्तरमा पाइने नविकरणिय र अनविकरणिय प्राकृतिक स्रोतहरु छुट्याउन लगाउने । जटिवुटीको विभिन्न भागको प्रयोग र महत्वबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>• फोटोहरुमार्फत विभिन्न जटिवुट प्राकृतिक स्रोतहरु पहिचान गर्न लगाउने र तिनीहरुको उपयोगिताबारे सोध्ने ।<br>• फोटोमार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने ।<br>• अवलोकन भ्रमणका आधारमा प्रश्नोत्तर गर्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ४.१ वातावरणिय तत्व<br>४.२ वातावरणीय प्रदुषण र यसको प्रभाव<br>४.३ स्थानीय जडिवुटीको उपयोगिता | • स्थानीय क्षेत्रको वातावरणिय तत्वहरु(जैविक,अजैविक) पहिचान गर्न,<br>• वातावरणीय प्रदुषण (जल, माटो, हावा,ध्वनी) र यसको प्रभावबारे बताउन,<br>• स्थानीय जडिबुटीको नाम (पाँच औंले, चिराइतो, सतुवा, लसुन, बोझो, सिल्टीमुर, चुल्ठे अमिलो, च्याउ, घोडताप्रे ,सिलाजित, मौरीको मह, भिर चुत्रोको जरा, अैसेलुको जरा, तितेपाती, हऱ्रो, बऱ्रो,अमला आदिको पहिचान प्रयोग) | • माटो, पानी हावा, प्रकाश आदि जैविक ,अजैविक सूची, फोटो,चार्ट<br>• वातावरणीय प्रदुषण ,असर देखाउने तस्विर श्रव्यदृश्य सामग्री<br>• स्थानीय जडिबुटी सम्बन्धी चार्ट | • विद्यालय वरपरको परिसर अवलोकन गराइ जैविक ,अजैविक तत्व पहिचान गर्न लगाउने,प्रदुषणका कारण तत्व, प्रभावर असरहरु प्रदर्शन गर्ने,<br>• स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तै: पाँच औंले, चिराइतो, सतुवा, लसुन, बोझो, सिल्टीमुर, चुल्ठे अमिलो, च्याउ, सिलाजित, आदिको सूची बनाइ तिनीहरुको महत्वका बारेमा चित्रसहित प्रस्तुत गर्ने ।<br>• विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध विरुवाहरूको मध्ये औषधिजन्य विरुवाहरु चिनाइदिने र त्यसको संरक्षणमा अभिप्रेरित गर्ने ।<br>• सोत ब्यक्ति वाट जानकारी दिने | • वातावरणिय तत्वहरु देखाइ जैविक ,अजैविक छुटाउन लगाउने,<br>• प्रदुषणको परिभाषा दिइ प्रदुषणका प्रकारहरु बताउन लगाउने<br>• आफ्नो वरपर प्रदुषणका कारण ,असर र प्रभाव सोध्ने,<br>• आफ्नो विद्यालय र टोलमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची बनाउन लगाउने ।<br>• फोटोहरुमार्फत औषधिजन्य विरुवाहरु चिन्न लगाउने ।<br>• कुनै तीनवटा औषधिजन्य बोटविरुवाको महत्वबारे बूँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ४.१ प्रकृतिक सम्पदा : कालिगण्की र कालाञ्जर पर्वतका वर्णन<br>४.२ वातावरणीय प्रदुषणका कारक र रोकथामका उपायहरु<br>४.३ स्थानीय जटिवुटीहरुको संरक्षणका उपायहरु | • जलजला गाउँपालिका भित्रका प्राकृतिक स्रोतहरु कालिगण्डकी नदी र कालाञ्जर पर्वतको परिचय दिन<br>• वातावरणीय प्रदुषण उत्पन्न गराउने कारण प्रभाव,असर र न्यूनिकरणका उपायको जानाकारी<br>• स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोगिताको जानाकारी | • कालिगण्डकी नदीको चित्र पानी, शालिग्राम, वालुवा, कालाञ्जर क्षेत्रको श्रव्य दृश्य सामग्री<br>• वातावरणीय प्रदुषण उत्पन्न गराउने कारण प्रभाव,असर र न्यूनिकरणका उपायको पोस्टर,चित्र श्रव्य दृश्य सामग्री<br>• विभिन्न औषधिजन्य बोटविरुवा हरुको महत्व र प्रयोग सम्बन्धी सूची, फोटो<br>• विभिन्न बोटविरुवा हरुको बनोट र उपयोग सम्बन्धी श्रव्यदृश्य सामग्री | • जलजला गाउँपालिका भित्रका प्राकृतिक स्रोतहरु कालिगण्डकी नदी र कालाञ्जर पर्वतको परिचय जानकार व्यक्तिहरुको अन्तवार्तावाट लिने प्रदर्शन गर्ने ।<br>• विद्यालय वरपरको परिसर अवलोकन गराइ प्रदुषणका कारण तत्व, प्रभाव र असर हरु प्रदर्शन गर्ने,<br>• विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध विरुवाहरू मध्ये औषधिजन्य विरुवाहरु चिनाईदिने र त्यसको उपयोग बताई संरक्षणमा अभिप्रेरित गर्ने ।<br>• विभिन्न औषधिजन्य स्थानीय विरुवाहरु रोप्न सिकाउने र विद्यार्थीलाई हेरचाह गर्न लगाउने । | • कालिगण्डकी नदी र कालाञ्जर पर्वतको परिचय सोध्ने<br>• प्रदुषणका कारण ,असर र प्रभाव सोध्ने,<br>• आफ्नो विद्यालय र टोलमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची बनाउन लगाउने ।<br>• फोटोहरुमार्फत औषधिजन्य विरुवाहरु चिन्न लगाउने ।<br>• कुनै तीनवटा औषधिजन्य बोटविरुवाको महत्वबारे बूँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ४.१ स्थानीय वनका प्रकारहरु<br>४.२ वन्यजन्तु संरक्षणका उपायहरु भन्न<br>४.३ प्रदुषण व्यवस्थापन तरिकाहरु | • वनको परिचय, प्रकार र महत्व -निजी वन, कबुलियती, धार्मिक, सामुदायिक, राष्ट्रिय वन) को परिचय<br>• स्थानीय क्षेत्रमा भएका वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका<br>• स्थानीय क्षेत्रमा फोहोरमैलाको वर्गिकरण, प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असर र न्यूनीकरणका उपायहरु | • स्थानीय क्षेत्रमा भएका वनहरुको सूची र वनका प्रकार सम्बन्धी चार्ट<br>• स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुहरुको फोटा र परिचय तथा महत्व सम्बन्धी चार्ट<br>• वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची, चार्ट, विभिन्न श्रव्य दृश्य सामग्रीहरु प्रदुषण न्यूनीकरण सम्बन्धी श्रव्यदृश्य सामग्री | • जलजला गाउँपालिका क्षेत्रमा भएका व्यवस्थापनका आधारमा वनका प्रकारहरूको सूची बनाइ छोटकरीमा वर्णन गर्ने । जस्तैः निजी वन, सामूदायिक वन, संरक्षित वन, धार्मिक वन आदि ।<br>• विद्यालय नजिकैको वन कार्यालय वा वन समितिका पदाधिकारीसँग भेट गराइ उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने । वनबाट हुने फाइदाहरूको बारेमा छलफल गरी निष्कर्ष दिने<br>• वन्यजन्तुहरू संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियालापहरूका बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने ।<br>• स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु संरक्षणका लागि विद्यार्थीहरूले गर्न सक्ने प्रयासहरूको सूची तयार गर्न लगाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । वन्यजन्तुहरुको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचविखन गरेमा हुने कानुनी कारवाहीहरुबारे बताइदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।<br>• फोहरमैलाको असरको सूची चार्ट बनाइ प्रदर्शन र प्रश्नोत्तर गर्ने । (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदूषण आदिसँग सम्बन्धित)<br>• ठोस फोहोरहरूको पुनः प्रयोग गरेर वनाइएका सामानहरू देखाएर कम गर्ने, पुनः प्रयोग, प्रशोधन तथा प्रयोग अगाडि एकपटक सोच्ने (3R+: Reduce, Reuse, Recycle) को सिद्धान्तबारे बुझाउने<br>• फोहोरका कारण हाम्रो वातावरणमा पर्ने असरका बारेमा छलफल गर्ने ।<br>• फोहोरका असरहरू झल्किने विभिन्न पोष्टर तथा भिडियोहरू प्रदर्शन गर्ने ।<br>• विद्यालयमा वेग्लावेग्लै भाँडो राखी सडने_ नसड्ने फोहोर सङ्कलन गर्न लगाइ सड्ने फोहरवाट प्राङ्गारिक मल वनाउन सिकाउने । | • स्थानीय क्षेत्रमा भएका विभिन्न वनहरुको नामको सूची प्रस्तुत गर्ने लगाउने ।<br>• वनको महत्व सम्बन्धी लेख्न लगाउने ।<br>• नजिकको वनको अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने । वन्यजन्तु संरक्षणमा स्थानीय समुदायको भूमिका शीर्षकमा वक्तृत्वकलाको आयोजना गर्ने ।<br>• स्थानीय क्षेत्रमा फोहोरमैलाले पार्न सक्ने असरहरुबारे लेख्न लगाउने ।<br>• घरायसी फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ लेख्न लगाउने ।<br>• विद्यालयमा काक्षाकोठामा निस्कने फोहोरको वर्गीकरण गरी व्यवस्थापन गर्न लगाउने ।<br>• विद्यालयमा फुलवारी बनाउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>• परियोजना कार्य गराउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ४.१ सामुदायीक वनको परिचय र संरक्षणका उपायहरु बताउन<br>४.२ स्थानीय खनिज पदार्थ पहिचान गर्न<br>४.३ जलस्रोतको संरक्षणका उपायहरु बताउन | • स्थानीय क्षेत्रमा भएका सामुदायिक वनहरुको परिचय, व्यवस्थापन र फाईदा सम्बन्धी वर्णन<br>• स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय, महत्व र उपयोग (ढुङ्गा, रोडा, बालुवा, ढुङ्गा चुनढुं, सेतोमाटो, पँहेलो माटो)<br>• जलस्रोतको परिचय र संरक्षण का उपायहरु | • स्थानीय क्षेत्रमा भएका सामुदायिक वनहरुको सूचीको चार्ट<br>• विभिन्न श्रव्य दृश्य सामग्रीहरु<br>• स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थहरुको सूची र महत्व सम्बन्धी श्रव्यदृश्य सामग्री<br>• जलस्रोत संरक्षण व्यवस्थापन सम्बन्धी श्रव्यदृश्य सामग्री | • गाउँपालिका क्षेत्रमा भएका सामुदायिक वनहरुको सूची बनाइ प्रस्तुत गर्ने र सामुदायिक वन क्षेत्र भनेको के हो र त्यसको के महत्व छ भन्नेबारेमा बताइदिने।<br>• विद्यालय नजिकैको वन कार्यालय वा वनसमितिका पदाधिकारीसँग भेट गराइ उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने ।<br>• सामुदायिक वनको महत्व र त्यसबाट हामीलाई पुग्ने फाईदा तथा व्यवस्थापन सम्बन्धी छलफल गर्ने ।<br>• स्थानीय स्तरमा पाइने खनिज पदार्थको सूचि तयार गर्ने<br>• जलस्रोतको पुन प्रयोगको जानाकारी,संरक्षणका उपायहरु । जस्तैः सब्जी पखालेको पानी करेसाबारीमा प्रयोग गर्ने ।<br>• जलस्रोत सम्बन्धी वृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने । | • आफ्नो घर वा विद्यालय नजिक भएको सामुदायिक वनको परिचय दिन लगाउने ।<br>• सामुदायिक वनबाट स्थानीय क्षेत्रमा भएका फाईदाहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरुबारे बुझेर परियोजना कार्य गर्न लगाउने ।<br>• स्थानीय स्तरमा पाइने खनिज पदार्थको सूचि तयार गर्न लगाउने<br>• जलस्रोत स्थलगत भ्रमणको परियोजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• जलस्रोतको संरक्षणका उपायहरु सोध्ने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ४.१ वन र वन्यजन्तु संरक्षणका उपाय<br>४.२ वन र वन्यजन्तु संरक्षणमा कानुनी प्रावधान<br>४.३प्रदुषण नियन्त्रणमा स्थानीय सरकारको भूमिकका<br>४.४ खनीज पदार्थको महत्व र उपयोगिता | • वन र वन्यजन्तु संरक्षण र व्यवस्थापनमा प्रचलित कानुन अभ्यासको स्थिति<br>• वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था कार्यान्वयनमा गाउँपालिका को भूमिका<br>• फोहोर र प्रदुषण नियन्त्रणमा स्थानीय तह र मेरो भूमिका<br>• स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय महत्व र उपयोग ढुङ्गा, चुनढुंङ्गा,सेतोमाटो, पहेंलो माटो) | • स्थानीय वनको संरक्षण र प्रर्वधनका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची<br>• वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी लेख, रचना, नियम कानुनका चार्टहरु प्रदुर्षण सँग सम्बन्धी तस्विर ,चार्टहरु<br>• ढुङ्गा, चुनढुंङ्गा, सेतोमाटो, पहेंलो माटो<br>• सम्बन्धी लेख, रचना, पम्प्लेट<br>• विभिन्न श्रव्य दृश्य सामग्रीहरु | • स्थानीय क्षेत्रमा भएका वनहरुको अवस्था र महत्व सम्बन्धी स्थानीय जानकार व्यक्तिसँग छलफल गराइ निष्कर्ष दिने ।<br>• विद्यालय नजिकैको वन कार्यालय वा वन समितिका पदाधिकारीसँग भेट गराइ उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने ।<br>• वनको संरक्षण र दिगो उपयोगका लागि स्थानीय समुदायले गर्दै आएका प्रयासहरुको र गाउँपालिकाको भूमिका बारेमा खोजी गरी बताईदिने ।<br>• वन्यजन्तुहरुको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचविखन गरेमा हुने कानुनी कारवाहीहरुबारे बताईदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।<br>• मानव र वन्यजन्तु बिच हुने द्वन्द्वहरुका बारेमा छलफल गरी त्यसलाई न्यूनीकरण गर्नका लागि स्थानीय क्षेत्रमा अपनाउन सकिने कार्यहरुको सूची प्रस्तुत गर्ने ।<br>• वन्यजन्तुको अपराध सम्बन्धी कानुनी प्रावधानहरुबारे वृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने ।<br>• वन्यन्तु संरक्षणका लागि गाउँपालिकाले बनाएका नियमहरुबारे छलफल गर्ने ।<br>• स्थानीय क्षेत्रमा फोहोर व्यवस्थापन र प्रदुषण नियन्त्रणमा काम गरिरहेका सङ्घसंस्थाहरुको खोजी गरी सूची बनाइ तिनीहरुले गर्ने कार्यहरुको बारेमा प्रस्तुत गर्ने ।<br>• फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा स्थानीय समुदाय तथा विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूचीसहित छलफल गर्ने ।<br>• कक्षाकोठावाट निस्कने फोहोरलाई वर्गीकरण गरी जैविक फोहोरलाई कम्पोष्ट बनाउन | • स्थानीय वनको संरक्षणमा स्थानीय समुदाय, विद्यार्थी र स्थानीय सरकारले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरुबारे बुझेर परियोजना कार्य गर्न लगाउने ।<br>• वन्यजन्तुको संरक्षणका लागि गाउँपालिकाले गर्ने गरेका कार्यहरु बुझेर सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• स्वच्छ वातावरणका लागि स्थानीय क्षेत्रमा समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• पुन : प्रयोग गरेर कागज वा प्लाष्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने ।<br>• विद्यालयमा निस्कने फोहोरलाई विन कम्पोष्टिङ गर्न लगाइ मल करेसाबारीमा हाल्न लगाउने ।<br>• स्थानीय खानी संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• खानीको व्यवस्थापनका लागि गाउँपालिकाको भूमिका के हुन सक्छ भन्ने बारेमा परियोजना कार्य गर्न लगाउने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सिकाउने । जस्तैः गड्यौले मल बनाउने, खाल्डे मल बनाउने, भाँडोमा मल बनाउने आदि ।<br>• प्रदुषण नियन्त्रण र मल बनाउने विधिहरू सम्बन्धी भिडियोहरू प्रस्तुत गर्ने ।<br>• गाउँपालिकाको विभिन्न ठाउँमा पाइएका खनिज पदार्थहरु ढुङ्गा, चुनढुंङ्गा, सेतोमाटो, पहेंलो माटो आदिको परिचय दिने ।<br>• ती खनिज वस्तुहरुको महत्व र तिनीहरुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने ।<br>• स्थानीय क्षेत्रमा भएका खानीहरुको अवस्थाबारे स्थलगत भ्रमण गराइ त्यसको दिगो व्यस्थापनबारे छलफल गरी निष्कर्ष दिने । | | |

## क्षेत्र ५ : स्थानीय जातजाति, कला संस्कृति चाडपर्व र मेलाजात्रा

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | ५.१ मेरो टोलमा बसोवास गर्ने जातजातीहरु<br>५.२ मेरो टोलमा मनाइने चाडपर्व | • टोल क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहरुको सूची(ब्राम्हण, क्षेत्री, दलित, गुरुङ, मगर, विश्वकर्मा, दमाई, सार्की, आदि)<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको नाम साउने संक्रान्ति, रक्षा वन्धन,तिज माघेसंक्रान्ति, दशैं, तिहार, हरोलो, तमु ल्होसार श्रीपञ्चमी, फागुपूर्णिमा, शिव रात्री) | • विभिन्न स्थानीय जातजातिको सूची<br>• विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर<br>• टोलक्षेत्रमा मनाईने चाडपर्वहरुको सूची | • विद्यार्थीहरूलाई कक्षामा भएका साथीहरूको र आफ्नो नाम थर सहित पालैपालो भन्न लगाउने ।<br>• स्थानीय जातजातिको नाम र उनीहरुले बोल्ने आफ्नो भाषाको चार्ट प्रस्तुत गर्ने । जस्तैः (ब्राम्हण, क्षेत्री, दलित, छन्त्याल, गुरुङ, मगर, थकाली, विश्वकर्मा, कामी, दमाई, सार्की, आदि<br>• विभिन्न जातजातीको भाषा, भेषभूषा सम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>• टोल क्षेत्रका जातजातिहरुले मान्ने चाडपर्वहरुको सूची प्रस्तुत गर्ने । जस्तैः साउने संक्रान्ति, रक्षा वन्धन, तिज, माघेसंक्रान्ति, दशैं, तिहार, हरोलो, तमु ल्होसार सिवरात्री , श्रीपञ्चमी, फागुपूणिमा, शिव रात्री ) र तिनीहरुमा गरिने क्रियाकलाप सम्बन्धी छलफल गर्ने । | • आफ्ना साथीहरूको नाम थर बताउन लगाउने ।<br>• फोटो देखाइ भेषभूषा चिन्न लगाउने ।<br>• आफनो टोलमा बसोबास गर्ने कुनै तीनवटा जातजातिको नाम सोध्ने ।<br>• आफ्नो घर तथा टोल छिमेकमा मानाईने चाडहरुको नाम सोध्ने<br>• चित्र मार्फत जोडा मिलाउन लगाउने ।<br>• कुन दिनलाई बुद्ध जयन्ति भनिन्छ ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ५.१ स्थानीय भेषभूषा<br>५.२हाम्रो चाडपर्व : हाम्रा क्रियाकलापहरु | ●स्थानीय जातजातिले लगाउने भेषभूषा (गुन्यू, चोली, घलेक, टेकी, पटुकी, पछ्यौरी, भोटो, खाडी, भाङग्रा, हापुङला, टोपी, छेवार, खाडी, दौरा, सुरुवाल, भाङ्गा, बख्खाड, साँडी, राडी, पाखी, कछाड, झाग्रा, टेगी, कण्ठी, ढाकाटोपी, धोती, डोचा आदि)<br>● साउने सक्रान्ती लुतो फाल्ने, तिहारमा देउसी भैलो, हरोलोमा भुमिपुजा आदिको जानकारी , | • विभिन्न स्थानीय जातजातिका भेषभुषाको सूची<br>• विभिन्न जातजातिको चाडपर्व सम्बन्धी भिडियो,पम्पलेट,ब्रोसर आदि<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरु सम्बन्धी लेख, रचना, ब्रोसर आदि | • विभिन्न जातजातीको भाषा, भेषभूषा सम्बन्धी भिडिया प्रस्तुत गर्ने ।<br>• स्थानीय कुनै घरको भ्रमण गरी उक्त घरका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने सम्भव भएमा उक्त पोशाक अवलोकन समेत गर्ने । जस्तैः गुन्यू, चोली, घलेक, टेकी, पटुकी, पछ्यौरी, भोटो, खाडी, भाङग्रा, हापुङला, टोपी, छेवार, खाडी, दौरा, सुरुवाल, भाङ्गा, बख्खाड, साँडी, राडी, पाखी, कछाड, झाग्रा, टेगी, कण्ठी, ढाकाटोपी, धोती, डोचा आदि ।<br>• स्थानीय जातजातिहरुले मान्ने चाडपवहरुको नाम र गरिने क्रियाकलापको सूची प्रस्तुत गर्ने । | • फोटो देखाइ भेषभूषा चिन्न, जोडा मिलाउन लगाउने ।<br>• आफ्नो टोलमा बसोबास गर्ने जातजातिहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>• बहुबैल्पिक प्रश्नहरु गर्ने ।<br>• स्थानीय क्षेत्रमा मान्ने चाडपर्वहरुको सूची बनाउन लगाउने ।<br>• कुनै एक चाडपर्वमा गरिने क्रियाकलापहरुबारे सोध्ने ।<br>• आफ्नो गाउँमा वा छिमेकी गाउँमा लाग्ने मेला र त्यहाँ हुने क्रियाकलापबारे सोध्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ५.१ स्थानीय स्तरमा मनाइने मेला जात्रा<br>५.२ स्थानीय स्तरमा वजाइने वाजागाजा | • स्थानीय मेला दशैमेला, फुलपाती जात्रा, वैशाख सक्रान्ति,साउनेसक्रान्ति, माघेसक्रान्ति, भुमेपुजा मेला<br>• स्थानीय मेला, जात्रा, चाडपर्वमा बजाईने बाजाहरु (पञ्चे बाजा, नौमति बाजा, मादल, झेली बाँसुरी, मुरली, मगर वाजा आदि) | • स्थानिय स्तरमा मेला जात्राको सूची<br>• विभिन्न जातजातिले स्तानिय स्तरमा प्रयोगमा ल्याउने मेला र बाजागाजा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>• स्थानीय बाजाहरुको सूची र बाजा बजाउन जान्ने स्थानीय मानिस | • स्थानीय विभिन्न जातजातिको मेला र बाजागाना सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने ।<br>• स्थानीय संस्कृति, भाषा, भेषभूषाको प्रयोग र महत्वबारे स्थानीय जानकार व्यक्तिसँग छलफल गराइ निष्कर्ष दिने । स्थानीय क्षेत्रमा मनाइने मेला र बजाइने विभिन्न परम्परागत बाजाहरुको सूची बनाइ फाटो सहित प्रस्तुत गर्ने । जस्तैः पञ्चे बाजा, नौमति बाजा, मादल, झेली बाँसुरी, मुरली आदि ।<br>• विद्यालयमा उपलब्ध बाजाहरु प्रत्यक्ष देखाउन बजाएर देखाउने र बजाउन समेत सिकाउने । | • फोटो देखाइ मेला जात्रा चिन्न लगाउने ।<br>• हाम्रो मेला जात्रा र बाजागाजा संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• स्थानीय बाजाहरुको नाम सोध्ने<br>• फोटो देखाइ विभिन्न बाजाहरु चिन्न लगाउने । कुनै एक बाजा बजाउन लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५.१ पुख्यौली नाच<br>५.२ कुलपुजा<br>५.३ नाग पुजा सम्वन्धि सामान्य जानकारी | • स्थानिय वस्तीहरुका चाडवाडमा र विशेष समारोहमा नाचिने सोरठी नाच र पुख्यौली नाचको जानाकारी लिने<br>• नाग पूजा र कुल पूजा का सामान्य विधि को जानकारी । | • विभिन्न जातजातिको नाच र पुजा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>• स्थानीय नाचहरु<br>• स्थानीय विज्ञसँग जानकारी लिने | • स्थानिय वस्तीहरुका चाडवाडमा र विशेष समारोहमा नाचिने पुख्यौली नाचको वारेमा छलफल गर्ने ।<br>• स्थानीय नाच र पुजाको महत्व सम्बन्धी छलफल गरी निष्कर्ष दिने ।<br>• स्थानीय चाडपर्व, मेला जात्रामा देखाइने नाच र पुजा आदि बारेमा छलफल गर्ने । | • नाच्न लगाउने र मूल्याङ्कन गर्ने ।<br>• परम्परागत नाच र पुजा को हामीले किन संरक्षण गर्नुपर्छ सोध्ने ।<br>• पूर्खा देखी चलिआएका पूजाको वारेमा परियोजना कार्य गर्न लगाउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ५.१ पर्वहरु : शिवरात्री, माघे संक्रान्ति तमु ल्होसार<br>५.२विवाह ब्रतबन्ध र चौरासी पूजाको परम्परा | • स्थानीय जातजातिको विवाह, ब्रतबन्ध , चौरासी लगायतका संस्कार)<br>• शिबरात्री, माघे संक्रन्ती र तमु ल्लोसार । | • स्थानीय जातजातिको चाडपर्व, जन्म,विवाह ,चौरासी मृत्यु लगायतका संस्कार सम्बन्धी फोटो, ब्रोसर, लेख लगायत स्थानीय चाडपर्व, धर्म, संस्कृति, सम्बन्धी लेख, रचना र श्रव्य दृश्य सामाग्री | • स्थानीय जातजातिले मान्ने चाडपर्व, जन्म, विवाह, चौरासी मृत्यु संस्कार परिचय र महत्व र सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने ।<br>• विद्यालय नजिकको कुनै एक वस्तीमा लगेर त्यहाँका स्थानीय मानिसहरुले , मान्ने धर्म तथा चाडपर्वहरुको बारेमा सोधेर टिपोट गर्न लगाउने र पालैपालो प्रस्तुत गर्न लगाउने । थानीय विज्ञको सहयोगमा स्थानीय चाडवाड र संस्कृति, सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गने | • आफनो घर वा समुदायमा विवाह उत्सवमा,गरिने क्रियाकलापहरुबारे अभिभावकलाई सोधेर लेखी प्रस्तुत गर्न लगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गराउने स्थानीय संस्कृति र चाडपर्व ,किन महत्वपुण छन सोध्ने<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १० |
| ६ | ५.१जातिय विभेद र कानुनी व्यवस्था<br>५.२धार्मिक सहिष्णुता र यसको महत्व | • स्थानीय स्तरमा हुने जातिय विभेद र कानुनी व्यवस्थासम्बन्धी जानकारी<br>• धर्मिक सहिष्णुता महत्व, संरक्षण र सहभागिता सम्बन्धी जानाकारी । | • जतिय छुवाछुत सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>• धार्मीक सहिष्णुता सम्बन्धी श्रव्य दृश्य सामग्र | • कुनै सङ्ग्रहालयको भ्रमण गरी त्यहाँ राखिएका विभिन्न जातजातीका मानिसहरुले लगाउने परम्परागत भेषभूषा र ति बारेमा हुने जातिय विभेदको जानकारी लिने ।<br>• जातिय विभेद र कानुनी व्यवस्था सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>• आफनो समाजमा भएका सामाजिक समस्याहरुको टिपोट गर्न लगाउने साथै सामाजिक समस्या कसरी समधान गर्न सकिन्छ भनि छलफल गर्ने | • आफ्नो समुदायमा भएको जातिय विभेद बारे अभिभावकलाई सोधेर लेख्न लगाउने ।<br>• धार्मिक सहिष्णुता र यसको महत्व बारेमा लेख्न लगाउने ।<br>• समाजमा भएको मुख्य व्यक्तिलाई प्रत्यक्षरुपमा भेटी समाजमा भएका जातिय विभेदका वारेमा सोध खोज गर्न लगाउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ५.१ विभिन्न जाति विशेष कला संस्कृति<br>५.२ स्थानीय चार्डपर्वको महत्व र संरक्षण | • विश्वकर्मा, कामी, दमाई, सार्की नेपाली लगायतका जातजातिको कला संस्कृति र संस्कार सम्बन्धी जानकारी<br>• स्थानीय चाडपर्वको संरक्षण र प्रवर्धनमा सहभागिता तथा विद्यार्थीको भूमिका | • परियार, विश्वकर्मा, सुनार, नेपाली जात जातिको (भाषा, भेषभूषा,जन्म,विवाह, मृत्यु लगायत) सम्बन्धी, लेख, रचना, फोटो, चित्र स्थानीय मेला जात्रा सम्बन्धी श्रव्यदृश्य सामग्रीहरु<br>• स्थानीय संस्कृति विद, बुढापाका | • विश्वकर्मा, कामी, दमाई, सार्की जात जातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी सूची बनाइ प्रस्तुत गर्ने ।<br>• विभिन्न परम्परागत कार्यहरुः छैठी, न्वारन, छेवर, विवाह, मृत्यु, चौरासी पूजा, कुल पूजा, वाली पूजा, झाँक्री पूजा, देवाली पूजा, विश्वकर्मा पूजा आदि सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने ।<br>• शिवरात्री मेला, श्रीपञ्चमी, बैशाख पूर्णिमा, माघेसङ्क्रान्ति, आदि मेला जात्रा सम्बन्धी श्रव्य दृश्य सामग्री प्रस्तुत गर्ने तिनीहरुको महत्व, संरक्षण र प्रवर्धनका विषयमा स्थानीय विज्ञसँग छलफल गर्ने<br>• स्थानीय चाडपर्व, मेलाजात्राहरुको महत्व र संरक्षण तथा प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरुको बारेमा अन्तरक्रिया सञ्चालन गर्ने ।<br>• पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने । | • ब्राह्मण, क्षेत्री, विश्वकर्मा, दमाई, सार्की लगायतका जात जातिको भाषा, भेषभूषा, जन्म, मृत्यु, संस्कृति सम्बन्धी परिचय दिन लगाउने ।<br>• स्थानीय क्षेत्रमा मानाईने चाडहरुको छोटो परिचय र महत्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय मेला जात्रामा सहभागिता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने।<br>• आफ्नो समुदायमा मनाईने कुनै एक चाड र एक जात्राको बारेमा लेखेर प्रस्तुत गर्न लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ५.१ असल संस्कार र भेषभूषा संरक्षणमा स्थानीय तहको भूमिका<br>५.२ स्थानीय चार्डपर्व संरक्षण<br>५.३ अन्त्यकर्म र यसको अभ्यास | • स्थानीय जातजाति, असल संस्कार, भाषा तथा भेषभूषा संरक्षण र सर्म्बधनमा स्थानीय सरकारको भूमिका सम्बन्धी वर्णन<br>• शिव रात्री, कोटमेला, बालाचर्तुदशी मेला, लाखे जात्रा लगायतका स्थानीय मेलाजात्राहरु र तिनीहरुको संरक्षण तथा प्रवर्धनमा स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका सम्बन्धी जानकारी<br>• आआफ्नो धर्म तथा जातजाति अनुसारको अन्त्यकर्म र यसको सामान्य अभ्यास, | • स्थानीय जातजातिका भाषा, धर्म, संस्कृति सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>• तिहार मेला, साउने संक्रान्ति मेला, कुल पूजा, देवाली पूजा, लगायतका स्थानीय मेलाजात्राहरुबारे जानकारीमुलक लेख, रचना आदि<br>• स्थानीय संस्कृति विज्ञ स्थानीय जनप्रतिनिधि सग संस्कार सम्बन्धी सोधपुछ स्थानीय जनप्रतिनिधि सग संस्कार सम्बन्धी सोधपुछ | • गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जातजतिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई लेख्न लगाउने ।<br>• स्थानीय भाषा, भेषभूषा, धर्म, संस्कृति, कला आदिको प्रवर्धन र संरक्षणका लागि स्थानीय सरकार तथा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>• स्थानीय विभिन्न जातजातिले मनाउने चाडपर्व तथा मेला जात्राहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः (साउने संक्रान्ति मेला, साउने संक्रान्ति, माघेसंक्रान्ति, दशैं, तिहार, हरेले बालाचर्तुदशी मेला, शिव रात्री, कोटमेला, लाखे जात्रा, क्रिसमस, आदि<br>• स्थानीय संस्कृतिको सम्बर्धन सम्बन्धी एउटा सडक नाटक तयार पारी विद्यार्थीहरुको सहभागितामा समुदायमा प्रस्तुत गर्ने ।<br>• अन्त्यकर्म र यसको भूमिकाबारे वक्तृत्वकलाको आयोजना गर्ने । | • स्थानीय संस्कृति,चाडपर्व प्रवर्धन र संरक्षणका लागि गाउँपालिकाले गर्दै आएका कार्यहरुबारे खोजी गरी बुँदागत रुपमा लेख्न लगाउने ।<br>• आ आफ्नो धर्म जातजाती का आधारमा संस्कार, भेषभूष, चाडपर्व र अन्त्यकर्म को परियोजना कार्य गराउने । | १० |

**क्षेत्र ६: खानपान, रहनसहन, सकारात्मक व्यवहार सरसफाई**

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | ६.१ मेरो परिवारमा दिनहु खाइने खानपानका परिकार<br>६.२ मेरो परविारमा प्रयोग हुने् आदारार्थी शव्हरु | ● स्थानीय क्षेत्रमा खाइने खानाहरुका परिकारहरुको नाम (ढिडो, रोटी, सातु, आटो (जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, सेन लेन्तेन, निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलम, आदि<br>● साथी, गुरुहरु, परिवारका सदस्यहरुलाई सम्मान गर्न र आदरार्थी शव्दहरु प्रयोग गर्न । | ● स्थानीय क्षेत्रमा खाइने खानाहरुको सूची, पोस्टर, ब्रोसर, लेख आदि<br>● मानिसलाई नमस्कार गरेको आदर सत्कार गरेको फोटो, भिडियोहरु तथा कथा कविताहरु। | ● स्थानीय क्षेत्रमा खाइने खानाहरुका परिकारहरुको सूची तयार पारी फाटो सहित प्रस्तुत गर्ने । जस्तैः ढिडो, रोटी, सातु, आटो (जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, सेन लेन्तेन, निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलम, च्याउ, न्यूरो, तरकारी, माछा, मासु, दुध, घ्यू, सिस्नो, सातु, दाल, भात, सेलरोटी, खिर, ढिँडो, कसर, मकैभट्ट, दही, मही, रोटी, कोदोको पिठो, कुराउनी, मःमः चाउमिन, दुनोट, चना आदि ।<br>● विद्यार्थीहरु विच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न अभ्यास गराउने समूहमा वस्ने अध्यास गराउने,<br>● आफूभन्दा ठूला मानिस र साथीहरुसँग वोल्दा तपाई, हजुर जस्ता आदारार्थी शव्दहरु प्रयोग गर्न अभ्यास गराउने ।<br>● साथीहरु समूहमा मिलेर कुनै एक वाल गित गाउन लगाउने, पालैपालो नाच्न लगाउने । | ● फोटोमार्फत विभिन्न खानाका परिकारहरु चिन्न लगाउने ।<br>● आफूलाई मनपर्ने खानाहरुको नाम सोध्ने ।<br>● आदारार्थी शव्दहरु प्रयोगगरी आपनो साथीको गुरुको नाम भन्न लगाउने।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ६.१ स्थानीय चाडपर्वमा खाइने खानाका परीकारहरुको नाम<br>६.२ साथीहरु सँग गरीने सहयोग र मेलमिलाप<br>६.३ मलाई मन पर्ने असल बानी | • स्थानीय क्षेत्रमा खाइने खानाहरुका परिकारहरुको नाम ढिडो, रोटी, सातु, आटो (जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, , निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलम आदि<br>• साथी गुरुहरु, परिवारका सदस्यहरु र छरछिमेकी सँग आदर सत्कार साथीहरु विच सहायोग र मेलमिलाप | • स्थानीय क्षेत्रमा खाइने खानाहरुको सूची, पोस्टर, ब्रोसर, लेख<br>• मानिसलाई नमस्कार गरेको आदर सत्कार गरेको फोटो, भिडियोहरु तथा कथा कविताहरु। | • स्थानीय क्षेत्रमा खाइने खानाहरुका परिकारहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः ढिडो, रोटी, सातु, आटो (जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, सेन लेन्तेन, निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलम आदि । ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, माछामासु आदि खानाहरुको परिचय दिने । जस्तैः ढिँडो के बाट बनाइन्छ, कसरी बनाइन्छ, भन्नेबारेमा बताउने, कुनै भिडियो भए देखाउने वा ढिँडो पकाएको प्रत्यक्ष देखाउने ।<br>• विद्याथीहरुविच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न अभ्यास गराउने। जस्तै तिमि तपाई हजुर जस्ताको शब्द प्रयोग गरी संवाद गराउने<br>• समूहमा वस्न अभ्यास गराउने ।<br>• आफूभन्दा ठूला कक्षाका विद्यार्थीहरुलाई दाजु, दिदि भनि संवोधन गर्न अभ्यास गराउने । | • स्थानीय परम्परागत खानाहरुको सूची बनाउन लगाउने ।<br>• भटमासको कुन कुन परिकार बनाएर खान सकिन्छ ? सोध्ने ।<br>• चामलको भात पकाउन आवश्यक कुराहरुको सूची बनाउन लगाउने ।<br>• हामीले किन सहयोगी वन्नुपर्छ लगाएतका सामाजिक शिष्टाचारमूलक शव्दहरु सोध्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ६.१ स्थानीय क्षेत्रमा पाईने खानाहरुको खाद्य समूह वर्गीकरण<br>६.२ पारिवारिक मेलमिलाप र आत्म अनुशासन र वालमैत्री कक्षाकोठाको अवधारण । | • स्थानीय क्षेत्रमा खाइने परिकारहरुको नाम र महत्व ( ढिडो, रोटी, सातु, आटो ( जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, सेन लेन्तेन, निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलम आदि)<br>• पारिवारिक मेलमिलाप र आत्मानुसासन<br>• वालमैत्रि कक्षा तथा भयरहित सिकाईसम्वन्धी आधारभूत कुराहरु | • स्थानीय परिकारको महत्व सम्बन्धी श्रव्यदृश्य सामग्री पारिवारिक मेलमिलाप , असल नागरिक सम्वन्धीका भिडियो, वृतचित्र लेख रचना<br>• हामिले विद्यालय घर समाजमा गर्न हुने र गर्न नहुने कार्यहरुको सूचि चार्ट । | • स्थानीय परिकारहरुको सूची बनाइ प्रस्तुत गर्ने र उक्त परिकारहरु के बाट कसरी बन्छन्, कसरी खाने गरिन्छ भन्नेबारेमा बताउने । जस्तैः ढिडो, रोटी, सातु, आटो (जौं, मकै), पिठो, भात निउरो, भट्टमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, जम्मु, निगालोको टुसा, गिठा, वन तरुल, मंगाइनो कुरिलोको टुसा, खोले साग, रायो साग, आलस आदि ।<br>• स्थानीय परिकारको महत्व र फाइदा सम्बन्धी छलफल गरी निष्कर्ष दिने । जस्तैः स्थानीय परिकारहरुले आफ्नो मौलिक परिचयमा सहयोग गर्छन् । स्वस्थ खाना खान पाइनेछ ।<br>• विद्यार्थीहरुविच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न अभ्यास गराउने । जस्तै तिमि, तपाई , हजुर, नमस्कार आदि<br>• घरमा फूर्सदको समयमा आफूले सकेको कामहरु गर्न सघाउन, त्यसमा होसियारी अपनाउन प्रेरित गर्ने ।<br>• हामीले दैनिक जीवनमा गर्न हुने र गर्न नहुने कार्यहरु नराम्रो हुन भन्न् वुझाउन विभिन्न भिडियोहरु देखाई राम्रोकार्य मात्र गर्न अभिप्रेरित गर्ने ।<br>• वालमैत्री कक्षा र भयरहित सिकाई सम्वन्धी भिडियो प्रस्तुत गर्ने। | • स्थानीय खानाका परिकारहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय परिकारहरुको महत्व लेख्न लगाउने ।<br>• आफ्नो घरमा खाने गरेका खानाका परिकारहरुबारे सोध्ने ।<br>• विद्याथीहरुको घरमा अभिभावकहरुलाई के के काममा सहयोग गर्छन् ।<br>• वालमैत्री कक्षा हुनको लागि आवश्यक पक्षहरुको सूचि वनाइ प्रस्तुत गर्न लगाउने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ६.१ व्यक्तिगत सरसफाई र स्वस्थ जीवनशैली का तरिकाहरु<br>६.२ अनुशासन पद्धति र सकरात्मक वानी व्यहोरा | • व्यक्तिगत सरसफाईका विधिहरु जस्तै हातधुने, नुहाउने, कपडाधुने आदि को महत्व बोध गराउने ।<br>• स्वस्थ जीवनशैलीका आनिवानीहरुको चर्चा गर्ने ।<br>• असल सोच र अशल चरित्र निर्माण गर्ने वानीको विकास सम्वन्धी वर्णन जस्तै अनाथलाई सहयोग, मरेको ठाउमा भेट्ने चलन पाहुनाको सम्मान सामुहिक अर्मपर्म र अपठ्यारोमा चन्दा आदि ।<br>• सकारात्मक अनुशासन पद्धति अनुशरण गर्नका लागि अपनाउनुपर्ने । | • व्यक्तिगत सरसफाई सम्बन्धी चित्र, फोटो, भिडियो, वृत्तचित्र | • व्यक्तिगत सरसफाईका विधिहरु जस्तै हातधुने, नुहाउने, कपडाधुने आदि को महत्व वोध गराउने ।<br>• स्वस्थ जीवनशैलीका आनिवानीहरुको चर्चा गर्ने ।<br>• अशल सोच र अशल चरित्र निर्माण गर्ने वानीको विकास सम्वन्धी वर्णन जस्तै अनाथलाई सहयोग, मरेको ठाउमा भेट्ने चलन पाहुनाको सम्मान सामुहिक अर्मपर्म र अपठ्यारोमा चन्दा आदि ।<br>• सकारात्मक अनुशासन पद्धति अनुशरण गर्नका लागि अपनाउनुपर्ने विधिहरुको छलफल गरि समूहगत कार्य गर्न लगाउने । | • दैनिक जीवनका व्यवहारका अवलोकन गरि पृष्टपोषण गर्ने ।<br>• अशल चरित्र निर्माणका वानी को चार्ट वनाई समूहगत छलफल गरी पोस्टर निर्माण गर्न लागाउने । | १० |
| ५ | ६.१ सामुदायीक सरसफाइ को परिचय दिन<br>६.२ सहयोगी भावना आपसी सदभाव र मेलमिलाप को महत्व बताउन<br>६.३ स्थानीय परम्परागत खाद्य परिकार निर्माण प्रकिया उल्लेख गर्न | • सामुदायिक सरसफाइ बाटो , चौतारा, पधेरा, विद्यालय ,मठ मन्दिर आदी को सरसफाई<br>• सहयोगि भावना आपसी सद्भाव र मेलमिलापको अवधारणा<br>• स्थानीय परम्परागत गुन्द्रुक ढिडो,अचार वनाउने तरिका को जानकारी दिने । | • सामुदायिक सरसफाई का चित्र, पोष्टर , श्रव्यदृश्य सामग्री, वृत्तचित्र<br>• सहयोगि भावना आपसी सद्भाव मेलमिलाप सम्बन्धी चित्र, फोटो, भिडियो, वृत्तचित्र<br>• गुन्द्रुक ढिडो , अचार,रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खीर बनाउने सिप सम्बन्धी श्रव्यदृश्य सामग्री | • सामुदायिक सरसफाई सम्वन्धी समूह कार्य गर्न लगाई प्रतिवेदन को अभ्यास गराउने<br>• सहयोगि भावना आपसी सद्भाव र मेलमिलाप सम्वन्धी समूह कार्य गर्न लगाई प्रतिवेदन को अभ्यास गराउने ।<br>• स्थानीय बटुक, रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खीर बनाउने सिप सम्बन्धी वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>• स्थानीय पाक विज्ञ (cook) लाई विद्यालयमा बोलाएर फापरको आल्दुम, ढिँडो र चामलको पिठोको बाबर बनाउने तरिकाहरु प्रत्यक्ष देखाउन लगाउने ।<br>• विभिन्न पर्वका अवसरमा बनाइने परिकारहरुको बारेमा बताईदिने ।<br>• विद्यार्थीहरुलाई स्थानीय खाना बनाउने परियोजना वा अभ्यास कार्य गर्न लगाउने । | • विद्यालय, बाटो, धारा सरसफाई गर्न लगाउने ।<br>• दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>• कोदोको पिठो, पुवा, कुराउनी, खीर बनाउने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>• विभिन्न स्थानीय खाना बनाउने परियोजना कार्यका आधारमा मूल्याङ्कन गर्ने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ६.१ स्थानीय उत्पादन तथा सन्तुलि भोजन को परिचय दिन<br>६.२ सामजिक कुरितिहरुको नाम बताउन<br>६.३ वातावरण सरसफाइका उपायहरु बताउन | • स्थानीय क्षेत्रमा उत्पादित भोजनको सूचि तयार गरि खाद्य समूह निर्माण गर्ने ।<br>• स्वस्थ भोजन का फाइदाहरु सम्बन्धी वर्णन गर्ने<br>• सामाजिक कुरुतिहरु वालविवाह, वहुविवाह, छुवाछुत वातावरण सरसफाई का विधिहरु जस्तै घर, विद्यालय ,सार्वजनिक स्थल , नदी खोला,पोखरी,खानेपानीका स्रोत हरुको सरसफाई , प्लाष्टिकजन्य वस्तुहरुको व्यवस्थापन सम्वन्धि जानकारी दिन | • स्थानीय क्षेत्रमा उपलब्ध पर्चा, पम्प्लेट, फोटा भिडियोहरु लेख रचना<br>• स्थानीय क्षेत्रमा उपलब्ध पर्चा, पम्प्लेट, फोटा भिडियोहरु लेख रचना तथा श्रव्यदृश्य<br>• सामग्री क्षेत्रमा उपलब्ध पर्चा, पम्प्लेट, फोटा भिडियोहरु लेख रचना तथा श्रव्यदृश्य सामग्री | • स्थानीय क्षेत्रमा उत्पादित भोजनको सूचि तयार गरि खाद्य समूह निर्माण गर्ने दैनिक कुन कुन खाना कति मात्रामा शरिरलाई आवश्यक हुन्छ चार्ट निर्माण गर्न लगाउने ।<br>• वालविवाह, वहुविवाह , छुवाछुत आदिको परिचय तथा असर र त्यसको न्यूनिकरणका उपायहरु सम्वन्धि छलफल गरी वुदागतरुपमा प्रस्तुत गर्ने ।<br>• वतावरण सरसफाइको परिचय उदाहरण , कुहिने र नकुहिने फोहोर को व्यवस्थापन बारे जानकारी दिने र प्रदुषित वातावरणबाट पर्ने असर असरहरुको चर्चा गर्ने र वातावरण सरसफाई सम्बन्धि छलफल तथा अर्न्तक्रिया गर्ने गराउने , | • दैनिक रुपमा खाने खानाको समूह निर्माण गर्न लागाउने<br>• सामाजिक कुरीति सम्वन्धी नाटक मञ्चन गर्न लागाउने<br>• वतावरण सरसफाई कोमहत्व बारे निबन्ध , चिठी लेख्न लगाउने प्रदुषित वातावरण बाट परेका असरहरु झल्कने चित्र पोष्टरहरु बनाउन लगाउने विद्यार्थीहरुले वातावरण सरसफाई कसरी गर्ने गरेका छन जस्ता प्रश्न सोध्ने, | १४ |
| ७ | ६.१ स्वस्थकर र अस्वस्थकर बानिब्यहारहरु विच फरक छुट्याउन<br>६.२ पत्रु खाना (junk food) का असरहरु बुझेर पत्रु खानामा कमी ल्याउने उपायहरु<br>६.३ खाध संरक्षणका उपायहरु बताउन | • स्वस्थकर बानी जस्तै सन्तुलित आहार, नियमित व्यायाम , पर्याप्त आराम र निन्द्रा , सकारात्मक सोच ,सफा-सुग्घर रहनु आदी र अस्वस्थकर बानी जस्तै मोबाइल वा इन्टरनेट मा धेरै समय बिताउनु , अरुलाइ दुर्व्यबहार गर्नु, रिस तनाव धेरै लिनु<br>• जंक फुड वा असन्तुलित आहार , धुम्रपान , मधपान वा लागुपदार्थ सेवन आदी<br>• पत्रु खाना '(junk food) प्राकृतिक खानाको परिचय र पत्रु खानामा कमी ल्याउने उपायहरु<br>• खाध संरक्षणका उपायहरु | • स्वस्थकर र अस्वस्थकर बानी र तिनले जिवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभाव सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्रीस्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको<br>• सूची, फोटो, पोस्टर<br>• स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी<br>• भिडियो, वृत्तचित्र<br>• रैथाने बाली उत्पादन सम्बन्धि श्रव्यदृश्य | • विभिन्न स्वस्थकर र अस्वस्थकर बानीहरु को सुचि बनाउन लगाउने , फरक छुट्याउन लगाउने , यस्ता बानीहरुले हाम्रो जिवनमा पार्ने प्रभाव दर्शाउने चित्र भिडियो आदी प्रस्तुत गर्ने सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>• योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने<br>• (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>• स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न, सागपात, आलु, फलफूलको सेवनबाट फाईदा हुन्छ भन्ने कुरा बताउने । चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाईदाहरुबारे छलफल गर्ने ।<br>• बजारमा पाइने पत्रुखाना (junk food) हरुको | • स्वस्थकर र अस्वस्थकर बानीहरुको सुची तयार गर्न लगाउने ।<br>• स्वस्थकर र अस्वस्थकर बानीहरु झल्कने पोष्टर तयार गर्न लगाउने<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।<br>• प्राकृतिक र पत्रु खानाको परिचय दिन लगाउने ।<br>• स्थानीय क्षेत्रमा पाइने पत्रु खानाहरुको सूची बनाउन लगाउने ।<br>• पत्रु खानाको असरबारे वर्णन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जस्तै : रैथाने बालीको उत्पादन , जलवायु अनुकुल को खेतीबाली लगाउने , सुरक्षित भण्डारण , रोग र किराको जैविक उपचार | सामग्री , सुरक्षित भण्डारण गरेका चित्र भिडियो आदी | सूची बनाइ त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने । जस्तैः चिल्लो पिरोको मात्रा हुने, पहिले बनाएर प्याकिङ्ग गरिएको हुनाले स्वच्छ नहुने आदि ।<br>● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● खाध संरंक्षणका उपायहरु को सुची तयार गर्न लगाउने , रैथाने बालीको संरक्षण र यसको महत्व बारे वक्तृत्वकला गराउने<br>● | गर्न लगाउने ।<br>● दैनिक खाजाका। अवलोकन गर्ने ।<br>● खाध तथा रैथाने बाली संरक्षणका उपायहरु के के हुन सक्छनु ।<br>● जलवायु अनुकुलन हुने बालीको उत्पादन र महत्व समेटिने बुदा तयार गर्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ६.१ खानपानको स्वास्थ्यमा पार्ने प्रभाव बताउन<br>६.२ खाद्य सम्वन्धी धारणा तथा गलत मान्यता बारे परिचित हुन<br>६.३ प्राकृतिक खानाका फाइदा उल्लेख गर्न | ● स्वस्थकर खानपानले स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव<br>● अस्वस्थकर खानपानले स्वास्थयमा पार्ने नकारात्मक प्रभाव<br>● चाडवाडका बेला जाँड रक्सी , माछा मासु जसरी पनि खानुपर्छ भन्ने गलत मान्यता<br>● प्राकृतिक खाना जस्तै रेसादार खानेकुरा, खोलेसाग , निउरो, निगालोको टुसा, कुरिलो , काप्रो ,बेथेको साग, तरुल सगरखण्ड आदी | ● स्वस्थकर अस्वस्थकर खानपानले स्वास्थ्यमा पारेको सकारात्मक र नकारात्मक प्रभाव झल्कने चित्र, पोष्टर , भिडियो<br>● चाडवाडका बाहानामा जाँड रक्सी अधिकतम माछा मासु रबोसोयुक्त खाना खाँदा विरामी परेका भिडियो , र त्यसको व्यवस्थापन मा कमजोर आर्थिक अवस्थाका मानिसहरुलाइ हुने मानसिक तनाव झल्कने भिडियो सामग्री<br>● प्राकृतिक खाना का फाइदा बारे श्रव्यदृश्य सामग्री | ● मस्तिष्क मन्थन ,स्वस्थकर र अस्वस्थकर खानपान का सकारात्मक र नकारात्मक प्रभावहरुको भिडियो पोष्टर देखाएर छलफल गर्ने ।<br>● खाध सम्बन्धि धारणा तथा गलत मान्यता ति मान्यताहरुले जनजिवनमा पार्ने असर बारे प्रश्नावली ,अन्तरक्रिया गर्ने गराउने<br>● प्राकृतिक खानाका फाइदाहरु बारे छलफल अर्न्तक्रिया गर्ने र सुची बनाउन लगाउने । | ● स्वस्थकर र अस्वस्थकर खानपानले स्वास्थ्यमा पार्ने प्रभावहरुको सुची तयार गर ।<br>● समाजमा भएका खाध सम्वन्धि के कस्ता धारणा र गलत मान्यताहरु छन् लेख ।<br>● हाम्रो वरपर पाइने प्राकृतिक खाना को सुची र तिनका फाइदा लेख । | १४ |

## क्षेत्र ७: स्थानीय सेवामुलक सङ्घसंस्था र समाजसेवी व्यक्ति

| कक्षा | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ७.३ मेरो टोलमा भएका संघ संस्थाहरु<br>७.४ मेरो टोलमा रहेका सामाजिक तथा विशिष्ट व्यक्तिहरु | • टोलको पहुँच भित्र भएका संघ संस्था, विद्यालय, स्वास्थ्य इकाइ, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था, क्लव, टोल विकास संस्था आदि<br>• समाजमा भएका उदारणिय तथा सफल व्यक्तिहरुको परिचय | • वडा भित्र रहेका संघ संस्थाहरुको चित्र,संघ संस्थाहरुको सुची, चार्ट ब्रोसर<br>• समाजमा भएका उदारणिय व्यक्तिहरुको सुची<br>• शब्द पत्ती तथा चित्र पत्ती | • वडा भित्र रहेका सङ्घ संस्थाहरुको सूची बनाइ चित्र सहित प्रस्तुत गर्ने । जस्तैः विद्यालय,स्थास्थ चौकी, प्रहरीचौकी टोल विकास समिति, आदि संस्थाहरुबाट हामीले पाउने सक्ने सेवाहरुका बारेमा बताइदिने ।<br>• विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने क्रियाकलापहरु प्रत्यक्षरुपमा देखाउने र त्यसबाट हामीले लिन सकिने सेवाको बारेमा छलफल गर्ने ।<br>• उदाहरणि व्यक्तिहरुसँग प्रत्यक्ष भेट गरउने | • आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामूलक संस्थाहरुको नाम सोध्ने ।<br>• विद्यालय र स्वास्थ्य चौकीबाट हामीले के सुविधा पाउँछौ बताउन लगाउने ।<br>• आफ्नो विद्यालयको चित्र बनाउन लगाउने ।<br>• चित्रहरु मार्फत संस्थाहरु चिन्न लगाउने ।<br>• उदाहरणिय व्यक्तिहरुको नाम भन्न लगाउने । | ६+१ |
| २ | ७.४ मेरो वडामा भएका सेवामूलक संस्था<br>७.५ टोल विकास संस्थाको परिचय<br>७.६ मेरो वडामा रहेका जनप्रतिनिधि | • वडा भित्र भएका विभिन्न सेवामूलक सङ्घसस्थाहरुको सूची र परिचय ( आमा समूह, बाल क्लबसहकारी संस्थाहरू वडा कार्यालय, स्वास्थ्य संस्था स्वास्थ्य इकाइ, विद्यालय आदि<br>• आफ्ना टोलमा भएका टोल विकास संस्थाको परिचय<br>• वडामा भएका वडा अध्यक्षको नाम तथा वडा भित्र रहेका जनप्रतिधिको संख्या, | • वडा भित्र भएका सेवामूलक संस्थाहरुको सूची, चित्र, फोटो, चार्ट, ब्रोसर, पम्प्लेट र भिडियो स्थानीय क्लव, आमासमूह, स्वास्थ्य चौकीले दिने सेवा वा गर्ने कार्यहरुको सूची, पर्चा, पोष्टर आदि | • वडा क्षेत्र भित्र रहेका विभिन्न सेवामूलक सङ्घ संस्थाहरुको सूची बनाइ चित्र सहित प्रस्तुत गर्ने । जस्तैः आमा समूह, बाल क्लब, टोल विकास संस्था, युवा क्लब,सहकारी संस्थाहरू वडा कार्यालय, स्वास्थ्य संस्थाहरू स्वास्थ्य इकाइ, विद्यालयहरू आदि।<br>• स्वास्थ्य चौकी, स्थानीय युवा क्लव तथा स्थानीय आमा समूह वा महिला समूहले समाजमा गर्ने वा गरेका राम्रा कार्यहरुको खोजी गरी प्रस्तुत गर्ने । जस्तैः स्वास्य चौकीले हामीलाई स्वास्थ्य सेवा दिन्छ, स्थानीय युवा क्लवले खेलकुद प्रतियोगिताका आयोजना गर्छ, महिला समूहले गाउँमा जुवातास खेल्ने कार्य रोक्न मद्दत गर्छ । विद्यालयमा हामी पढ्छौं आदि ।<br>• वडा अध्यक्षसँग भेट गराई विभिन्न प्रश्नहरु सोध्न लगाउने<br>• विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरु प्रत्यक्ष देखाउने । त्यसबाट हामीले लिन सकिने सेवाको बारेमा छलफल गर्ने । | • आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामुलक संस्थाहरुको नामको सूची बनाउन लगाउने । स्थानीय आमा समूह ,टोल विकास संस्था र स्वास्थ्य चौकीबाट हामीले के सुविधा पाउँछौ बताउन लगाउने<br>• विद्यालयबाट हामीले के के सुविधाहरु पाउँछौं ? चित्रहरुमार्फत संस्थाहरु चिन्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ९+१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ७.३ मेरो वडामा रहेको सेवामूलक संघ संस्थाका प्ररकार<br>७.४ मेरो वडामा रहेका संघ संस्थाहरुको कार्य | ● स्थानीय सेवामूलक सङ्घ संस्थाहरुको परिचय सहकारी संस्थाहरू वडा कार्यालय, स्वास्थ्य संस्थाहरू स्वास्थ्य इकाइ, विद्यालयहरू लगायत | • वडा भित्र भएका सेवामूलक संस्थाहरुको प्रकारहरुको जस्तै सराकारी र गैह्रसरकारी) सूची, चित्र, फोटो, चार्ट, ब्रोसर, पम्प्लेट ICT Tools<br>• स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरुले दिने सेवा वा गर्ने कार्यहरुको सूची, पर्चा, पोष्टर आदि | • स्थानीय क्षेत्रमा विभिन्न सेवामुलक सङ्घ संस्थाहरुको सूची बनाइ चित्र सहित प्रस्तुत गर्ने । वडा कार्यालय, वित्तिय संस्था सहकारी संस्थाहरू वडा कार्यालय, स्वास्थ्य संस्थाहरू स्वास्थ्य इकाइ, विद्यालयहरू आदि ।<br>• वडा क्षेत्र भित्र रहेका बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरु सम्बन्धी खोजी गरी परिचय र त्यसले गर्ने कार्यहरुबारे बताईदिने । जस्तैः स्वास्थ्य चौकीबाट हामीले स्वास्थ्य सेवा पाउँछौं । सहकारी तथा वित्तीय संस्थाहरुमा पैसासम्बन्धीको कारोबार गर्न पाइनेछ । जसमा नगद जम्मा गर्ने लगायतका कार्यहरु पनि पर्दछन् आफ्नो विद्यालयमा भएको बाल क्लवले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः विभिन्न दिवशहरु मनाउने, विद्यालय सरसफाइ, बगैचा निमार्ण आदि कार्य गर्ने । विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरु प्रत्यक्ष देखाउने । स्थानीय संस्था वा रेडक्रस संस्थाका प्रतिनिधिसँग भेट गराइ अन्तरक्रिया गराउने र निष्कर्ष दिने । | • स्थानीय स्वास्थ्य चौकीले गर्ने कामहरु सहित छोटो परिचय दिन लगाउने ।<br>• आफ्नो वडा भित्र भएका संस्थाहरुको नामको सूची बनाउन लगाउने ।<br>• आफ्नो विद्यालयमा बाल क्लवले गर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>• विद्यार्थीहरुलाई बाल क्लवमा समाहित गराइ उनीहरुले गर्ने कार्यहरुको अवलोकन गर्ने ।<br>• आफ्नो घर नजिक भएको कुनै एक संघ संस्थाको नाम लेखी अभिभावकलाई सोधेर त्यसले गर्ने कार्यहरुका बारेमा लेख्न लगाउने<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ८+१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ७.३ स्थानीय आमा समूह, वालक्लव, र यूवा क्लवको परिचय<br>७.४ गाउँपालिका भित्र रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरु भूमिका | • स्थानिय आमासमूह, वालक्लव र यूवा क्लवको परिचय र सामाजिक भूमिका<br>• स्थानीय समाजसेवी को परिचय र सामाजिक योगदान<br>• सामाजिक रुपान्त्रणमा आमा समुह वालक्लब र यूवा क्लवको कियाकलाप | • स्थानीय पुरानो शैक्षिक संस्था तथा व्यक्ति सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना,भिडियो लेख, तथा स्थानीय इतिहासविद | • स्थानिय आमासमूह, वालक्लव र यूवा क्लवका नामहरु टिपोट गर्न लगाउने<br>• सामाजिक रुपान्त्रणमा आमा समुह, वालक्लब र यूवा क्लवको भूमिका वारे नाट, कथा कविता वा संवाद गराउने<br>• गाउँपालिका क्षेत्रमा भएको सबभन्दा पुरानो शैक्षिक संस्थाबारे खोजी गरी त्यस संस्थाको परिचय र उक्त संस्था खोल्न महत्वपूर्ण योगदान दिने व्यक्तिहरुबारे जानकारी गराउने।<br>• आफ्नो विद्यालयको स्थापनाबारे छलफल गर्ने । स्थानीय सामाजिक व्यक्तित्वले सामजमा गरेका राम्रा कार्यहरुको उदाहरण प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको विकास गर्न विभिन्न प्रेरणात्मक वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने<br>• असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रभावका बारेमा छलफल गरी निष्कर्ष दिने । | • स्थानीय आमा, वालक्ल्व र यूवाक्लवको नाम तथा कार्यहरु वताउन<br>• स्थानीय व्यक्तिको योगदानले समाजमा भएको सकरात्मक प्रभावका बारेमा लेख्न लगाउने ।<br>• गाउँ टोल वा गाउँपालिका भित्रको कुनै एक सामाजिक व्यक्तिको खोजी गरी परिचय दिन लगाउने । सामाजिक कार्यमा गरेका महत्वपूर्ण भूमिका लेख्न लगाउने,<br>• वडा तथा गाउँपालिका भित्र रहका आमा समूह, यूवाक्लव र वालक्लवको नाम आफ्नो अभिभावको सहयोगबाट कार्यहरुको सूचि वनाउन परियोजना कार्य गर्न लगाउने | ६+१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ७.३ स्थानीय सेवामूलक संघ संस्थाहरुको काम कर्तव्य र अधिकार<br>७.४ गाउँपालिका भित्र रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय सफल व्यक्ति | • स्थानीय आमा समूह वालक्लव र युवा क्लवको काम कर्तव्य र अधिकार<br>• आफनो वडाभित्र रहेका समाजसेवी व्यक्तिहरुको परीचय र कार्यहरु | • स्थानीय संघ संस्थाको काम कर्तव्य र अधिकार लेखिएको चार्ट फोटो, वृत्तचित्र आदि<br>• गाउँपालिका को भित्र आफना वडाभित्रका समाजसेवी पत्तीहरुको लेख, फोटो, वृत्तचित्र<br>• स्थानीय जानकारी व्यक्ति सँगको अन्तरक्रिया कियाकलाप | • स्थानीय सेवामूलक संघ संस्थको परिचय सहित संस्थाको काम कर्तव्य र अधिकार छलफल गर्ने ।<br>• गाउँपालिकाका भित्र आफना वडाभित्र रहेका समाजसेवी व्यक्तिहरुको परिचय र जीवनी खोजी गरी कक्षामा प्रस्तुत गर्ने ।<br>• सफल व्यक्ति हुनको लागि कस्ता कस्ता कार्यहरु गर्नुपर्दछ भनि कक्षामा विद्यार्थीहरुलाई भूमिका निर्वाह विधिद्धारा विभिन्न क्रियाकलाप गराउने । | • आफू पढिरहेको विद्यालय स्थापना गर्न योगदान दिने व्यक्तिहरुको खोजी गरी परिचय दिन लगाउने ।<br>• गाउँपालिकाको प्रथम निर्वाचित जनप्रतिनिधिहरुको परिचय दिन लगाउने ।<br>• आफ्नो वस्ती नजिकको सडक वा कुनै सेवाकेन्द्र बनाउन को को मानिसहरुको योगदान रहेको छ भन्ने बारेमा अभिभावकलाई सोधेर लेख्न लगाइ प्रस्तुत गर्न लगाउने<br>• परियोजना कार्य गराउने । | ८ |
| ६ | ७.४ बालक्लव रेडक्रस तथा स्काउटको परिचय<br>७.५ वालक्लव रेडकस स्काउटको रचानात्मक कार्य<br>७.६ जीवनी<br>• शिव सुवेदी | • आफना विद्यालयमा भएका बाल क्लव,रेडक्रस तथा स्काउटको परिचय<br>• बाल क्लव,रेडक्रस तथा स्काउटको रचनात्मक कार्यहरु<br>• शिव सुवेदीले गरेका योग्दान | • विद्यालयमा भएका संस्थाहरुको सूची र त्यस सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो<br>• बाल क्लव र रेडक्रसको परिचय सम्बन्धी श्रव्यदृश्य सामग्री | • आफनो विद्यालयमा भएका विभिन्न बाल क्लव,रेडक्रस तथा स्काउटको परिचय र तिनीहरुले गर्ने कामहरुबारे जानकारी गराउने ।<br>• विद्यार्थीहरुलाई उक्त क्लवहरुमा सहभागी गराइ विद्यालयमा सामुहिक कार्यमा सहभागी गराउने ।<br>• विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको विकास गर्न विभिन्न प्रेरणात्मक व्यक्तिको वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने । जस्तै :भुकम्प विद शिव सुवेदी<br>• असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रवाभका बारेमा छलफल गरी निष्कर्ष दिने । | • आफ्नो विद्यालयमा बाल क्वल, जुनीयर रेडक्रस, इको क्लव आदिले गर्ने कार्यहरुबारे लेख्न लगाउने ।<br>• विद्यालय परिसरमा सरसफाई तथा पुष्प बगैंचा बनाउन लगाउने ।<br>• सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुकाबारेमा लेख्न लगाउने ।<br>• दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ७.४ सामाजिक संघ संस्थाहरुले सामाजिक रुपान्त्रणमा गरेको भूमिका<br>७.५ सामाजिक संघ संस्थाको दर्ता प्रक्रिया<br>७.६ जीवनी<br>• शालिकराम सन्तगुरु | • सामाजिक संघ संस्थाले समाज रुपान्तरणमा खेलेको भूमिका उल्लेख गर्न<br>• जीवनी : सालिकराम सन्तगुरुको परिचय दिन, | • सामाजिक संघ संस्थाले समाज रुपान्तरणमा खेलेको भूमिका<br>• जीवनी : सालिकराम सन्तगुरु<br>• तिनीहरुले दिने सेवा सुविधा सम्बन्धी पोष्टर, ब्रोसर,श्रव्यदृश्य सामग्री | • अनुकरणिय क्लव तथा समूहहरुको अवलोकन भ्रमण आदि ।<br>• सामाजिक संघ संस्थाहरुले सामाजिक रुपान्त्रणमा गरेको छ भनी छलफल गराउने<br>• उल्लेखित व्यत्तिहरुको जीवनी जानेवुझेका व्यक्तिहरुवाट सोध खोज गरि जीवनी तयार गरि कक्षामा प्रस्तुत | • स्थानीय क्षेत्रमा भएका सामाजिक संघ सस्थाहरुको सूची सहित वर्गीकरण गर्न लगाउने ।<br>• जीवनी तयार गरि प्रस्तुत गर्न लगाउने ।<br>• परियोजना कार्य गराउने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ७.४ सामाजिक संघ संस्थाहरुको गठन प्रकृया<br>७.५ एन जि ओ आइ एन जि ओ<br>७.६ जिवनी<br>• मोहन बहादुर मल्ल | • सामाजिक संघ संस्थाको गठन प्रक्रिया तथा दर्ता सम्वन्धि कानुनी व्यवस्था अध्ययन गरि भन्न<br>• साहित्यकार मोहन वहादुर मल्लको जीवनी लेख्न | • सामाजिक संघ संस्थाको गठन प्रक्रिया तथा दर्ता सम्वन्धि कानुनी व्यवस्था सम्वन्धि चार्ट पोष्टर, श्रव्यदृश्य समाग्री<br>• साहित्यकार मोहन वहादुर मल्लको जीवनी | • दर्ता प्रक्रिया सम्वन्धि कानुनी पुस्तकको अध्ययन गरि प्रतिवेदन तयार गर्ने,<br>• एन जि ओ, आइ एन जि ओ का परिचय दिने र यसका महत्व, कार्य र योग्दान वारे अन्तरकिया गर्ने,<br>• जीवनीमा जन्म मृत्यु कृति र समाजमा गरेका योगदानको बारेमा छलफल गर्ने सोधखोज गर्ने । | • सामाजिक संघ संस्थाको गठन प्रक्रिया तथा दर्ता सम्वन्धि कानुनी व्यवस्था<br>• साहित्यकार मोहन वहादुर मल्लको साहित्यिक कृतिहरुको सुचि बनाउन लगाउने<br>• परियोजना कार्य गराउने | ८ |

## क्षेत्र ८: दुर्घटना प्राकृतिक र प्रकोप र विपत्

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ८.१ गाउँघरमा हुन सक्ने दुर्घटनाहरु नाम वताउन,<br>८.२ दुर्घटनका कारणहरु भन्न, | • स्थानीय क्षेत्रमा हुनसक्ने दर्घटनाका चित्र र नाम जस्तैः आगलागी, सडक दुर्घटना, वाढी, पहिरो, भूकम्प लगायतको नाम<br>• दुर्घटनाका कारणहरु जस्तै जथाभावी प्रज्वलनसिल वस्तु प्रयोगगर्दा, जथाभावी सडक पारगर्दा आदि । | • प्रकोप, विपद तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरु,श्रव्य दृश्य सामग्री स्रोत सामग्रीहरु | • विभिन्न पत्रपत्रिकाहरू तथा पोष्टरहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्पले गरेका असरहरुको चित्रहरू प्रर्दशन गर्ने र चिनाउने ।<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरो वा नदी कटान वा डुबान क्षेत्रको अवलोकन गराउने ।<br>• प्रकोप सम्बन्धी भिडियो देखाउने ।<br>• परियोजना कार्य गर्नलगाउँने । | • फोटोहरू देखाइ प्रकोपका नामहरू भन्न लगाउने ।<br>• विपद्का नाम सम्बन्धित फोटोहरूसित जोडा मिलाउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने ।<br>• दुर्घटनाका कारणहरु सोध्ने । | ८ |
| २ | ८.१ दुर्घटनाका असरहरु<br>८.२ प्राकृतिक प्रकोपकाहरु | • खाना पकाउने ग्याँस लगायत पकाउने सामग्रीहरु वाट हुने दुर्घटना र घर र विद्यालयमा हुनसक्ने दुर्घटनाहरु जस्तैः आगलागी, भिरपाखा, रुखवाट लड्ने, घरको छतवाट खस्ने लगायतको असरहरु,<br>• प्राकृतिक प्रकोपहरु वाढी , पहिरो, भुकम्प आदि | • विद्यालय र घरमा हुने दुर्घटना सम्बन्धी फोटो, चित्रहरु<br>• प्रकोप विपद्सँग श्रव्य दृश्य सामग्री ,स्रोत सामग्रीहरु | • विद्यालय नजिकको खोला तथा सडकहरूको भ्रमण गराइ त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाइ प्रस्तुत गर्ने । जस्तैः खोला किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना, सडक भत्केको, हावाहुरीले छानोहरु विगारेको आदि ।<br>• विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरू देखाइ त्यसको असर र कारणबारे बताइदिने ।<br>• प्रकोप सम्बन्धी भिडियो र त्यसबाट सुरक्षित रहने उपायहरु सिकाउने । | • आफ्नो घर टोलको वरिपरी भएका प्रकोपहरूको सूची बनाउन लगाउने ।<br>• फोटोमार्फत प्रकोपहरूको पहिचान गर्न लगाउने र त्यसका असरहरुबारे सोध्ने ।<br>• पहिरो जान सक्ने कारणबारे प्रश्नोत्तर गर्ने ।<br>• बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ८.१ मानव सृतिज प्रकोपहरुको परिचय दिन,<br>८.२ दुर्घटना न्युनिकरणका उपायहरु भन्न । | • मानव सृजित प्रकोपहरु जस्तै जथाभावी सडक निर्माणले वाढी पहिरो, असुरक्षित विद्युतिकरणका कारण आगलागि ।<br>• दुर्घटना न्यूनिकरणका उपायहरु | • दुर्घटना सम्बन्धी फोटो, चित्रहरु, श्रव्यदृश्य सामग्रीहरु स्रोत सामग्रीहरु | • दुर्घटनाको परिचय दिइ मानविय र प्राकृतिक दुर्घटनाले स्थानीय क्षेत्रमा हुनसक्न क्षतिको बारेमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गराउने ।<br>• दुर्घटना कम गर्नका लागि अपनाउन सकिने उपायहरूका बारेमा भिडियो प्रस्तुत गर्ने र सूची बनाइ प्रस्तुत गर्ने ।<br>• विद्यालय नजिकको गाडी गुड्ने सडकको अवलोकन भ्रमण गराइ बाटो काट्न तथा बाटोमा सुररिक्षत तरिकाले हिँड्न अभ्यास गराउने ।<br>• विद्यार्थीहरुलाई व्यस्त सडक वा शहरबजारमा बाटो काट्दा अपनाउनुपर्ने उपायहरुबारे सिकाउने। | • स्थानीयस्तरमा मानविय र प्राकृतिक दुर्घटनाका असरहरू के के हुन सक्छन् सोध्ने ।<br>• सडक दुर्घटना कम गर्न अपनाउनुपर्ने उपायहरुबारे अभिनय गर्न लगाउने ।<br>• बाटोमा हिँड्दा, खेल्दा दैनिक क्रियाकलापहरु अवलोकन गर्ने । | ८ |
| ४ | ८.१प्रकोप व्यवस्थापनका उपायहरु भन्न र लेख्न,<br>८.२ दुर्घटना र प्राथमिक उपचार परिचय दिन,<br>८.३विपतको परिचय वताउन, | • प्रकोप व्यवस्थापनका उपायहरु<br>• दुर्घटना र प्राथमिक उपचार<br>• विपतको परिचय | • बाढी, पहिरो, हावाहुरी, आगलागी सम्बन्धी फोटो, चित्रहरु<br>• प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृश्य सामग्री | • हावाहुरी, भूक्षय, पहिरो, वाढी तथा आगलागी संभावित स्थानीय स्थानहरूको भ्रमण गराइ त्यसबारे परिचय दिने ।<br>• स्थानीय क्षेत्रमा भएका प्राकृतिक प्रकोपहरूको सूची बनाइ त्यसले पारेको असरबारे छलफल तथा पत्रपत्रिका लगायतका सूचनाको स्रोतहरूबारे प्रस्तुति दिने ।<br>• हावाहुरी, बाढी, पहिरो, आगलागी, भूकम्प सम्बन्धी भिडियो प्रस्तुत गर्ने र सावधानीका उपायहरुको अभ्यास गराउने ।<br>• प्रकोप विपद्को बेला सुरक्षित स्थानको खोजी गरी सावधानी अपनाउने अभ्यास गराउने । | • भूक्षय, पहिरो, बाढी तथा आगलागीका बारेमा छोटो वर्णन गर्न लगाउने ।<br>• प्रकोपका कारण निम्तिने असरहरुको सूची बनाइ असर कम गर्नका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय क्षेत्र भ्रमणको परियोजना कार्य गराइ प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ८.१ प्रकोप व्यवस्थापनमा मेरो भूमिका वताउन,<br>८.२ विपतका कारण लेख्न<br>८.३ ट्राफिक नियमहरुको वारेमा भन्न । | • प्रकोप व्यवस्थापनमा मेरो भूमिका<br>• विपतका कारण<br>• ट्राफिक नियमहरुको जानकारी | • प्राकृतिक प्रकोप तथा विपत सम्बन्धी फोटो, भिडियो, पोष्टर ट्राफिक नियम सम्वन्धि चित्र, पोष्टर । | • प्रकोप व्यवस्थापनमा मेरो भूमिका सम्वन्धि छलफल गरि विद्यार्थीहरुलाई वक्तृत्व सञ्चालन गर्ने आदि ।<br>• विद्यार्थीहरुलाई प्राकृतिक प्रकोप तथा विपत्का सावधानीका उपायहरु र दुर्घटनाका प्राथमिक उपचारका लागि हामीले अपनाउनुपर्ने कार्यहरुको बारेमा जानकारी गराउने । जस्तैः भुकम्प जादा के गर्ने ? दुर्घटनाका प्राथमिक उपचारहरु को वारेमा छलफल गर्ने आदि विपतका कारणलाई समूहमा छलफल गर्ने ।<br>• ट्राफिक नियम सम्वन्धि छलफल, चित्र निर्माण र परियोजना कार्य गर्ने । | • प्राकृतिक प्रकोप तथा विपत्को परिचय र कारणहरु भन्न लगाउने।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>• ट्राफिक नियम सम्वन्धि चित्र कोर्न लगाउँने । | ७ |
| ६ | ८.१ विपतका लागि राहात र सहयोग कार्यको वारेमा भन्न<br>८.२ विपद र प्रकोपले जनजीवनमा पार्ने असर वताउन,<br>८.३ सवारी चालकले ध्यान दिनुपर्ने कुराहरु | • विपतका लागि राहात र सहयोग कार्य<br>• विपद र प्रकोपले जनजीवनमा पार्ने असर<br>• सवारी चालकले ध्यान दिनुपर्ने कुराहरु | • प्राकृतिक प्रकोप तथा विपत्का सावधानीका उपायहरु, सवारी नियम र दुर्घटनाका प्राथमिक उपचारहरु सम्बन्धी फोटो, भिडियो, पोष्टर | • विपतका लागि राहात र सहयोग कार्य सूचि तयार गर्नै र विगतमा भएका समाचारहरुमा छलफल गर्ने र आगामि दिनमा गर्न सक्ने कार्यको तालिकिकरण गर्ने ।<br>• विपद र प्रकोपले जनजीवनमा पार्ने असर वारेमा छलफल र अर्न्तक्रिया गर्ने ।<br>• दुर्घटनाका प्राथमिक उपचार सम्बन्धी भिडियो प्रस्तुत गर्ने<br>• सवारी चालकले ध्यान दिनुपर्ने कुराहरुको विद्यार्थीहरुको अनुभव र सन्दर्भ सामग्री प्रयोग गरि प्रस्तुत गर्ने ।<br>• सडक नाटक, अभिनय गर्ने । | • दुर्घटनाका प्राथमिक उपचारहरु प्रस्तुत गर्न लगाउने ।<br>• प्राकृतिक प्रकोप वाट वच्ने उपायहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• अभिनय गर्न लगाउँने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ८.१ विपत व्यवस्थापनका लागी पुनस्थापना र पुर्नलाभ कार्यक्रमको वारेमा वताउन,<br>८.२ प्रकोप र विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका भन्न,<br>८.३ सवारी चालक तथा यात्रुले अपनाउनु सावधान<br>८.४ ट्राफिक नियम उल्लङ्घन गर्दा जरिवाना दण्ड तथा सजाय लेखन गर्न | • विपत व्यवस्थापनका लागी पुनस्थापना र पुर्नलाभ कार्यक्रम<br>• प्रकोप र विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका<br>• सवारी चालक तथा यात्रुले अपनाउनु सावधानी<br>• ट्राफिक नियम उल्लङ्घन गर्दा जरिवाना दण्ड तथा सजाय | • जैविक भाईरस, माहामारी सम्बन्धी श्रव्य दृश्य सामग्री, पोष्टर, पम्प्लेट आदि<br>• बाढी, पहिरो, आगलागी, भूकम्पको असर न्यूनीकरण सम्बन्धी फोटो, चित्रहरु ट्राफिक नियम सम्वन्धि पर्चा पोष्टर | • स्थानीय क्षेत्रमा फैलन सक्ने विभिन्न किसिमका महामारीहरुसँग सम्बन्धित भिडियो, वृत्तचित्र प्रस्तुत गर्ने । जस्तैः हैजा, पखाला, कोभिड १९, स्वाइन फ्लु, वर्ड फ्लु आदि ।<br>• स्थानीय विज्ञहरूसँग प्रकोप/विपद् सम्बन्धी छलफल गरी त्यसको असर न्यूनीकरणका लागि स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूको सूची प्रस्तुत गर्ने ।<br>• नजिकैको प्रकोपजन्य क्षेत्रको अवलोकन भ्रमण गराइ त्यहाँ देखिएका समस्याहरूबारे छलफल गर्ने ।<br>• विपत व्यवस्थापनका लागी पुनस्थापना र पुर्नलाभ कार्यक्रमको वारेमा छलफल गर्ने ।<br>• प्रकोप र विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका छलफल गरि लेख तयार गर्ने ।<br>• ट्राफिक नियम उल्लङ्घन गर्दा जरिवाना दण्ड तथा सजाय आधिकारिक सामग्री संकलन गरि छलफल गर्ने। | • प्रकोप र विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका भन्न लगाउँने ।<br>• सवारी चालक तथा यात्रुले अपनाउनु सावधानी उपायहरु लेख ।<br>• बि.सं. २०७२ सालको भूकम्पबारे अभिभावकलाई सोधेर छोटकरीमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>• विपद्बाट बच्नका लागि अपनाइने उपायहरुको अभिनय गर्न लगाउने ।<br>• ट्राफिक नियम उल्लङ्घन गर्दा जरिवाना दण्ड तथा सजाय भन्न लगाउँने । | ७ |
| ८ | ८.१ विपत र प्रकोपमा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका<br>८.२ विपत व्यवस्थापनका लागि प्रतिकार्य योजना<br>८.३ सवारी नियमको पालना र दुर्घटना न्युनिकरण गर्ने उपायहरु<br>८.४ विपत र प्रकोप मा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका<br>८.५ विपत व्यवस्थापनका लागि प्रतिकार्य योजना<br>८.६ सवारी नियमको पालना र दुर्घटना न्युनिकरण गर्ने उपायहरु<br>८.७ | • विपत र प्रकोपमा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका<br>• विपत व्यवस्थापनका लागि प्रतिकार्य योजना<br>• सवारी नियमको पालना र दुर्घटना न्युनिकरण गर्ने उपायहरु<br>• विपत र प्रकोपमा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका<br>• विपत व्यवस्थापनका लागि प्रतिकार्य योजना<br>• सवारी नियमको पालना र दुर्घटना न्युनिकरण गर्ने उपायहरु<br>• | • माहामारी,प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृश्य सामग्री विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी लेख, किताव, वृत्तचित्र आदि<br>• गाउँपालिका विपद् व्यवस्थापन योजना पुस्तिका सवारी नियमको पालना र दुर्घटना न्युनिकरण सम्वन्धि पर्चा | • विभिन्न समयमा स्थानीय रुपमा देखा पर्नसक्ने विभिन्न, महामारी र त्यसका लागि अपनाउनु पर्ने सावधानीहरुका बारेमा अन्तरक्रिया छलफल गर्ने, त्यससँग सम्बन्धित भिडियो प्रस्तुत गर्ने । जस्तैः हैजा, झाडा आदि । स्थानीय विज्ञको सहयोगमा यस्ता माहामारीको असर न्यूनीकरणका लागि विद्यालयमा गनुपर्ने पूर्व तयारी योजना बनाइ सबैले देख्ने ठाउँमा टाँस्न लगाउने ।<br>• प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरूका बारेमा भिडियो वा पोष्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>• विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गर्नुपर्ने कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा के गर्ने, हावाहुरी आउँदा के गर्ने आदि ।<br>• प्रकोपको पूर्व तयारीका लागि गाउँपालिकाले के गरिरहेको छ र त्यस कार्यमा हामीले कसरी सहयोग गर्न सक्छौं भन्नेबारेमा गाउँपालिकाका प्रतिनिधिसँग | • स्थानीय क्षेत्रमा विपद् व्यवस्थापन सुरक्षासम्बन्धी गाउँपालिकाले के गरिरहेको छ ? वा योजना के छ भन्ने बारेमा आफ्नो वस्ती भएका वडाका प्रतिनिधि वा गाउँपालिकाका प्रतिनिधिसँग छलफल गरी बुँदागत रुपमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>• समूहगत रुपमा विद्यालयको विपद् योजना सामग्री बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको बारेमा प्रस्तुति दिन लगाउने ।<br>• समूहगत रुपमा जनचेतनामूलक सामग्रीहरू समुदायमा प्रस्तुत र अभिनय | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अन्तरक्रिया गराउने । <br>• प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी योजना निर्माण र त्यसको अभ्यास र प्रचारप्रसार गर्ने । | गर्न लगाउने । <br>• विपत र प्रकोपमा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाको भूमिका लेख । | |

## क्षेत्र ९ : प्राकृतिक चिकित्सा र योग

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ९.३ प्राकृतिक उपचारका नाम भन्न, <br>९.४ योगका अभ्यास गर्न । | • प्रकृतिक उपचारका नाम जस्तै वालसूर्य, उपवास, जलासन, मालिस,आहार र पोषण, थेरापी आदि <br>• योगको अभ्यास जस्तै प्रणायाम, आसन आदि | • प्रकृतिक उपचार सम्वन्धि पर्चा पोष्टर आफ्नो डाक्टर आफै पुस्तक श्रव्य दृष्य सामग्री | • विद्यार्थीहरूलाई गाउँघरमा स्वास्थ्यमा कुनै विरामीपन भएमा गरिने प्राकृतिक उपचारको वारेका छलफल गर्ने र टिपोट गर्ने । <br>• विभिन्न प्राकृतिक उपचार र योगा सम्बन्धी भिडियो प्रस्तुत गर्ने । <br>• प्राकृतिक उपचारका र योगका अभ्यास गर्ने । <br>• स्थानीय स्रोत व्यक्तिसँगको स्रोत कक्षा सञ्चालन गर्ने । | • आफ्नो गाउँघरमा प्रचलनमा रहेका प्राकृतिक उपचार विधिका नाम भन । <br>• योगका अभ्यास गर्न लगाई अवलोकन गर्ने । | २० |
| २ | ९.३ पोलेको उपचार <br>९.४ योगको परिचय | • पोलेको उपचार जस्तै जलसेचन, स्थानीय जडिवुटीको प्रयोग ( ध्यूकुमारीं) <br>• योगको परिचयः शरिर र मनको जोड र संयोजन , वोध विज्ञान | • पोलेको उपचार पर्चा पोष्टर <br>• आफ्नो डाक्टर आफै पुस्तक <br>• श्रव्य दृष्य सामग्री | • अभिनय विधिवाट पोलेको उपचारको सिकाई सहजिकरण गर्ने । <br>• योगविज्ञानका स्रोत व्यक्तिको कक्षा सञ्चालन गर्ने । <br>• जीवन दर्शन सम्वन्धी भिडियो प्रस्तुत गर्ने । | • पोलेको प्राकृतिक उपचारका कुनै ३ उपायहरु भन । <br>• योग भनेको के हो ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ९.३ प्राकृतिक उपचारको महत्व भन्न ,<br>९.४ योगको महत्व लेख्न, | • प्राकृतिक उपचारको महत्व (तत्काल सुरक्षा र प्राथमिक उपचार)<br>• योगको महत्व : स्वस्थता र तन्दुरुस्थता मेरुदण्डको रक्षा, रक्तप्रवाह वढाउछ, प्रतिरक्षा वृद्धि, ध्यान केन्द्रित, सुखी खुसी रहन | • श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु,स्रोत सामग्री,स्रोत शिक्षक | • प्राकृतिक उपचारको महत्व विषयमा छलफल गर्ने ।<br>• योगविज्ञानका स्रोत व्यक्तिको कक्षा सञ्चालन गर्ने ।<br>• जीवन दर्शन सम्वन्धी भिडियो प्रस्तुत गर्ने । | • प्राकृतिक उपचारको महत्व भन्न । ,<br>• योगको महत्व लेख्न ।, | १० |
| ४ | ९.३ तत्कालिन प्राकृतिक उपचार र महत्व वारेमा जानकारी दिन ।<br>९.४ योग र योगका प्रकारका वारेमा वताउन । | • तत्कालिन प्राकृतिक उपचार र महत्व<br>• योगका प्रकार : राजयोग, हठयोग, लययोग, ज्ञान योग, कर्म योग, भक्ति योग, कुण्डली योग आदि | श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु, स्रोत सामग्री, स्रोत शिक्षक | • तत्कालिन प्राकृतिक उपचार र महत्व विषयमा छलफल अर्न्तक्रिया र अर्न्तवार्ता गर्ने ।<br>• योगका प्रकार : राजयोग, हठयोग, लययोग, ज्ञान योग, कर्म योग, भक्ति योग, कुण्डली योग आदिको विज्ञ श्रव्य दृष्य सामग्रीमार्फत सहजिकरण ।<br>• भ्रामरी प्रणायामको अभ्यास गर्न लगाऊने । | • प्राकृतिक उपचारको महत्व लेख<br>• भ्रामरी प्रणायामको अभ्यास अवलोकन गर्ने । | १० |
| ५ | ९.३ सर्पको टोकाइ र खुट्टामर्केको उपचार विधिको वारेमा भन्न,<br>९.४ प्रणायाम र यसका प्रकार भन्न र अभ्यास गर्ने । | • सर्पको टोकाइ र खुट्टामर्केको उपचार<br>• प्रणायाम र यसका प्रकार : पुरक प्रणायाम, रेचक प्रणायाम, अन्तरकुम्भक प्रणायाम , वाह्य प्रणायाम | श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु, स्रोत सामग्री, स्रोत शिक्षक | • सर्पको टोकाइ र खुट्टामर्केको उपचार विधिको वारेमा छलफल गर्ने ।<br>• श्रव्य दृष्यमार्फत भिडियो हेर्ने ।<br>• प्रणायाम र यसका प्रकारका अभ्यास गर्ने । | • सर्पको टोकाईमा अवलम्वन गरिने प्राकृतिक उपचारको वारेका लेख ।<br>• खुट्टामर्केमा अपनाइने उपायहरुको वारेमा भन ।<br>• सूर्य नमस्कारका अभ्यास अवलोकन गर्ने । | १० |
| ६ | ९.४ पेट र कान दुखाइको उपचार वताउन,<br>९.५ कपालभाति प्रणायम अभ्यास गर्न ।<br>९.६ योग र ध्यानका वारेमा वताउन | • पेट र कान दुखाइको उपचार ( पानीले सेक्ने , कपालभाति प्रणायम योग र ध्यान सम्वन्धि सामान्य जानकारी ।<br>• ध्यानका प्रकार: विपासना, त्राटक, थर्डआई, कुण्डलीनी, मन्त्र, सहजयोग। | श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु, स्रोत सामग्री, स्रोत शिक्षक | • पेट र कान दुखाइको उपचार विधिको वारेमा छलफल गर्ने ।<br>• श्रव्य दृष्यमार्फत भिडियो हेर्ने ।<br>• कपालभाति प्रणायम अभ्यास गर्ने ।<br>• योग र ध्यानका विषयमा जानकार व्यक्तिसँग स्रोत कक्षा व्यवस्थापन गर्ने । | • पेट दुखाइमा गरिने प्राकृतिक उपचार विधि भन ।<br>• कान दुखाईका लक्षणहरु के के हुन ?<br>• वोधस्थ अवस्था भनेको के हो ? यसमा कुन कुन कुराको योग गरिन्छ ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ९.४जण्डीसको घरायसी उपचार<br>९.५ प्रणायमः भ्रामरी, अनुलोम, विलोम<br>९.६ योग ध्यान गर्ने उपयुक्त समय | • जण्डीसको घरायसी उपचार<br>• अनुलोम प्रणायमप्रणायमः भ्रामरी, अनुलोम, विलोम ध्यान गर्ने उपयुक्त समय | श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु, स्रोत सामग्री, स्रोत शिक्षक | • जण्डीसको घरायसी उपचार विधिको बारेका जानकार व्यक्ति तथा स्रोत सामग्रीको सहयोगले सहजिकरण गर्ने ।<br>• प्रणायमः भ्रामरी, अनुलोम, विलोम अभ्यास गर्ने र गर्न लगाउने ।<br>• योग ध्यान गर्ने उपयुक्त समय तालिका निर्माण गर्न लगाऊने । | • जण्डीसमा घरायसी उपचार विधि भन।<br>• अनुलोम प्रणायाम गर्दा के के कुरामा ध्यान दिन पर्छ ?<br>• योग ध्यान गर्ने उपयुक्त समयको तालिका निर्माण ? | १० |
| ८ | ९.४टाउको र दाँत दुखाइको घरायसी उपचार विधि भन्न<br>९.५ दिर्घ प्रणायम अभ्यास गर्न<br>९.६ योग र ध्यान चरण लेख । | • टाउको र दाँत दुखाइको घरायसी उपचार दिर्घ प्रणायम योग र ध्यानको चरणः मन र सरिरको जोड, मन र ध्यानसँग ध्यान, मन र प्रमात्मा सँग योग । | श्रव्य सामग्रीहरु श्रव्य दृष्य सामग्रीहरु, स्रोत सामग्री, स्रोत शिक्षक | • टाउको र दाँत दुखाइको घरायसी उपचार जानकार व्यक्ति तथा स्रोत सामग्रीको सहयोगले सहजिकरण गर्ने ।<br>• दिर्घ प्रणायम अभ्यास गर्ने र अवलोकन गर्ने ।योग र ध्यानको आवश्यकता विषयमा वक्तृत्व सञ्चालन गर्ने । | • टाउको र दाँत दुखाइको घरायसी उपचार विधि लेख ।<br>• दिर्घ प्रणायम अभ्यास अवलोकन ?योग र ध्यानका चरण लेख । | ९ |

## क्षेत्र १० : सुचना र सञ्चार प्रविधि

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | १०.२ मेरो घरमा भएका विद्युतिय उपकरण | • विद्यार्थीहरुले देखे सुनेका विद्युतिय उपकरणहरु (जस्तै : मोवाइल, टिभि आदिको चिनारी तथा साधारण चित्र निमार्ण | • दैनिक प्रयोगमा आउने विद्युतिय उपकरणहरुको चित्र, शब्दपत्ति, चित्रपत्ति ,भिडियो आदि | • विद्यार्थीहरुले जाने सुनेका विद्युतिय उपकरणहरुको नाम भन्न लगाउने,<br>• विभिन्न विद्युतिय उपकरणहरुको चित्र देखाइ चिन्ने लगाउने<br>• विभिन्न विद्युतिय उपकरणहरुको चित्र देखाइ नाम चिनेर टिपोट गर्न लगाउने | • आफ्नो घरमा भएका विद्युतिय उपकरणहरुको नाम बताउन लगाउने,<br>• विभिन्न विद्युत्तिय उपकरण र अन्य उपकरहरु देखाइ चिन्न लगाउने, | ८ |
| २ | १०.३ मेरो घरमा भएका विद्युतिय उपकरणको प्रयोग<br>१०.४ कम्प्युटर खोल्न र बन्द गर्ने सिप | • मोवाइल, टि, भि, राइसकुकर, पंखा, फ्रिज, इलेक्टिकल जग आदिको प्रयोग<br>• कम्प्युटर तथा ल्याप्टप खोल्नका लागी प्रयोग गरिने power button, On/off button | • घरमा प्रयोग भएका विभिन्न विद्युतिय उपकरणहरु चित्र, नाम, शब्दपत्ति र चित्रपत्ति<br>• कम्प्युटर तथा | • विद्युतिय उपकरणहरुको नाम वताउन लगाउने<br>• आआफ्ना घरमा भएका विद्युतिय उपकरणहरुको उपयोगबारे वताउन र टिपोट गर्न लगाउने<br>• कम्प्यूटर तथा ल्याप्टप देखाइ त्यसमा भएका Power Button,On/Off पहिचान गर्न लगाउने साथै आवश्यक शिक्षकले सहजिकरण गर्ने, | • विभिन्न विद्युत्तिय उपकरण र अन्य उपकरहरु देखाइ चिन्न लगाउने,<br>• आफ्नो घरमा भएका विद्युतिय उपकरणहरुको उपयोग वताउन लगाउने<br>• कम्प्यूटर तथा ल्याप्टप देखाइ त्यसमा भएका Power Button,On/Off पहिचान गर्न लगाउने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ल्याप्टपको चित्र, तथा शब्दपत्तिहरु | | | |
| ३ | १०.३ कम्प्यूटरको परिचय<br>१०.४ कम्प्यूटरको वर्गिकरण | • कम्प्यूटरको परिचय सहित प्रयोग,<br>• ब्राण्डका आधारमा कम्प्यूटरको वर्गिकरण | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • वास्तविक वस्तुको प्रयोग गरी पहिचान गर्न लगाउने<br>• विभिन्न प्रकारका कम्प्यूटरको चित्र देखाइ पहिचान गराउने<br>• आवश्यक अनुसार शिक्षकले सहजिकारण गर्ने<br>• विद्यार्थीलाई प्रत्यक्ष रुपमा प्रयोग गर्न लगाउने | • कम्प्युटरको परिचय बताउन लगाउने<br>• कम्प्युटरको ब्राण्डका आधारमा वर्गिकरण गरी बताउन लगाउने | ८ |
| ४ | १०.१ कम्प्यूटरको भौतिक अंगहरुको चिनरी<br>१०.२ Input and Output device | • भौतिक अंगहरुको परिचय सहित कम्प्यूटर खोल्ने तरिका<br>• Input and Output device (जस्तै माउस, किवोर्ड आदिको कार्य | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • वास्तविक कम्प्युटरको प्रयोग गरी विभिन्न अंगहरुको सिकाइ सहजिकरण गर्ने,<br>• Input and Output device को परिचय सहित जस्तै माउस, किवोर्ड आदिको प्रयोगसँगै यसका कार्यको शिक्षकले सहजिकरण गने<br>• Input and Output device का सामाग्रीहरुका नाम बताउन लगाउने | • कम्प्युटरको प्रयोग गरी अंगहरुको नाम चिनेर भन्न लगाउने<br>• Input and output device का नाम वताउन र लेख्न लगाउने | १० |
| ५ | १०.३ कम्प्यूटरमा Point मार्फत चित्र निमार्ण<br>१०.४ कम्प्यूटरमा File वनाई save गर्न, | • कम्प्यूटरको:Ms Point Open गर्ने तरिका<br>• कम्प्यूटरको:Ms Point Open गरी त्यसमा भएका विभिन्न Tools हरुको प्रयोग गरी विभिन्न चित्रहरु निमार्ण तथा रंग भर्ने (जस्तै : घर, चरा आदि)<br>• कम्प्यूटरमा File बनाइ Folder मा Save गर्न | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • कम्प्यूटरको:Ms Point Open गर्ने तरिकामा विद्यार्थीहरुलाइ सहजिकरण गर्ने,<br>• शिक्षकको सहायतामा विद्यार्थीहरुलाई कम्प्यूटरको:Ms Point Open गरी त्यसमा भएका विभिन्न Tools हरुको प्रयोग गरी विभिन्न चित्रहरुको निमार्ण तथा रंग भर्न सहजिकरण गर्ने (जस्तै : घर, चरा आदि)<br>• शिक्षकको सहायतामा विद्यार्थीहरुलाई कम्प्यूटरमा File बनाइ Folder मा Save गर्न शिक्षकले सहजिकारण गर्ने, | • Ms Point Open गरी विभिन्न चित्रहरु निर्माण गरी देखाउन लगाउने<br>• Ms Point open को File बनाइ Folder मा Save गर्ने लगाउने<br>• विभिन्न प्रयोगात्मक कार्य गराउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | १०.४ कम्प्यूटरमा प्रयोग हुने Ms office वारे जानकारी<br>१०.५ Ms word,Tool bar को जनाकारी<br>१०.६ Internet को जानकारी | • कम्प्यूटरमा प्रयोग हुने Ms Office भित्र (word, Excel) बारे जानकारी<br>• Ms Word को विभिन्न Tools bar( Home, Insetr, Page Layout )जस्ता Tools को जानकारी<br>• Internate को परिचय र प्रयोग | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • कम्प्यूटर तथा ल्याप्टपको सहायतामा विद्यार्थीहरुलाई शिक्षण सिकाइको योजना निमार्ण गरी Ms office को सामान्य जानकारी सहित Ms word को Tools र Internate को प्रयोग बारे सहजिकारण गर्ने | • परियोजना तथा प्रयोगात्मक कार्य गर्न लगाउने | १० |
| ७ | १०.१ कम्प्यूटर भाइरस, सम्वन्धि जानकारी<br>१०.२ कम्प्युटरमा एक्सलको प्रयोग<br>१०.३ Ms Word मा अंग्रेजी टाइप | • कम्प्यूटर भाइरसको परिचय सहति यसको प्रयोग,<br>• Excel को जानकारी सहित यसको प्रयोग<br>• Ms word मा अंग्रेजी टाइप गर्ने सिप | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • प्रयोगात्मक विधिद्धारा कम्प्यूटर भाइरसको परिचय सहति यसको प्रयोग गर्न सहजिकरण गर्ने<br>• प्रयोगात्मक विधिद्धारा Excel को जानकारी सहित यसको प्रयोग गर्न सहजिकरण गर्ने<br>• प्रयोगात्मक विधिद्धारा Ms word मा अंग्रेजी टाइप गर्न सहजिकण गर्ने | • परियोजना तथा प्रयोगात्मक कार्य गर्न लगाउन | १० |
| | १०.१Ms Word मा Home, insert page Layout, Designs को प्रयोग<br>१०.२ Email Internet को प्रयोग<br>१०.३ Cyber सुरक्षा र कानुनी प्रावधान | • Ms Word मा Home, insert page Layout, Designs को प्रयोगात्मकद्धारा प्रयाग गर्न<br>• Email को प्रयोग र निमार्ण<br>• Cyber सुरक्षा र कानुनी प्रावधानको जानकारी | • कम्प्यूटको चित्र, शब्दपत्ति चित्र पत्ति, चार्ट, वास्तविक वस्तु आदि | • Ms Word मा Home, insert page Layout, Designs को प्रयोगात्मकद्धारा प्रयाग गर्न शिक्षकले सहजिकरण गर्ने<br>• Email को प्रयोग र निमार्ण गर्न सहजिकरण गर्ने<br>• Cyber सुरक्षा र कानुनी प्रावधानका बारेमा जानकारी गराइ सुरक्षाका उपायहरु बताइदिने | • परियोजना तथा प्रयोगात्मक कार्य गर्न लगाउन | १० |

## क्षेत्र ११ : सामान्य ज्ञान

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ११.१ नाता बताउन<br>११.२ पेसा र कार्य भन्न<br>११.३ शरिरका अंग र कार्य बताउन | • आफ्नो संयुक्त परिवार नाता सम्वन्धका बारेमा विस्तृत जानाकारी<br>• स्थानीय स्तरमा अपनाउने पेशा र कार्य सूचि तिम्रो शरीरका अंग र कार्य तरिका | • परिवार नाता सम्वन्धका फोटो श्रव्यदृश्य सामग्रीहरु<br>• पेशा र कार्य सम्बन्धी पोस्टर,<br>• शरीरका अंग र कार्य तलिका श्रव्यदृश्य सामग्रीहरु | • संयुक्त परिवार नाता सम्वन्ध झल्कने अभिनय गर्न लगाउने<br>• स्थानीय पेशा व्यवसायको अवलोकन<br>• शरीरका अंग र कार्य प्रदर्शन | • संयुक्त परिवार नाता सोध्ने ।<br>• स्थानीय पेशा र कार्य सोध्ने<br>• शरीरका अंग र कार्य पहिचान गराउने | ६ |
| २ | ११.१ आफ्नो वडा भौगोलिक जानाकारी<br>११.२ आफ्नो गाउँपालिकाको परिचय | • आफ्नो वडाको चार सिमाना सम्बन्धी जानाकारी<br>• गाउँपालिका भित्रका वडा संख्या<br>, | • वडाको नक्सा<br>• गाउँपालिकाको नक्सा मैदान, समथर, खोँच बुझाउने भिडियो, दृश्य सामग्री | • आफ्नो वडा वरिपरि अवलोकन गराइ सिमाना पहिचान गराउने<br>• हाम्रो गाउँपालिकाको भौगोलिक अवस्थिति देखाउने सामग्री प्रयोग गाउँपालिकाको चित्र देखाइ त्यसका वडा सङ्ख्याहरु, गाउँपालिकाको केन्द्र र गाउँपालिकाको चार सिमानाका ठाउँहरुको नाम बताईदिने । जस्तैः जम्मा नौ वडामा विभाजन भएको छ ।<br>• गाउँपालिकाका परिचय सम्बन्धी भिडियो वा वृत्तचित्र देखाउने | • आफ्नो वडाको क्षेत्रफल सोध्ने ।<br>• आफ्नो वडाका मुख्य ठाँउहरु चिन्न लगाउने । बहुबैकलिपक प्रश्नहरु गर्ने ।<br>• फोटो र शब्दको जोडा मिलाउन दिने । आफू बसोबास गर्ने वडाको सिमाना अभिभावकलाई सोधेर लेख्न लगाउन | ६ |
| ३ | ११.१ आफ्नो जिल्लाका सामान्य परिचय<br>११.२ आफ्नो जिल्ला भित्रका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम भन्न | • आफ्नो जिल्लाको नाम, स्थानीय तह, चार सिमाना,<br>• जल्ला भित्रका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको छोटो परिचय | • पर्वत जिल्लाको नक्सा<br>• जिल्ला भित्रका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको फोटो भिडियो | • पर्वत जिल्लाका समग्र उचाइ हावापानी, मौसम, भौगोलिक बनावटको सूची बनाइ परिचय सहित प्रस्तुत गर्ने ।<br>• स्थानीय तहहरुको नाम बताई भौगोलिक अवस्थितिको जानाकारी दिने जिल्लाको चित्र देखाइ त्यसका पालिका सङ्ख्याहरु, गाउँपालिकाको केन्द्र र चारै किल्लाका सिमानाबारे नक्सामा देखाइ प्रश्नोत्तर गर्ने ।<br>• जिल्लाको भूगोल सम्बन्धी श्रव्यदृश्य सामग्री खोजी गरी प्रस्तुत गर्ने र छलफल गर्ने | • आफ्नो जिल्लाको नाम, स्थानीय तह,क्षेत्रफल केन्द्र अवस्थितिको बारेमा सोध्ने<br>• आफ्नो जिल्लाका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको परिचय सोध्ने जिल्ला सामान्य नक्सा बनाउन लगाउने र चार सिमानाको नाम लेख्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ११.१ गगण्डकी प्रदेशको नक्सा,<br>११.२ ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी जिल्ला का नाम चिनेर बताउन<br>११.३ण्डकी प्रदेशको भौगोलिक अवस्थिति बताउन | • गण्डकी प्रदेशको नक्सा, ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी जिल्लाको विवरण<br>• गण्डकी प्रदेशको भौगोलिक नक्साको जानाकारी,<br>• ऐतिहासिक पृष्ठभूमि र परिचय जानकारी | • देशको नक्सा<br>• देशको प्रोफइल<br>• प्रदेशको डकुमेन्ट्री | • प्रदेशको स्थापना र यसको ऐतिहासिक परिचय कसरी, के आधारमा गण्डकी रहन गयो भन्नेवारेमा लेखिएका ऐतिहासिक दस्तावेजहरु खोजी गरी प्रस्तुत गर्ने ।<br>• प्रदेशको चित्र देखाइ त्यसका जिल्ला सङ्ख्याहरु नक्सामा देखाइ प्रश्नोत्तर गर्ने ।<br>• प्रदेशको नक्सा स्परुप कोर्न सिकाउने, चार दिशा छुट्याउन सिकाउने र सिमानाका ठाउँहरुको नाम बताईदिने । | • प्रदेशको नामाकरण सम्बन्धी ऐतिहासिक परिचय दिन लगाउने ।<br>• प्रद्शको नक्सा बनाउन लगाइ चार सिमाना र जिल्लाहरु छुट्याउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ८ |
| ४ | ११.१ गण्डकी प्रदेशको ऐतिहासिक पृष्ठभूमि बताउन<br>११.२ गण्डकी प्रदेशको प्राकृतिक सम्पदाका सूचि बनाउन | • गण्डकी प्रदेशको क्षेत्रको ऐतिहासिक दस्तावेज<br>• गण्डकी प्रदेशको प्राकृतिक स्रोत साधन सम्वन्धी जानाकारी | • गण्डकी प्रदेशको सम्बन्धी जानकारी मुलक लेखरचना, बुलेटिनि ,स्मारिका<br>• गाण्डकी प्रदेशको भौगोलिक नक्सा,श्रव्य दृश्य सामग्री | • गण्डकी प्रदेशको भौगोलिक,राजनैतिक ऐतिहासिक ,प्राकृतिक सम्पदा क्रियाकलाप समेटिएको डकुमेन्ट्री प्रदर्शन गरि सहजिकरण गर्ने<br>• नक्सा वा भिडियो, वा फोटो देखाइ महत्वपूर्ण ठाउँहरूको भौगोलिक अवस्था बर्णन गर्ने । | • आफू बसेको गण्डकी प्रदेशका भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने ।<br>• गण्डकी प्रदेशका भौगोलिक नक्सा सहित वर्णन गर्न लगाउने ।<br>• गण्डकी प्रदेशका प्राकृतिक स्रोत पहिचान गर्न लगाउने | ८ |
| ५ | ११.१ गण्डकी प्रदेशको ऐतिहासिक पृष्ठभूमि बताउन<br>११.२गण्डकी प्रदेशको प्राकृतिक सम्पदाका सूचि बनाउन | • गण्डकी प्रदेशको क्षेत्रको ऐतिहासिक दस्तावेज<br>• गण्डकी प्रदेशको प्राकृतिक स्रोत साधन सम्वन्धी जानाकारी | • गण्डकी प्रदेशको सम्बन्धी जानकारी मुलक लेख रचना,बुलेटिन ,स्मारिका<br>• गण्डकी प्रदेशको भौगोलिक नक्सा,श्रव्यद्रश्य दृश्य सामग्री | • गण्डकी प्रदेशको भौगोलिक,राजनैतिक ऐतिहासिक ,प्राकृतिक सम्पदा क्रियाकलाप समेटिएको डकुमेन्ट्री प्रदर्शन गरि सहजिकरण गर्ने<br>• नक्सा वा भिडियो, वा फोटो देखाइ महत्वपूर्ण ठाउँहरूको भौगोलिक अवस्था बर्णन गर्ने । गण्डकी प्रदेश सम्बन्धीको लेख, रचना, भिडियो आदि खोजी गरी कक्षामा प्रस्तुत गर्ने । | • आफू बसेको गण्डकी प्रदेशका भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने ।<br>• गण्डकी प्रदेशका भौगोलिक नक्सा सहित वर्णन गर्न लगाउने ।<br>• गण्डकी प्रदेशका प्राकृतिक स्रोत पहिचान गर्न लगाउने गण्डकी प्रदेशका परिचय नामाकरणको ऐतिहासिक पृष्ठभूमिबारे लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• क्षेत्रगत भ्रमणका आधारमा कुनै एक क्षेत्रको परिचय लेखी कक्षामा प्रस्तुत गर्न लगाउने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ११.१ नेपालको भूगोल सम्वन्धी सामान्य जानाकारी दिन<br>११.२ नेपालको इतिहास सम्वन्धी जानाकारी दिन | • नेपालको भौगोलिक जानाकारी<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय | • नेपालको भौगोलिक जानाकारी चार्ट,ग्लोब ,नक्सा<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय सम्वन्धी सामग्री | • नेपालले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>• नेपालको नक्सा देखाइ वरिपरीका सिमानाहरूको जानकारी दिने ।<br>• नेपालको सामान्य नक्सा बनाइ त्यसमा सङ्केत/चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षाश र देशान्तर छुट्याउन सिकाउने<br>• दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि झल्कने डकुमेन्ट्री<br>• प्रदेश नामकरणको ऐतिहासिक पृष्ठभूमी सम्वन्धीको लेख, रचना, भिडियो आदि खोजी गरी कक्षामा प्रस्तुत गर्ने । | • नेपालको नक्सामा सीमानाको चार किल्ला छुट्याई, सङ्केत सहितको नक्सा बनाउन लगाउने ।<br>• नक्सामा आफ्नो प्रदेश जिल्ला छुट्याउन लगाउने ।<br>• नेपालको इतिहास सम्वन्धी बहुबैकल्पिक प्रश्नहरु गर्ने । देश नामाकरणको ऐतिहासिक पृष्ठभूमि सहित परिचय लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• क्षेत्रगत भ्रमणका आधारमा कुनै एक क्षेत्रको परिचय लेखी कक्षामा प्रस्तुत गर्न लगाउने । | १० |
| ७ | ११.१ अर्न्तराष्ट्रिय भूगोल सम्वन्धी सामान्य जानाकारी दिन<br>११.२ अर्न्तराष्ट्रिय इतिहास सम्वन्धी जानाकारी दिन<br>११.३ वैज्ञानिक आविस्कार सम्वन्धी बताउन | • अर्न्तराष्ट्रिय भौगोलिक जानाकारी<br>• अर्न्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय<br>• प्रमुख वैज्ञानिक आविस्कार सम्वन्धी जानाकारी | • अर्न्तराष्ट्रिय भौगोलिक जानाकारी चार्ट,ग्लोब, नक्सा<br>• अर्न्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय सम्वन्धी सामग्री<br>• वैज्ञानिक आविस्कार सम्वन्धी श्रव्यदृश्य सामग्रीहरु | • अर्न्तराष्ट्रिय क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>• अर्न्तराष्ट्रिय ग्लोब देखाइ वरिपरीका सिमानाहरूको जानकारी दिने ।<br>• अर्न्तराष्ट्रिय सामान्य नक्सा बनाइ त्यसमा सङ्केत/चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षास र देशान्तर छुट्याउन सिकाउने ।<br>• दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।<br>• अर्न्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि झल्कने डकुमेन्ट्री | • नक्सामा अर्न्तराष्ट्रिय सीमानाको चार किल्ला छुट्याई, सङ्केत सहितको नक्सा बनाउन लगाउने ।<br>• अर्न्तराष्ट्रिय इतिहास सम्वन्धी बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>• वैज्ञानिक आविस्कार सम्वन्धी बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ११.१ नेपालको भूगोल सम्वन्धी सामान्य जानाकारी दिन<br>११.२ नेपालको इतिहास सम्वन्धी जानाकारी दिन<br>११.३ वैज्ञानिक आविस्कार सम्वन्धी बताउन | • नेपालको भौगोलिक जानाकारी<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय<br>• प्रमुख वैज्ञानिक आविस्कार सम्वन्धी जानाकारी | • नेपालको भौगोलिक जानाकारी चार्ट,ग्लोब, नक्सा<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय सम्वन्धी सामग्री<br>• वैज्ञानिक आविस्कार सम्वन्धी श्रव्यदृश्य सामग्रीहरु | • नेपालले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>• नेपालको नक्सा देखाइ वरिपरीका सिमानाहरूको जानकारी दिने ।<br>• नेपालको सामान्य नक्सा बनाइ त्यसमा सङ्केत/चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षास र देशान्तर छुट्याउन सिकाउने ।<br>• दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।<br>• नेपालको ऐतिहासिक पृष्ठभूमि झल्कने डकुमेन्ट्री नेपाल नामकरणको ऐतिहासिक पृष्ठभूमी सम्बन्धीको लेख, रचना, भिडियो आदि खोजी गरी कक्षामा प्रस्तुत गर्ने<br>• वैज्ञानिक आविस्कार सम्वन्धी श्रव्यदृश्य सामग्रीहरु देखाइ टिपोट गर्ने | • नेपालको नक्सामा सीमानाको चार किल्ला छुट्याई, सङ्केत सहितको नक्सा बनाउन लगाउने ।<br>• नेपालको नक्सा बनाउन लगाउन।<br>• नेपालको इतिहास सम्वन्धी बहुबैकल्पिक प्रश्नहरु गर्ने । संघीय संरचनाको चार्ट बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• वैज्ञानिक आविस्कार सम्वन्धी बहुबैकल्पिक प्रश्नहरु गर्ने । | १२ |

## क्षेत्र : १२ जीवनोयोगी सिप

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | १२.१ दैनिक घरायसी सामग्रीको नाम बताउन | • दैनिक घरायसी सामग्री जस्तैः कुचो ,डालो , ,नाम्लो ,डोको | • वास्तविक वस्तु ,चित्र , श्रव्य दृश्य सामग्री | • वास्तविक वस्तु देखाई तिनको प्रयोग र उपयोगिता सम्बन्धमा छलफल गर्ने | • कुचोडोको डालोको , चित्र र शब्दबिच जोडा मिलाउन लगाउने<br>• छोटा छोटा प्रश्नहरू सोध्ने | ११ |
| २ | १२.१ दैनिक घरयासी सामग्रीको प्रयोग बताउन | • दैनिक -घरायसी | • वास्तविक | • कुचोको चित्र वा वस्तु | • मौखिक प्रश्नोत्तरजोडा , | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १२.२ घरयासी सामग्री बनाउने तरिका बताउन | सामग्री जस्तैः कुचो ,नाम्लो ,डालो , आदिको प्रयोग | वस्तु , चित्र , भिडियो | देखाउँदै मस्तिक मन्थन गर्ने साथै कुचोको निर्माण प्रक्रियाबारे छलफल प्रश्नोत्तर गर्ने | मिलानेअभ्यासखाली , ठाउँ भर्ने | |
| ३ | १२.१ घरमा निमार्ण गरिने सामाग्रीहरुको प्रयोग भन्न<br>१२.२हाते सिप प्रयोग गरी कार्डबोडबाट घर , मन्दिर बनाउन | • दैनिकप्रयोगका घरायसी सामग्री डोकोको प्रयोग<br>• कार्डबोड्बाट विभिन्न सामग्री बनाउने जस्तै घर मन्दिर | • वास्तविक वस्तु , चित्र , भिडियोचित्र , भिडियो ,फोटो | • डोकोको प्रयोग सम्बन्धमा प्रश्नोत्तरछलफल ,<br>• कार्डबोडबाट वनाएइका सामग्रीको प्रदर्शन र छलफल | • डोकोको प्रयोग सम्बन्धी प्रश्नोत्तर गर्ने<br>• कार्डबोडबाट घर मन्दिर आदि बनाउन लगाउने | १२ |
| ४ | १२.१ निर्माण सिप हाते सिपका अन्तर्गत चित्र बनाउन | • माटाका भाँडा , कागतको फुल र चित्र<br>• आफ्नो वरिपरि रहेका जीव वनस्पतिको चित्र बनाउने | • चित्र , ,फोटो भिडियो<br>• चित्रकला का सामग्री | • प्रयोगात्मक अभ्यास<br>• चित्र बनाउने अभ्यास गराउने | • माटाका भाँडा बनाउन लगाउने<br>• मान्छेजीव र , बनस्पतिको चित्र बनाउन लगाउने | ११ |
| ५ | १२.१ परम्परागत ज्ञान र सिपको परिचय दिन<br>• औजार तथा हतियार बनाउने सिपको वर्णन गर्न<br>• चिठ्ठी लेखन<br>१२.२ खानाका परिका/ वनाउने सीप अन्तर्गत आलु | • स्थानीय रूपमा प्रयोग हुँदै आएका परम्पतागत सिप जस्तैः सिलाई बुनाई सिप , औजार निर्माण गरने तथा अर्जाप्रे सिप | • आरनको फोटो, चिठीका नमुनाहरू आलु उसिन्ने तरिकाहरूको सूची | • तस्विरको प्रस्तुति र छलफल<br>• प्रयोगात्मक विधि | • मौखिक प्रश्न<br>• प्रयोग अभ्यास | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उसिन्ने तरिका जान्न | घरायसी चिठी लेखन सिप<br>• खानाका परिकार अन्तर्गत आलु उसिन्ने तरिका | | | | |
| ६ | १२.१ जीवनउपयोगी तथा घरेलु सिप परिचय दिन<br>• आत्मव्यवस्थापन सिपको अवधारणा बताउन<br>• निवेदन लेख्न<br>• रोटी बनाउने तरिकाको वर्णन गर्न | • जीवनोपयोगी सिपको परिचय<br>• आत्मव्यवस्थापन सीप आत्मनियन्त्रण सिप आत्ममूल्याङ्क सिप<br>• कार्यालयीय चिठी अन्तर्गत निवेदन लेखन<br>• गहुँकोपिठोको सुख्खा रोटी बनाउने | • आम्ममूल्याङ्क फाराम<br>• आत्मनियन्त्रण गर्ने उपायहरूको सूची | • आम्ममूल्याङ्कनका लागि प्रश्नहरू दिइ छलफल गराउने<br>• निवेदनका नमुनाहरूको प्रस्तुति र छलफल<br>• रोटी बनाउने अभ्यास | • दैनिकी लेखन गराउने<br>• निवेदन लेख्न लगाउने<br>• रोटी बनाउन लगाउने | १२ |
| ७ | १२.१ व्यक्तिगत तथा सामाजिक सिप विकास गर्न<br>• द्वोन्द्ध तथा तनाव व्यवस्थापनको आवधारणा बताउन<br>• भरपाई लेख्न भात पकाउने तरिका वर्णन गर्न | • द्वन्द्वको परिचय र व्यवस्थापन<br>• भरपाई लेखन<br>• भात पकाउने आवश्यक सामग्री र पकाउने तरिका | • मुद्रित सामग्री<br>• श्रब्यदृश्य सामग्री<br>• भरपाईको नमुना ,<br>• पाककालाका नियम | • मुद्रित सामग्रीको प्रस्तुती र छलफल गराउने<br>• भरपाईको नमुना प्रस्तुत गरी लेख्न लगाउने भात पकाउने अभ्यास | • द्वन्द्व व्यवस्थापनको अवधारणा बताउन लगाउने<br>• कुनै सन्दर्भ दिइ भरपाई लेख्न लगाउने<br>• भात पकाउने प्रयोग अभ्यास गराउने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | १२.२ व्यक्तिगत तथा समाजिक सिपको अवलम्वन र प्रयोग गर्न<br>• माइन्युट लेख्न<br>• भाषण तथा उदघोषण कलाको विकास गर्न<br>• खिर र हलुवा वनाउने तरिका वर्णन गर्न | • व्यक्तिगत सिप तथा सामाजिक सिप को अवधारणा<br>• माइन्युट लेखन भाषण तथा उद्घोषण<br>• खिर र हलुवा बनाउने तरिका र प्रयोग अभ्यास | • बुँदासुची माइन्युटका नमुना<br>• भाषण तथा उद्घोषणको नमुना<br>• खिर र हलुवा वनाउने तरिकाको वुँदाहरू | • छलफललेखन ,अन्तर्क्रिया , भाषण उद्घोषण<br>• प्रयोगात्मक अभ्यास | • व्यक्तिगत र सामाजिक सीपको अवधारणा वताउन लगाउने<br>• भाषण तथा उद्घोषण गराउन लगाउने<br>• माइन्युट लेख्न लगाउने<br>• प्रयोगात्मक अभ्यास | १२ |

## क्षेत्र १३ : धार्मिक तथा नैतिक मुल्य मान्यता

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | १३.१ आफ्ना असल बानी बताउन | ● आफ्ना असल बानीहरु जस्तै सत्य बोल्ने , अनुशासित रहने , परिश्रम गर्ने , सहयोगी हुने, शिष्ट व्यबहार गर्ने , सरसफाइ मा ध्यान दिने आदी | ● असल बानी र व्यवहार प्रदर्शन गरेका चित्र , भिडियो ,पोष्टर | ● विद्यार्थीका असल बानीहरु के के छन भन्न लगाउने र असल बानीले हामीलाई हुने फाइदा का बारेमा छलफल अर्न्तक्रिया गर्ने | ● तिम्रा असल बानीहरु के के छन् लेख । ● बहुबैकल्पिक प्रश्नहरु | ८ |
| २ | १३.१ सदाचार को परिचय दिन ● सदाचार युक्त आचारण बताउन | ● सदाचार को परिचय र सदाचारयुक्त आचरण जस्तै सत्य बोल्ने इमान्दार हुने, आदर र सम्मान गर्ने, समाजसेवी हुने, परोपकारी हुने आदी ● सामाजिक सद्भाव को परिचय महत्व र सकारात्मक प्रभाव | ● सदाचारयुक्त आचरण झल्कने खालका चित्र पोष्टर , श्रव्य दृश्य सामग्री ● सामाजिक सद्भाव झल्कने चित्र , पोष्टर , श्रव्यदृश्य सामग्री चार्ट पेपरमा ओम लेखिएको | ● सदाचार को परिचय र सदाचारयुक्त आचरण का बारेमा छलफल अर्न्तक्रिया पश्नावली गर्ने ● सामाजिक सद्भाव को परिचय र सामाजिक सद्भावयुक्त | ● सदाचारको परिचय दिन र सदाचारयुक्त आचरणको सुचि तयार गर्ने ● सामाजिक सद्भाव को परिचय दिन र | ८ |
| ३ | १३.१ सामाजिक सद्भावको परिचय दिन ● मेलमिलापको आवश्यकता र महत्व वताउन | ● सामाजिक सद्भाव को उदाहरण सहित परिचय ● मेलमिलापको महत्व र सकारात्मक प्रभाव र आश्कता | ● सामाजिक सद्भाव झल्कने चित्र , पोष्टर , श्रव्यदृश्य सामग्री | ● सामाजिक सद्भाव को परिचय र सामाजिक सद्भावयुक्त आचरण का बारेमा छलफल अर्न्तक्रिया प्रश्नावली गर्ने ● सहयोग तथा मेलमिलाप बारे विद्यार्थीहरु विच संवाद गर्न लगाउने | ● सामाजिक सद्भाव को परिचय दिन र सामाजिक सद्भाव झल्कने पोष्टर तयार गर्न लगउने | ८ |
| ४ | १३.१ ॐ कार ध्वनी ॐ कार ध्वनीको परीचय र महत्व भन्न | ● ॐ कार ध्वनीको परिचय र यसको धार्मिक,सांस्कृतिक र वैज्ञानिक महत्व ● ॐ कार ध्वनि उच्चारण र यसको प्रभाव | ● चित्र,भिडियो वा अडियो क्लिप(ओमकार ध्वनिको उच्चारण), पवित्र ग्रन्थहरुवाट सन्दर्भ सामग्रीहरु | ● विद्यार्थीहरुलाई ॐ ध्वनिको परिचय र महत्व वारेमा प्रश्नावली, अर्न्तक्रिया, चित्र वा अडियो प्रदर्शनि, समूह छलफल गर्ने र प्रयोग गर्न लगाउने | ● ॐ कार ध्वनिको परिचय र महत्व व्याख्या गर्न लगाउने, विद्यार्थीहरुले उच्चारण गर्दा आत्मानुभूति गर्न सके वा नसकेको बुझ्ने, समूह छलफलमा उनीहरुको सहभागीता हेन | ८ |
| ५ | १३.१ नेतृत्व विकास ● नेतृत्वको अर्थ ● नेतृत्व विकासका आधारभूत गुणहरु ● नेतृत्व क्षमता वृद्धि गर्ने | ● सरस्वती माताको परिचय, विद्यालयमा सरस्वती वन्दना गाउनुको कारण र महत्व, सरस्वती मातालाई पुज्ने तरीका , विद्यालयमा सरस्वती पुजाको महत्व | ● पाठ्पुस्तक, चार्ट पेपरमा लेखिएको सरस्वती वन्दना, चित्रहरु , श्रव्यदृश्य सामग्री | ● प्रश्नोत्तर, जस्तैः तिमीहरुको टोलमा वा विद्यालयमा कस्ले राम्रो नेतृत्व गर्छ? नेतृत्व भन्नाले के बुझिन्छः ( विद्यार्थीका उत्तर सुन्ने), कथा प्रस्तुती, नेतृत्व विकासका | ● नेतृत्व भनेको के हो? नेतृत्व विकासका प्रमुख गुणहरु के -के हुन सक्लान ? भन्न लगाउने , विद्यार्थीलाई आफ्नै घर, विद्यालय वा | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तरिकाहरु<br>१३.२सरस्वती वन्दना<br>• सरस्वती वन्दना सस्वर वाचन गर्न र यसको महत्व | | | लागी आवश्यक गुणहरुको प्रस्तुती, समूह कार्य, छलफल<br>• सरस्वती वन्दनाको सस्वर वाचन, सरस्वती वन्दनाका प्रत्येक हरफको अर्थ ,व्याख्या, लेखनकार्य , छलफल, प्रश्नोत्त | समुदायमा रहेका कुनै राम्रो नेता वावु, आमा, शिक्षक, समाजसेवी को नाम लेख्नु लगाउने र उनीहरुको गुण लेख्नु लगाउने ।<br>• घरमा गएर परिवारका जेष्ठ व्यक्तिसँग सरस्वती पुजाको वारेमा जानकारी लिन लगाउने।, सरस्वती माताको चित्र वा मुर्ति खोजेर वर्णन गर्न लगाउने । | |
| ६ | १३.१ पुजा र प्रार्थना<br>• आफ्ना इष्ट देवका पुजा र प्रार्थनाको अर्थ र महत्व | • विभिन्न धार्मिक समुदायका इष्ट देवताहरुको परिचय,<br>• कुनै पनि देवी देवताप्रति सम्मान प्रकट गरिने विधि पुजा र परमेश्वर वा देवी देवता सँग आर्शिवाद प्राप्त गर्न, धन्यवाद दिन वा आत्मिक शान्तिका लागी संवाद गर्ने प्रक्रिया प्रार्थना, | • पुजा र प्रर्थाना गरेका धार्मिक चित्र, पोष्टर, श्रव्यदृश्य सामग्री, धार्मिक कथाहरु | • समुहगत छलफल, अन्तर्क्रिया, प्रश्नोत्तर, लेखनकार्य, परियोजना कार्य | • हामी किन हाम्रा इष्ट देवको पुजा वा प्रार्थना गर्छौ भन्ने शिर्षकमा छोटो लेख लेख्न लगाउने, विभिन्न धार्मिक समूदायमा गरिने इष्ट देवताको पुजा र प्रार्थनाको अर्थ र महत्व वारे वहुवैकल्पिक प्रश्नहरु | ८ |
| ७ | १३.१ धार्मिक संस्कार र कियाकलाप परिचय उदाहरण र तिनको मह्त्व<br>• न्वारान तथा पास्नी संस्कार<br>• वर्तवन्ध संस्कार<br>• मृत्यु संस्कार | • धार्मिक संस्कार को परिचय र विभिन्न कृयाकलाप को उदाहरण जस्तै न्वारन , बर्तबन्ध , विवाह , अन्त्येष्टि वा मृत्यु संस्कार<br>• विभिन्न धर्म र सम्प्रदायमा जन्मदेखि मृत्युसम्म गरिने पवित्र तथा परम्परागत कर्मकाण्डहरुको परिचय र सामाजिक, सांस्कृतिक र धार्मिक मह्त्व | • धार्मिक कृयाकलाप गरिरहेका चित्र , फोटो , श्रव्यदृश्य सामग्री , प्रत्यक्ष अवलोकन | • विभिन्न धार्मिक कृयाकलाप मा संलग्न भएका विधार्थीका अनुभव र धारणा को आदान प्रदान , प्रश्नोत्तर , छलफल, प्रत्यक्ष<br>• अवलोकन , समुह कार्य आदी | • प्रश्नावली ,मानव जीवनमा धार्मिक कृयाकलापहरुको धार्मिक , सांस्कृतिक र बैज्ञानिक महत्व बारे वक्तृत्वकला प्रतियोगित संचालन गर्ने | १० |
| ८ | १३.१ धर्मको सार तथा सन्देश बताउन<br>• नैतिक शिक्षा र मानवता<br>• मानवियमूल्यमान्यता<br>• विश्व शान्ति र एकताको | • धर्मको परिभाषा सबै धर्मको सार सन्देश तिनले समाजमा खेल्ने भुमिका र मह्त्व , नैतिक शिक्षा र मानवता, मानविय मुल्य मान्यता , विश्व शान्ति र एकताको परिचय र महत्व का बारेमा व्याख्या | • धार्मिक कृयाकलाप गरिरहेका चित्र , फोटो , श्रव्यदृश्य सामग्री , प्रत्यक्ष अवलोकन | • विभिन्न धार्मिक समुदायबाट यस्ता धार्मिक कृयाकलाप मा संलग्न भएका विधार्थीका अनुभव र धारणा को आदान प्रदान , प्रश्नोत्तर , छलफल, प्रत्यक्ष अवलोकन , समुह कार्य आदी | • प्रश्नोत्तर, बहुबैकल्पिक प्रश्नहरु , सबै धर्मको एकै सार र धर्मले हाम्रो समाजमा पार्ने सकारात्मक प्रभाव शिर्षक मा निवन्ध लेखन | १० |

## ९. सिकाइ सहजीकरण प्रक्रिया

जलजला गाउँपालिकाको स्थानीय पाठ्यक्रममा स्थानिय रुपमा रहेका विभिन्न विषय क्षेत्रलाई समावेश गरिएको छ । यस स्थानीय पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरू बीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेबमा आधारित सामम्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण गर्न देहायका विधिहरु अपनाउन सकिनेछ :

(क) **आधारभूत शिक्षण विधि:**छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, परियोजना आदिको आधारमा शिक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्दछ ।

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमुलक अनुसन्धान, मामला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन आदि सिर्जनात्मक तरिकाबाट शिक्षण गर्नु पर्दछ ।

(ग) **बैकल्पिक शिक्षण विधि :**भित्ते सामग्री प्रदर्शन विधि, श्रब्यदृश्य विधि, रैथाने विधि, संगीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, खेल खेल्ने विधि तथा सोच्ने,जोडामा काम गर्ने र आदनप्रदान गर्ने (Think Pair and Share ) पद्दतिबाट शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ ।

(घ) **अनुमान, अवलोकन र अन्वेषणमा आधारित विधि :** (Predict, Observe and Investigation): अध्यापन गराउनु पर्ने विषयवस्तुको गहिराई र समेट्न खोजेको क्षेत्रलाई अनुमान, अवलोकन र अन्वेषणको आधारमा सिक्ने वातावारणको सिर्जना गर्ने बानी बसाल्नु पर्दछ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस जलजला गाउँपालिका भित्रको स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ ।

- आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङकन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठयक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि निर्माणात्मक मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन र अक्षराङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative)पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical)दुबै अपनाउनु पर्नेछ ।
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रुपमा विद्यार्थीहरुले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङकन गर्ने प्रकृयालाई प्रोत्साहन गरिने छ ।
- प्रत्येक विद्याथीको कार्य सञ्चयिका (Portfolio)फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखि सोही आधारमा मूल्याङकन गरिने छ ।

- कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-८ को मूल्याङ्कन पश्चात विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङकन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई “क”, “ख” , “ग” र “घ” चार श्रेणीमा विभाजन गर्नुपर्दछ ।
- निर्माणात्मक मूल्याङकनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङकनमा अनुत्तीर्ण भएका विदयार्थीहरूका हकमा सम्बन्धित अभिभावक् , कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।
- विद्यार्थीहरुको मूल्ल्याङकन गर्दा ज्ञान तह (Knowledge Level)मा अति छोटा प्रश्नहरू, बोध तह(Understanding Level)का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities)का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेस गर्नु पर्नेछ ।
- प्रयोगात्मक क्रियाकलापको मूल्याङकन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता पक्षहरु समेटनु पर्नछ ।
- प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज,प्रकोप/बिपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ ।
- कक्षा १ देखि ३ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।
- विद्यार्थी मूल्याङ्कनसम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारुपमा उल्लेख गरेको प्रावधान प्रतिकुल नहुने गरी अनुसूचि (१) मा उल्लेख गरे बमोजिम हुनेछ ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठयक्रममा ् आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रकिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

यस पाठ्यक्रम आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ पाठयभार र वार्षिक १६० पाठ्यघण्टा निर्धारण गरिएको छ । प्रत्येक शैक्षिक सत्र बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा कम्तिमा २३० दिन विद्यालय खुल्नेछ र २२० दिन पठनपाठन हुनेछ । विद्यालय समय विहान १० बजे देखि दिउँसो ४ बजे सम्मको हुनेछ । शुक्रबारको दिन विद्यालय समय १० बजे देखि ३ बजे सम्म हुने छ । यो दिनमा २ बजे पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ । विद्यालयले आफ्नो आवश्कता तथा औचित्यको आधारमा थप विषय अध्यापन गराउन चाहेमा अतिरिक्त समयको व्यवस्थापन गर्नु पर्ने छ ।